सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ असार २०८२, बिहीबार (19 June 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ६७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ओली प्रधानमन्त्री भएयता थपियो दुई खर्ब ७१ अर्ब सरकारी ऋण

सार्वजनिक ऋण २७ खर्ब नाघ्यो
प्रतिव्यक्ति ९१ हजार ऋणको भार



मीनराज बसन्त/नयाँ पत्रिका

सार्वजनिक ऋणको आकार २७ खर्ब नाघेको छ। जेठ मसान्तसम्म सरकारले तिनुपर्ने आन्तरिक र बाह्य ऋणको आकार २६ खर्ब ५४ अर्ब ६६ करोड थियो। सोमबारको मन्त्रिपरिषद्ले थप ५० अर्ब ५१ करोड ऋण स्वीकृत गरेसँगै सार्वजनिक ऋणको आकार २७ खर्ब पाँच अर्ब १७ करोड पुग्नेछ। चालू आवको सुरुदेखि नै सरकारको नेतृत्व एमाले अध्यक्ष केपी ओलीले गरेका छन्।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले बुधबार जारी गरेको तथ्यांकअनुसार चालू आवको सुरुमा यस्तो ऋण २४ खर्ब ३४ अर्ब नौ करोड थियो। तर, ११ महिना (जेठ मसान्तसम्म) दुई खर्ब २० अर्ब ५८ करोड रुपैयाँ थपिएको छ। यो ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४३.४७ प्रतिशत हो।

- **साँवाब्याज बापत सवा तीन खर्ब भुक्तानी**
- **सोमबारको मन्त्रिपरिषद्बाट ५० अर्ब ऋण लिने निर्णय**

जेठ मसान्तसम्म सरकारले तिर्न बाँकी आन्तरिक ऋण १२ खर्ब ७२ अर्ब ५३ करोड र बाह्य ऋण १३ खर्ब ८२ अर्ब १२ करोड पुगेको छ। गत असारसम्ममा यस्तो ऋण आन्तरिकतर्फ ११ खर्ब ८० अर्ब ९० करोड र बाह्यतर्फ १२ खर्ब ५३ अर्ब १९ करोड थियो। सो ऋणमध्ये जिडिपीको तुलनामा आन्तरिकतर्फ २२.३१ प्रतिशत र बाह्यतर्फ २४.२३ प्रतिशतबराबर हो। कार्यालयको तथ्यांक र नेपालको जनसंख्यालाई तुलना गर्दा प्रतिव्यक्ति ऋण ९१ हजार २४ रुपैयाँबराबर पुगेको छ। यस्तो ऋण जनताले प्रत्यक्ष

» पृष्ठ २ मा क्रमशः

■ भिजिट भिसा प्रकरणबारे बृहत् नागरिक आन्दोलनले भन्यो-

तथ्यहरूले गृहमन्त्रीमाथि इंगित गरेको छ, निष्पक्ष अनुसन्धानका लागि मार्गप्रशस्त गर्नुपर्छ

■ गृहमन्त्रीमाथि छानबिन नभए आन्दोलनमा उत्रिने चेतावनी



■ नागरिक आन्दोलनमा आबद्ध अधिकारकर्मी मोहना अन्सारी भन्छिन्-



भिजिट भिसामा असुलीको विषय गम्भीर प्रकृतिको देखिन्छ। त्यसकारण यसमा कर्मचारीलाई देखाएर गृहमन्त्री जिम्मेवारीबाट पन्छिन मिल्दैन। अनुसन्धान निचोडमा पुऱ्याउन उहाँले राजीनामा दिनु उचित हुन्छ।

नवराज मैनाली/नयाँ पत्रिका

भिजिट भिसाको आवरणमा विमानस्थल अध्यागमनबाट भएको मानव तस्करीबारे अहिलेसम्मका जाँचका तथ्यहरू गृहमन्त्री रमेश लेखकतर्फ पनि सोझिएको भन्दै 'बृहत् नागरिक आन्दोलन'ले निष्पक्ष

» पृष्ठ २ मा क्रमशः

■ यसकारण गृहमन्त्रीमाथि अनुसन्धान

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मातहतका कर्मचारीमाथि अनुसन्धान गर्दैमा मन्त्रीले राजीनामा दिनु नपर्ने र त्यस्तो नजिर पनि नभएको दाबी गर्दै गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणमा पद नछाड्ने अड्डी कसेका छन्। तर, यो प्रकरणमा एउटा कर्मचारी मात्र नभई सिंगो अध्यागमन र त्यसलाई संरक्षण गर्ने गृह प्रशासनमाथि नै अनुसन्धान भइरहेको अख्तियारका अधिकारी बताउँछन्।
- अहिलेसम्मको अनुसन्धानमा गृहमन्त्री लेखकको संलग्नताको अकाट्य प्रमाण नभेटिए पनि परिस्थितिजन्य प्रमाणका आधारले उनको संरक्षण र मिलेमतो देखिने अख्तियार स्रोत बताउँछ। हाल अनुसन्धानको केन्द्रमा रहेका सहसचिव तीर्थराज भट्टराईलाई लेखकले नै रोजेर गत असोजमा विमानस्थल अध्यागमन प्रमुखको जिम्मेवारी दिएका थिए। उनी गएपछि भिजिट भिसामा असुली मात्र बढेन, 'मोस्ट वान्टेड'सहितका शंकास्पद भारतीयलाई समेत उडाउने क्रम बढेको थियो।
- यस विषयमा अख्तियारले बारम्बार पत्र लेख्दा पनि गृह मन्त्रालय नेतृत्वले छानबिनमा चासो नै दिएको थिएन। बरु चलखेलका आधारमा अध्यागमनमा दरबन्दीभन्दा धेरै कर्मचारी थुपाऱ्यो। यसरी केही कर्मचारी त गृहमन्त्रीको सचिवालयकै ठाडो निर्देशनमा पठाइएको स्रोत बताउँछ।
- भिजिट भिसामा मानव तस्करी बढेको भनेर नेपाल प्रहरी नेतृत्वले ब्रिफिङ गर्दा पनि गृहमन्त्री लेखकले सुधारमा कुनै चासो देखाएका थिएनन्। गत ३ पुसमा मानव बेचबिखन अनुसन्धान ब्युरोको टोली विमानस्थलमा खटाइएकोमा गृहकै निर्देशनमा एकै दिनमा फिर्ता गरिएको थियो।



- बेथिति चरम भएपछि अख्तियारले 'अन्डर कभर अप्रेसन' चलाई पैसासहित सहसचिव तीर्थराज भट्टराईलाई पक्राउ गर्ने तयारी गरेको पूर्वसूचना पाएपछि गृहमन्त्री लेखकले रातारात उनलाई सरुवा गरेका थिए। सरुवा गरेकै दिन गत ७ जेठमा अख्तियारले उनलाई नियन्त्रणमा लिएको थियो।
- आयोगको करिब एक महिना लामो अनुसन्धानमा सिंगो अध्यागमन प्रशासनकै मिलेमतोमा भिजिट भिसाको असुली चलेको देखिएको छ। अध्यागमनको 'फ्रन्ट डेस्क'मा बस्ने कर्मचारीलाई पनि आयोगले बयानमा बोलाउने तयारी गरेको छ।
- सहसचिव भट्टराईले भिजिट भिसाको सेटिङकै लागि गोप्य मोबाइलसमेत बोकेका थिए। ती मोबाइलमा भएका कुराकानी तथा डायरीमा लेखिएका विवरणका आधारमा अख्तियारले विस्तृत अनुसन्धान गरिरहेको छ। जसमा गृहका अधिकारीसँग पनि शंकास्पद संवाद भेटिएका छन्।
- विगतमा भिजिट भिसाको गिरोह चलाएकै आरोपमा प्रहरीले मुद्दा दायर गरेका अधिकृत विमल पौडेललाई मन्त्री लेखकले आफ्नो सचिवालयमा राखेका थिए। यो विषय बाहिर आएपछि पुरानो मिति राखेर उनको सरुवा गर्नुले पनि यस प्रकरणमा गृहमन्त्रीको सचिवालयको भूमिका शंकास्पद देखिन्छ।
- गृहमन्त्री लेखकले अख्तियारमा कार्यरत डिआइजी हिमालय श्रेष्ठलाई हठात् सरुवा गर्नुले पनि उनको 'नियत'माथि प्रश्न उठेको छ। यद्यपि, चौतर्फी आलोचनापछि केही घण्टामै सरुवा रद्द गरियो।
- यो प्रकरणमा पछिल्लो समय प्रहरीले समेत अनुसन्धान गरिरहेको छ। मानव तस्करी, ठगी तथा नक्कली कागजपत्रका विषयमा प्रहरीमार्फत अख्तियारले अनुसन्धान गराइरहेको छ।

भिजिट भिसामा ठगिएका दुई हजारभन्दा बढी पीडित सम्पर्कमा : रास्वपा



भिजिट भिसाको आवरण भएको मानव तस्करीमा ठगिएका दुई हजारभन्दा बढी पीडित न्यायका लागि सम्पर्कमा आएको राष्ट्रिय स्वतन्त्र पार्टीले जनाएको छ। उनीहरूले आफू ठगिएको विवरण उपलब्ध गराउँदै न्यायका लागि पहल गरिदिन अनुरोध गरेको रास्वपाको भनाइ छ।

'गत जेठ १४ गते राष्ट्रिय स्वतन्त्र पार्टीले भिजिट भिसा र मानव तस्करीसँग सम्बन्धित प्रकरणको कारण ठगिएको कोही हुनुहुन्छ भने कृपया प्रमाणसहित सम्पर्कमा आउनुस् भनेर आह्वान गरेर अभियान चलाएका थियौं। त्यो क्रममा भर्चुअल र फिजिकल माध्यमबाट दुई हजारभन्दा धेरै पीडित नागरिक सम्पर्कमा आउनुभयो,' रास्वपा कार्यवाहक प्रवक्ता मनीष झाले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

तीमध्ये केही आफ्नो दुःखको कथा र ठगिएको सम्बन्धित प्रमाण लिएर पार्टी कार्यालयमा आएको रास्वपाले जनाएको छ। 'हामीले उहाँहरूलाई सम्बन्धित सरकारी निकाय र संवैधानिक नियोगलगायतमा उजुरी दिन सुझाएका हौं। र, यो एक राजनीतिक दलले गर्ने स्वाभाविक व्यवहार र नियमित अभ्यास हो,' विज्ञप्तिमा भनिएको छ।

प्रवक्ता झाले 'रास्वपा केन्द्रीय सदस्य तथा सांसद सुमना श्रेष्ठको निर्देशन' भनेर उल्लेख

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



कम्बोडियामा पक्राउ गरेर काठमाडौं ल्याइए मितेरी सहकारी ठगीका मुख्य आरोपी भण्डारी

भण्डारीलाई बुधबार मध्यराति नेपाल ल्याइएको छ भने अर्का आरोपी ज्योति गुरुङ अमेरिकामा लुकेकी छिन्

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ तर्साइरहने नक्खु...





शब्द/तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

'आकाशको बादल मनमा मडारिन्छ,' यो पीडा ललितपुर नक्खु खोलाआसपासका आमबासिन्दाको हो। ११ असोज ०८१ को बाढीले नक्खु खोला किनारमा मच्चाएको विध्वंसको घाउ अझै पुरिएको छैन। फेरि बर्खा सुरु भएसँगै आकाशमा बादल सलबलाउँदा मनमा चिसो पस्छ। 'पोहोरको बाढीले त सबै सखाप बनायो। खोलानजिकका घरका त भुइँ तला पूरै चुर्लुम्म डुबाएर माथिल्लो तलासम्मै भेल पुगेको थियो। यस वर्ष पनि त्यस्तै हुने हो कि भन्ने डर मात्रै छ,' नक्खु खोला किनारको बस्तीमा पसल चलाइरहेकी आशालता श्रेष्ठले भनिन्। गत वर्ष बाढीले बगाएर ल्याएको रुखका ठुटा र मुढा अझै पनि खोला किनारमै छन्।

अवकाशप्राप्त कर्मचारीलाई अनुशासनमा बाँध्न आचारसंहिता ल्याउँदै सरकार

निजामतीसहित सुरक्षा निकाय र विश्वविद्यालयबाट निवृत्त मात्र नभएर सरकारी सुविधा लिने सबै पदाधिकारीलाई आचारसंहिताले बाँध्ने तयारी, सेवाबाट अवकाश भएका कतिपय कर्मचारीले जथाभावी र भड्कावयुक्त अभिव्यक्ति दिनेलगायत गतिविधि गरेको ठहर



सुवास भट्ट/नयाँ पत्रिका

अवकाशप्राप्त कर्मचारीलाई अनुशासनमा बाँध्ने गरी सरकारले आचारसंहिताको गृहकार्य अघि बढाएको छ। सेवाबाट अवकाश भएका कतिपय कर्मचारीले जथाभावी र भड्कावयुक्त अभिव्यक्ति दिनेलगायत गतिविधि गरेको भन्दै सरकारले त्यसलाई नियमन गर्न आचारसंहिता जारी गर्ने गृहकार्य थालेको हो। पहिलोपटक सरकारले यस्तो आचारसंहिता ल्याउन लागेको हो।

आचारसंहिता बनाउने गरी गठित सचिवहरूको समितिले तयार पारेको 'सेवानिवृत्त राष्ट्रसेवकको ज्ञान, सीप र क्षमता उपयोग तथा पालना गर्नुपर्ने आचारसंहिता, २०८२' को मस्यौदा एक महिनाअघि नै मुख्यसचिव एकनारायण अर्याललाई बुझाइसकिएको छ। सुझाव माग्दै सबै मन्त्रालयमा उक्त मस्यौदा पठाइएको छ।

लामो समय सरकारी सेवामा कार्यरत रहेर अवकाशपछि सरकारकै नीतिविरुद्ध कतिपय कर्मचारीले अभिव्यक्ति दिने र गतिविधि गर्ने गरेको भन्दै सरकार यसलाई नियमन गर्नुपर्ने निष्कर्षमा पुगेको हो। सरकारबाट पेन्सन र सुविधा लिने कर्मचारीले सरकारको आलोचना गर्न पाउने कि नपाउने भन्ने विषय पनि वेलाबखत बहसमा उठ्ने गरेका छन्।

राज्यकोषबाट तलब-भत्ता र सुविधा बुझ्ने सबैका हकमा यो आचारसंहिता लागू हुने मस्यौदामा उल्लेख छ। यसमा निजामतीसहित सुरक्षा निकाय, विश्वविद्यालयबाट निवृत्त मात्र नभएर सरकारी सुविधा लिने सबै पदाधिकारी पर्छन्।

५ फागुनमा बसेको सचिवस्तरीय बैठकले संघीय मामिला तथा सामान्य प्रशासनसचिवको

» पृष्ठ २ मा क्रमशः

के छ प्रस्तावित आचारसंहितामा ?

मस्यौदालाई मुख्यगरी तीन खण्डमा विभाजन गरिएको छ। जसमा पहिलोमा सेवानिवृत्त राष्ट्रसेवकहरूको ज्ञान, सीप र क्षमता उपयोग गर्न सक्ने क्षेत्र औंल्याइएको छ।

अर्को खण्डमा संविधान र प्रचलित कानुनले गर्न नहुने भनेर प्रतिबन्धित गरेका विषयमा सेवानिवृत्त कर्मचारीले अभिव्यक्ति दिन तथा गतिविधि गर्न नपाउने उल्लेख छ। त्यस्तै, सरकारको नीतिविरुद्ध कार्य गर्न नपाउने पनि मस्यौदामा छ।

यसबाहेक सरकारी सेवामा बहाल रहँदा गरेका कार्यका विषयमा निवृत्तिपछि सार्वजनिक गर्न नपाउने विषयलाई पनि मस्यौदामा समेटिएको छ। यसबारे कर्मचारीले शपथसमेत खाएको हुँदा गर्नु उपयुक्त नहुने सरकारको ठहर छ। कुनै जात, सम्प्रदाय, धर्म, संस्कृतिमा खलल पुग्ने गरी भड्कावयुक्त अभिव्यक्ति सामाजिक सञ्जाल वा जुनसुकै माध्यमबाट पनि गर्न नपाउने मस्यौदामा उल्लेख छ।

आचारसंहितामा व्यवस्थाको पालनाबारे अनुगमन गर्ने संयन्त्र बनाउने पनि मस्यौदामा समावेश छ। यसका लागि निकाय वा अधिकारी तोक्ने भनिएको छ। कसैले आचारसंहिता उल्लंघनको अवस्थामा सम्बन्धित कानुनबाटै कारबाही गर्न सकिने मस्यौदामा उल्लेख छ। 'आचारसंहिता भएकाले यसले अलग्गै कुनै व्यवस्था गर्नेभन्दा पनि भएका व्यवस्था समायोजन गरेर कानुन सम्झाउने विषय समावेश छन्,' मस्यौदा समितिका एक अधिकारीले भने, 'यद्यपि, यसलाई अझै परिष्कृत गरेर आचारसंहिता जारी हुन्छ।'

मनसुन सक्रिय, देशभर वर्षा

देशका धेरै स्थानमा हल्कादेखि मध्यम तथा कतिपय क्षेत्रमा भारी वर्षा भए पनि अहिले अत्यधिक वर्षाको सम्भावना नरहेको मौसम पूर्वानुमान महाशाखाको भनाइ

नयाँ पत्रिका

असार लागेसँगै देशभर वर्षा सुरु भएको छ। लामो समयसम्म खडेरीबाट गुज्रिएको मध्य तराईमा पनि बुधबार वर्षा भएको छ। देशका धेरै स्थानमा हल्कादेखि मध्यम तथा कतिपय क्षेत्रमा भारी वर्षा भए पनि अहिले अत्यधिक वर्षाको सम्भावना नरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार आगामी २४ घण्टामा सातै प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भने भारीदेखि अत्यधिक भारी वर्षा हुन सक्ने महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ।

गत २४ घण्टामा डोटी, डडेल्धुरा, कैलाली, नवलपरासी र चितवनमा सय मिलिमिटरभन्दा बढी वर्षा मापन गरिएको छ। पूर्वी पहाडी क्षेत्रमा हल्का वर्षा मात्र भए पनि मध्य क्षेत्र र पश्चिममा मध्यमदेखि भारी वर्षा भएको मौसम

» पृष्ठ २ मा क्रमशः



■ **मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झा**



देशभर वर्षा हुन थालेको छ। बंगालको खाडीमा विकास भएको न्यूनचापीय क्षेत्रले सहयोग गरिरहेको हो। समयमै वर्षा हुँदा रोपाइँ गर्न सजिलो भएको छ। तर, पोहोरको बर्खाले क्षति गरेको र निर्माणाधीन सडकमा भने समस्या निम्त्याइरहेको छ।

कर्णाली र सुदूरपश्चिममा अझै पुगेन मनसुन

नेपालमा मनसुन प्रवेश गरेको २१ दिन नाघ्दा पनि अझै लुम्बिनीको पश्चिम, कर्णाली र सुदूरपश्चिममा पुगेको छैन। सरदरभन्दा दुई साताअघि १५ जेठमा कोशी प्रदेश प्रवेश गरेको मनसुन २९ जेठमा पश्चिममा गण्डकी र लुम्बिनीको पूर्वी भूभागससम्म पुगेको थियो। तर, त्यसभन्दा पश्चिम क्षेत्रमा पश्चिमी र स्थानीय वायु सक्रिय नै रहेकाले मनसुन अगाडि बढ्न नसकेको मौसमविद् गोविन्द झाले बताए। 'मनसुनी वायु नपुगे पनि कर्णाली र सुदूरपश्चिममा पानी परिरहेकै छ, त्यहाँ पश्चिमी र स्थानीय वायु सक्रिय छ,' महाशाखाका मौसमविद् झाले भने, 'अब केही दिनमा देशभर मनसुन पुग्छ।'

■ परराष्ट्रको ट्राभल एड्भाइजरी

‘इरान, इजरायल र मध्यपूर्वी देशमा नजानू’

नयाँ पत्रिका

परराष्ट्र मन्त्रालयले बुधबार ट्राभल एड्भाइजरी (यात्रा निर्देशिका) जारी गर्दै इजरायल र इरानमा जटिल परिस्थिति रहेसम्म ती देशमा वैदेशिक रोजगारी, भ्रमण वा अन्य कुनै पनि प्रयोजनले भ्रमण नगर्न अनुरोध गरेको छ। परराष्ट्रले अहिलेको परिस्थिति कायम रहेसम्म मध्यपूर्वका अन्य मुलुकको भ्रमणमा समेत नजान अनुरोध गरेको छ।

अहिलेसम्म इरान र इजरायलमा रहेका नेपाली सुरक्षित रहेको परराष्ट्रले जनाएको छ। परराष्ट्रले इजरायल र इरानमा रहेका नेपालीका लागि भविष्यमा आवश्यक परेअनुसारको कदम चालिने पनि जनाएको छ। हाल इजरायलमा ५५ सय र इरानमा एक दर्जन नेपाली छन्।

इजरायल र इरानबाट हवाई उडान बन्द भएको उल्लेख गर्दै परराष्ट्रले स्वदेश फर्किनुपरे तेस्रो मुलुकको बाटो प्रयोग गर्नुपर्ने जानकारी दिएको छ। तेस्रो मुलुक हुँदै स्वदेश फर्किने क्रममा सम्बन्धित देशको ट्रान्जिट भिसा लिन सहजीकरण र प्रयास गर्नेसमेत परराष्ट्रले स्पष्ट पारेको छ।

यस्तै, परराष्ट्रले आफ्नो सुरक्षामा ध्यान दिई तोकेको स्थानबाहेक घर वा सेल्टरबाट बाहिर ननिस्कन, सरकारले जारी गरेका सुरक्षा सतर्कता, यात्रा, आवागमन तथा सुरक्षित स्थानसम्बन्धी सूचना, मापदण्ड र जानकारी लिन तथा त्यसको पालना गर्न पनि अनुरोध गरेको छ। नेपाली समुदायबिच र नेपाली राजदूतावाससँग निरन्तर सम्पर्कमा रहन पनि परराष्ट्रले अनुरोध गरेको छ। यसबाहेक संकट आइपरेमा र उद्धार तथा सहायता आवश्यक परेमा तेलअभिभस्थित नेपाली राजदूतावास, परराष्ट्र मन्त्रालय र कन्सुलर सेवा विभागको अनलाइन लिंकमा आफ्नो विवरण फारम यथाशीघ्र भर्न पनि परराष्ट्रले त्यहाँ रहेका नेपालीसँग आह्वान गरेको छ।

भिजिट भिसामा...

पृष्ठ १ बाट क्रमशः

गर्दै नक्कली उजुरी दिन लगाएको भन्ने खबरमा सत्यता नभएको पनि उल्लेख गरेका छन्। विज्ञप्तिमा रास्वपाले यसलाई विषयान्तर गर्न तथा संसद्को रोस्टमबाट नै गृहमन्त्रीले पीडितलाई दिएको धम्कीको नियोजित शृंखला मानेको उल्लेख छ। ‘सांसद श्रेष्ठले निर्देशन दिएको भनेर आएको समाचार गलत छ। यस प्रकारको व्यवहारलाई राष्ट्रिय स्वतन्त्र पार्टीले प्रोत्साहन गर्दैन,’ विज्ञप्तिमा भनिएको छ।

यद्यपि, पार्टीमा आबद्ध कोही व्यक्ति भए-नभएकोबारे सत्य-तथ्य पत्ता लगाउन सांसद चन्दा कार्की भण्डारीको संयोजकत्वमा वरिष्ठ अधिवक्ता नारायण घिमिरे र पूर्वएसएसपी लव विष्ट सदस्य रहेको समिति गठन गरिएको छ। रास्वपाले समस्याको निराकरण र संलग्नलाई कानुनी कारबाहीका लागि उच्चस्तरीय छानबिन समिति र गृहमन्त्रीको राजीनामा मागेर आन्दोलन गरिरहेको पनि स्मरण गराएको छ। ‘हामी भिजिट भिसा र मानव तस्करीको संगठित अपराधको विरुद्ध आन्दोलन गर्दै छौं। हाम्रो मुद्दा कोही एक दल र नेताप्रति लक्षित छैन,’ विज्ञप्तिमा छ, ‘कोही एक व्यक्तिको पछि लाग्ने हाम्रो राजनीतिक आचरण र अभ्यास छैन र त्यो हाम्रो राजनीतिक प्राथमिकता पनि होइन।’

अवकाशप्राप्त...

पृष्ठ १ बाट क्रमशः

संयोजकत्वमा गृहसचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शासकीय मामिला हेर्ने सचिव सदस्य रहने गरी दुई महिनाभित्र मस्यौदा तयार गर्ने निर्णय गरेको थियो। यही निर्णयका आधारमा सामान्य प्रशासनसचिव रविलाल पन्थ, गृहसचिव गोकर्णमणि दुवाडी र प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव चूडामणि पौडेलले आचारसंहिताको मस्यौदा तयार गरेका थिए।

समितिलाई दुई महिनाको समय दिएकामा एक महिना समय थप गरेर गत ५ जेठको सचिव बैठकमा आचारसंहिताको मस्यौदा पेस गरिएको थियो। सोही दिन मुख्यसचिव अर्यालको अध्यक्षतामा बसेको सचिवहरूको बैठकले ‘मस्यौदाउपर अध्ययन गरी सबै मन्त्रालयले सात दिनभित्रमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पृष्ठपोषण पठाउने र समितिले प्राप्त पृष्ठपोषणलाई समेत समावेश गरी अन्तिम रूप दिई आगामी सचिव बैठकमा पेस गर्ने’ निर्णय गरेको थियो।

एक सातामा मस्यौदाउपर पृष्ठपोषण पठाउने भनिए पनि अहिलेसम्म केहीको मात्र प्राप्त भएको सामान्य प्रशासन मन्त्रालय स्रोतले बतायो। ‘केही मन्त्रालयले पठाएका छन्,’ मन्त्रालय स्रोतले भन्यो, ‘सबै मन्त्रालयबाट प्राप्त भएपछि सचिव बैठकमा प्रतिवेदनसहित पेस हुन्छ।’ मन्त्रालयहरूको पृष्ठपोषणसमेत समेटेर आचारसंहिताको मस्यौदालाई अन्तिम रूप दिने तयारी छ। त्यसपछि आचारसंहिता मन्त्रिपरिषद्बाटै पास गरेर लागू गर्ने तयारी छ।

आजदेखि बजेटको मन्त्रालयगत छलफल

नयाँ पत्रिका

आगामी आव ०८२/८३ को बजेटको मन्त्रालयगत शीर्षकमाथि बिहीबारदेखि छलफल हुँदै छ। मन्त्रालयगत छलफलका लागि सभामुख देवराज घिमिरेले बिहान ११ बजे प्रतिनिधिसभा बैठक बोलाएका छन्। संसद् सचिवालयका अनुसार सांसदहरूबाट १८ वटा मन्त्रालय तथा निकायका लागि विनियोजित खर्च कटौती गर्न २८ वटा प्रस्ताव दर्ता भएको छ। केही निकायको वार्षिक विकास कार्यक्रम किताब आउन बाँकी रहेकाले थपिन सक्ने प्रवक्ता एकराम गिरीले बताए।

संसद् सचिवालयले बुधबार सार्वजनिक गरेको प्रतिनिधिसभाको १५ असारसम्मको संशोधित पाक्षिक क्यालेन्डरअनुसार विनियोजन विधेयकका विभिन्न मन्त्रालयगत शीर्षकमाथि बिहीबारदेखि छलफल प्रारम्भ हुनेछ। विहीबार वन, संघीय मामिला, ऊर्जा, रक्षा, कृषि, स्वास्थ्य, कानुन मन्त्रालयका शीर्षकमाथि हुनेछ। छलफलका क्रममा खर्च कटौतीका प्रस्ताव प्रस्तुत गरिनेछ। बिहीबारै नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकसम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन पेस गरिनेछ।

६ असारमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालन हुनेछ। त्यसपछि बजेटको मन्त्रालयगत छलफल जारी रहनेछ। शुक्रबार पर्यटन, खेलकुद, भौतिक, महिला, उद्योग, भूमि मन्त्रालयका विनियोजन शीर्षकमाथि छलफल हुनेछ। छलफलका क्रममा खर्च कटौतीका प्रस्ताव प्रस्तुत गरिनेछ।

७ असारमा खानेपानी, शिक्षा, परराष्ट्र, श्रम, गृह, सञ्चार मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल जारी रहनेछ भने खर्च कटौतीका प्रस्ताव प्रस्तुत गरिनेछ।

८ असारमा अर्थ र सहरी विकास मन्त्रालय, प्रधानमन्त्री कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथि छलफल जारी रहनेछ भने खर्च कटौतीका प्रस्ताव प्रस्तुत गरिनेछ।

९ र १० असारमा मन्त्रालयगत विनियोजन शीर्षकको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ र स्पष्टीकरण दिनेछन्। १० गते सबै मन्त्रालयगत खर्च कटौतीका प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ। त्यसपछि विनियोजन विधेयकलाई पारित गरिनेछ। सोही दिन आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयकमाथि सैद्धान्तिक छलफल हुनेछ।

१४ असारमा आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयकमाथि संशोधनसहित सदनमा दफावार छलफल र पारित गर्ने कार्यसूची छ। सोही दिन राज्य व्यवस्था समितिको प्रतिवेदनसहित नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकमाथि छलफल गरेर पारित गर्ने कार्यसूची छ।

संघीय निजामती विधेयक परेन

१५ असारसम्मको संशोधित क्यालेन्डरमा संघीय निजामती विधेयक भने परेको छैन। उच्चपदस्थ कर्मचारीको स्वार्थमा पेरे सरकार नै कुलिङ पिरियड र सेवा अवधि हेरफेर गर्न तयार भएपछि सत्तापक्षको चाहनाअनुसार सभामुख देवराज घिमिरेले क्यालेन्डरमा निजामती विधेयक नराखेका हुन्। जसमा प्रमुख प्रतिपक्षी माओवादीले आपत्ति जनाएको छ। माओवादी प्रमुख सचेतक हितराज पाण्डेले प्रशासनिक संघीयता कार्यान्वयन गर्ने विधेयक सत्तापक्षको चाहनाअनुसार रोकिनु, त्यसमा सभामुख सहयोगी हुनु दुःखद भएको र आपत्तिजनक रहेको बताए।

तथ्यहरूले...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धानका लागि उनले मार्गप्रशस्त गर्नुपर्ने माग गरेको छ। गृह मन्त्रालयको नेतृत्वलाई छानबिनको दायरामा नल्याए सडकमा उत्रन बाध्य हुनेसमेत उसको चेतावनी छ। यससँगै यो प्रकरणमा गृहमन्त्री लेखकको भूमिका केवल प्रशासनिक नभई राजनीतिक र नैतिक हिसाबले पनि गम्भीर प्रश्नको घेरामा परेको छ।

‘बृहत् नागरिक आन्दोलन’ले बुधबार प्रेस विज्ञप्ति जारी गरी नैतिकताका आधारमा मात्र नभई गृह नेतृत्वमाथि नै अनुसन्धान हुने अवस्था भएकाले लेखकले राजीनामा दिनुपर्ने धारणा सार्वजनिक गरेको हो। ‘यो गृहमन्त्रीका लागि आफ्नो मातहतमा लामो समय असुलीकै गिरोह चलेको र त्यसलाई रोक्न असफल भएकोमा नैतिक आधारमा राजीनामा दिनुपर्ने मात्रै होइन, अध्यगमन प्रमुखको सरुवा र अन्य जाँचका तथ्यहरूले पनि गृहको नेतृत्वप्रति इंगित गरेकाले यो अनुसन्धान निष्पक्ष रूपमा निचोडमा पुग्न गृहमन्त्रीले मार्गप्रशस्त गर्नु वाञ्छनीय हुन्छ,’ विज्ञप्तिमा छ।

सुशासन र सामाजिक न्यायको पक्षमा आवाज उठाउँदै आएको ‘बृहत् नागरिक आन्दोलन’मा नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, पत्रकार तथा राजनीतिक विश्लेषक तथा सामाजिक अभियन्ता छन्। संसदीय छानबिन र गृहमन्त्रीको राजीनामा माग्दै राष्ट्रिय स्वतन्त्र पार्टीले संसद्मा विरोध जनाउँदै आएको छ। तर, त्यसलाई सत्तापक्षले नजरअन्दाज गर्दै आएको छ।

‘बृहत् नागरिक आन्दोलन’मा आबद्ध मानव अधिकारकर्मी मोहना अन्सारीले भिजिट भिसाको असुलीको विषयमा एउटा कर्मचारीलाई देखाएर गृहमन्त्री पन्छिन नमिल्ने भएकाले राजीनामा माग गरिएको बताइन्। ‘भिजिट भिसामा असुलीको विषय गम्भीर प्रकृतिको देखिन्छ,’ उनले भनिन्, ‘त्यसकारण यसमा कर्मचारीलाई देखाएर गृहमन्त्री जिम्मेवारीबाट पन्छिन मिल्दैन। अनुसन्धान निचोडमा पुऱ्याउन उहाँले राजीनामा दिनु उचित हुन्छ।’

उक्त असुलीसँग जोडिएका सबैलाई छानबिनमा नल्याए सडकमा उत्रन बाध्य हुनेसमेत ‘बृहत् नागरिक आन्दोलन’को चेतावनी छ। ‘बृहत् नागरिक आन्दोलन उक्त असुलीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका सबैलाई छानबिनको दायरमा ल्याउनुपर्दछ भन्ने कुरामा प्रस्ट छ। तर, सरकारले भ्रष्टाचारलाई संरक्षण गर्ने खेदजनक प्रवृत्ति देखाएको छ,’ विज्ञप्तिमा भनिएको छ, ‘यदि यो प्रवृत्ति कायम रहन्छ र सम्बन्धित मन्त्रालयको नेतृत्वलाई छानबिनको दायरामा ल्याउने वातावरण बनाइँदैन भने हामी नागरिक सडकमा उत्रिन बाध्य हुनेछौं।’

सो प्रकरणमा सत्तापक्षले हठ देखाउनुका साथै सभामुखलाई प्रभावित गरेर संसद् बैठक नाराबाजी र विरोधबिच अगाडि बढाउन खोज्नु जिर्लज्जता भएको नागरिक आन्दोलनको टिप्पणी छ। ‘यो हेपाहा र मिचाहा प्रवृत्ति त हो नै, त्यससँगसँगै अपराधलाई संरक्षण गर्ने निर्जल्लता पनि हो कि भन्ने लागेको छ,’ नागरिक आन्दोलनको विज्ञप्तिमा छ।

भिजिट भिसामा भएको मानव तस्करी गृह मन्त्रालयकै मिलेमतोमा भएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीलगायत विपक्षी दलले गृहमन्त्री लेखकको राजीनामा माग गर्दै संसद् अवरोध गरिरहेका वेला बृहत् नागरिक आन्दोलनको यस्तो विज्ञप्ति आएको हो।

ओली-देउवा भेटवार्ता

‘कुलिङ पिरियड’मा प्रधानमन्त्रीबाटै राजनीति भएको कांग्रेसको गुनासो

नयाँ पत्रिका

दुई वर्ष ‘कुलिङ पिरियड’ राखिएको संघीय निजामती विधेयक पारित गर्ने मंगलबारकै प्रतिनिधिसभामा कार्यसूची भए पनि ‘होल्ड’ गरिएकोमा कांग्रेसले असन्तुष्टि जनाएको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री ओलीसहित एमाले नेताहरू र कांग्रेस सभापति शेरबहादुर देउवासहित निकट नेताहरूबिच बुधबार साँझ भएको भेटमा निजामती विधेयकलगायत विषयमा छलफल भएको हो।

प्रशासकहरूको स्वार्थअनुसार प्रधानमन्त्री ओलीले ‘कुलिङ पिरियड’ नै नराख्ने वा एक वर्ष मात्रै राख्ने गरी राजनीतिक गर्न खोजेको विषयमा प्रश्न उठाइएको कांग्रेसका एक नेताले बताए। मंगलबारको प्रतिनिधिसभा बैठकमा उक्त विधेयक पारित गर्ने एकल कार्यसूची तय भए पनि ओलीकै चाहनामा सभामुखले रास्वपाको विरोधलाई कारण देखाएर विधेयक ‘होल्ड’ गरेका थिए। विधेयक लम्ब्याउने उद्देश्यले बुधबार प्रतिनिधिसभा बैठक नै नराखेपछि कांग्रेस नेतृत्व यसलगायत विषयमा छलफल गर्न बालुवाटार गएको हो।

‘कुलिङ पिरियडमा प्रधानमन्त्रीबाट राजनीति भएको गुनासो हाम्रोतर्फबाट राख्यौं। निजामती विधेयक, शिक्षा विधेयक र बजेट पारित गरेर सदनबाट गर्नुपर्ने कामहरू कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल केन्द्रित भयो,’ ती नेताले भने।

अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेलले भने दुई दलको बैठकमा समसामयिक राजनीतिक विषयमा छलफल भएको र सरकार ढलोस् भन्ने चाहनेलाई निराश पार्ने गरी निष्कर्ष निकालेको बताए। ‘समसामयिक राजनीतिक विषयमा छलफल भयो। सरकार ढलोस् भन्ने चाहनेलाई निराश पार्ने बैठक भयो,’ उनले भने।

प्रमुख प्रतिपक्षी माओवादीसँग प्रतिबद्धता गरेबमोजिम भिजिट भिसाको अध्ययन र छानबिन कसरी सुरु गर्ने र संरचना कस्तो बनाउने भन्नेबारे पनि छलफल भएको पनि कांग्रेस नेताले बताएका छन्। ‘सरकारले सदनमा प्रतिबद्धता गरेबमोजिम भिजिट भिसा प्रकरणमा कसरी छानबिन गर्ने भनेर सामान्य छलफल भयो। यही गर्ने भन्ने टुंगोमा पुगिसकेको अवस्था होइन,’ एक नेताले भने। तर, अर्थमन्त्री पौडेलले भने भिजिट भिसामा सरकारले आवश्यक छानबिन गर्ने भएकाले यस विषयमा केही छलफल नभएको दाबी गरे। बैठकमा एमालेबाट प्रधानमन्त्रीसहित अर्थमन्त्री विष्णु पौडेल तथा कांग्रेसबाट सभापति देउवासहित उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, परराष्ट्रमन्त्री आरजु राणा देउवा, गृहमन्त्री रमेश लेखक र ऊर्जामन्त्री दीपक खड्का उपस्थित थिए।

ओली प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

रूपमा आफैं तिर्ने भने होइन। तर, जनताबाटै उठाइने करबाट राज्यले ऋण तिर्ने हुँदा सार्वजनिक ऋणको भार जनतालाई अप्रत्यक्ष रूपमा पर्छ। चालू आवको ११ महिनामा सरकारले तीन अर्ब १४ अर्ब ९९ करोड आन्तरिक र ९९ अर्ब २० करोड रुपैयाँ बाह्य ऋण उठाएको छ। यही बिचमा सरकारले कुल दुई खर्ब ६६ अर्ब ६५ करोड रुपैयाँ ऋण भुक्तानी गरेको छ। जसमा आन्तरिकतर्फ दुई खर्ब २३ अर्ब ३५ करोड र बाह्यतर्फ ४३ अर्ब २९ करोड छ। विदेशी विनिमयदर हेरफेर हुँदा नेपाललाई ११ महिनामा ७३ अर्ब दुई करोड नोक्सान भएको कार्यालयले जनाएको छ।

चालू आवमा सरकारले पाँच खर्ब ४७ अर्ब ऋण परिचालनको लक्ष्य लिएको छ। जेठ मसान्तसम्म लक्ष्यको ७५.७२ प्रतिशत परिचालन भएको कार्यालयको तथ्यांक छ। जसमध्ये आन्तरिकतर्फ ९५.४५ र बाह्यतर्फ ४५.७२ प्रतिशत रहेको छ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले पुल सुधार तथा मर्मत कार्यक्रम तेस्रो चरणका लागि विश्व बैंकबाट २० अर्ब ७९ करोड रुपैयाँबराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। त्यस्तै, विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजनाका लागि २९ अर्ब ७२ करोड रुपैयाँ सहुलियतपूर्ण ऋणसमेत स्वीकार गर्ने निर्णय गरिएको छ। त्यस्तै, बर्दियामा सञ्चालन हुने समावेशी ग्रामीण विकास परियोजनका लागि दक्षिण कोरियाबाट एक अर्ब आठ करोड ८० लाख रुपैयाँ अनुदान सहायता स्विकार्ने निर्णय पनि भएको छ।

ऋणको आकार बढ्दै जाँदा साँवाब्याज भुक्तानीमा हुने खर्चसमेत बढ्दै गएको देखिन्छ। कार्यालयका अनुसार पछिल्लो ११ महिनामा सरकारले साँवाब्याज भुक्तानीमा सवा तीन खर्ब खर्च गरेको छ। जसमध्ये आन्तरिकतर्फ दुई खर्ब २३ अर्ब ३५ करोड साँवा र ५४ अर्ब ३७ करोड ब्याज भुक्तानी गरिएको छ। त्यस्तै, बाह्यतर्फ ४३ अर्ब २९ करोड साँवा र आठ अर्ब ५७ करोड ब्याज भुक्तानी गरेको छ। यसरी हेर्दा साँवामा कुल दुई खर्ब ६६ अर्ब ६५ करोड र ब्याजमा ६२ अर्ब ९४ करोड खर्च गरेको देखिएको छ। ऋण सेवामा भएको यो खर्च जिडिपीको तुलनामा ५.४० प्रतिशतबराबर हो। सरकारले चालू आवका लागि ऋण सेवा खर्चमा चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेकामा जेठ मसान्तसम्म तीन खर्ब २९ अर्ब ६० करोड भुक्तानी भएको छ।

मनसुन सक्रिय...

पृष्ठ १ बाट क्रमशः

विभागले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द भाले पछिल्लो वर्षाले पोहोरको बर्खाले क्षति गरेको र निर्माणाधीन सडकमा समस्या भएको बताए। ‘देशभर वर्षा हुन थालेको छ। बंगालको खाडीमा विकास भएको न्यूनचापीय क्षेत्रले सहयोग गरिरहेको हो,’ भाले भने, ‘समयमै वर्षा हुँदा रोपाइँ गर्न सजिलो भएको छ। तर, पोहोरको बर्खाले क्षति गरेको र निर्माणाधीन सडकमा भने समस्या निम्त्याइरहेको छ।’

वर्षासँगै देशका विभिन्न भागमा सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सिन्धुपाल्चोकको कोदारी, लार्चा र कोल्याङ खण्डमा अरनिको राजमार्ग अवरुद्ध भएको छ। यस्तै, डोल्पाको चुलेलगाउँ र दार्चुलाको महाकाली नगरपालिकामा समेत सडक अवरुद्ध भएको छ।

अत्यधिक वर्षाको सम्भावना रहेमा मौसम विज्ञान विभागले पाँच दिनअघि नै बुलेटिन जारी गरेर जोखिमयुक्त स्थानलाई रेडअलर्टमा राख्ने गरेको छ। सरकारले पनि रेडअलर्टमा परेका क्षेत्रमा रात्रिकालीन यातायात गुडाउनमा गत वर्षदेखि नै रोक लगाउने अभ्यास थालिसकेको छ।

कर्णाली र सुदूरपश्चिममा अझै पुगेन मनसुन

नेपालमा मनसुन प्रवेश गरेको २१ दिन नाघ्दा पनि अझै लुम्बिनीको पश्चिम, कर्णाली र सुदूरपश्चिममा पुगेको छैन। सरदरभन्दा दुई साताअघि १५ जेठमा कोशी प्रदेश प्रवेश गरेको मनसुन २९ जेठमा पश्चिममा गण्डकी र लुम्बिनीको पूर्वी भूभागसम्म पुगेको थियो। तर, त्यसभन्दा पश्चिम क्षेत्रमा पश्चिमी र स्थानीय वायु सक्रिय नै रहेकाले मनसुन अगाडि बढ्न नसकेको मौसमविद् गोविन्द भाले बताए। ‘मनसुनी वायु नपुगे पनि कर्णाली र सुदूरपश्चिममा पानी परिरहेकै छ, त्यहाँ पश्चिमी र स्थानीय वायु सक्रिय छ,’ महाशाखाका मौसमविद् भाले भने, ‘अब केही दिनमा देशभर मनसुन पुग्छ।’

भोटेकोशी क्षेत्रमा पनि हल्कादेखि मध्यम वर्षा

सिन्धुपाल्चोक र सोको माथिल्लो जलाधार क्षेत्र (भोटेकोशी) क्षेत्रमा पनि मनसुनको प्रभाव रहेको जल तथा मौसम विज्ञान विभागका प्रवक्ता विभूति पोखरेलले बताइन्। यस क्षेत्रमा हल्कादेखि मध्यम वर्षा भइरहेकाले पहिरो र ससाना खोलामा बाढीको जोखिम छ। तर, स्थान नै तोकेर अलर्ट जारी गर्नुपर्ने अवस्था नरहेको पोखरेलले बताइन्।

सिन्धुपाल्चोक प्रशासनले विज्ञप्ति जारी गर्दै छिमेकी चीन स्वशासित तिब्बतमा बुधबारदेखि सात दिनसम्म अत्यधिक वर्षा हुने भन्दै भोटेकोशी तटीय क्षेत्रको लिपिडदेखि चौतारा साँगाचोकगढीको सिम्लेसम्मका स्थानीयलाई सूचना जारी गरेर सचेत गराएको थियो।

हाल मनसुनको प्रभाव भए पनि कमजोर अवस्थामा रहेकाले हल्कादेखि मध्यम वर्षा हुन सक्ने सम्भावना रहेको सबैमा जानकारी गराएको छ। जल तथा मौसम विज्ञान विभागले सिन्धुपाल्चोक र माथिल्लो जलाधार (भोटेकोशीसहित) क्षेत्रमा ठुलो वर्षाको सम्भावना नरहेको बताएको छ।

मौसम विभागले बुधबार साँझ विज्ञप्ति जारी गरेर ‘भूउपग्रह तथा मौसम प्रारूपबाट प्राप्त तथ्यांक तथा सूचनाको हालको विश्लेषणका आधारमा सिन्धुपाल्चोक र सोको माथिल्लो जलाधार क्षेत्रमा हाल मनसुनको प्रभाव भए पनि कमजोर अवस्थामा रहेकाले हल्कादेखि मध्यम वर्षा हुन सक्ने सम्भावना रहेको सबैमा जानकारी गराइन्छ,’ विज्ञप्तिमा भनेको छ।

जाङ्मुपोर्टस्थित अध्यागमन कार्यालयका अधिकारीले नेपालतर्फ सीमा सुरक्षार्थ रहेका सशस्त्र प्रहरी, अध्यागमन कार्यालय कोदारी र भोटेकोशी गाउँपालिकालाई मौखिक जानकारी पाएको भन्दै प्रशासनले बाढीबाट हुने सम्भावित जोखिमबाट बच्न भनेको थियो। ‘बर्खामा बाढीपहिरोको जोखिम त हुन्छ नै सतर्कता अपनाउनुपर्छ। तर, स्थान विशेषलाई तोकेर सूचना निकाल्नुपर्ने अवस्था देखिँदैन,’ मौसमविद् झाले बताए।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी किरण थापाले चिनियाँ पक्षले दिएको पूर्वसूचनाका आधारमा तयारी गरिएको बताए। ‘चिनियाँ प्रहरीले सीमामा सशस्त्र प्रहरीलाई दिएको सूचना हो। यही आधारमा हामीले सूचना जारी गरेका हौं,’ उनले भने, ‘मौसम भनेकै अनुमान हो। मौसमविद्हरूले गरेको पूर्वानुमान कुनै वेला नमिल्न पनि सक्छ। जे-जे भए पनि भोटेकोशीमा बाढी आइरहेको छ। सबैलाई सुरक्षित रहन अनुरोध गरेका छौं।’

चीनको मौसम केन्द्रले के भन्छ ?

चीनको मौसम केन्द्रले मंगलबार बुलेटिन जारी गर्दै दक्षिणपश्चिम मनसुन (बर्खायाममा दक्षिण एसियामा सक्रिय रहने मनसुन) सक्रिय हुने उल्लेख गरेको छ। तर, उसले पनि विश्व मौसम संगठनको बेइजिङ केन्द्रलाई उद्धृत गरेर दक्षिणपश्चिम मनसुन र उष्णकटिबंधीयको प्रभावमा पश्चिमी र उत्तरपूर्वी भारतका केही भाग, दक्षिणपश्चिमी श्रीलंका, उत्तरी बंगलादेश साथै पश्चिमी र दक्षिणी म्यानमार र दक्षिणपश्चिमी थाइल्यान्डमा भारीदेखि मुसलधारे वर्षाको अनुमान रहेको भनेको छ। तर, यो बुलेटिनमा नेपाल वा चीनको तिब्बतबारे पनि उल्लेख छैन। नेपालसहित दक्षिण एसियाली मुलुकमा वार्षिक वर्षाको सबैभन्दा धेरै पानी दक्षिण एसियाली मनसुनले पार्छ ।

गण्डकी प्रदेश सरकार
उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
भूमिगत जलश्रोत तथा सिँचाइ कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

सूचना सच्चाइएको सम्बन्धमा

मिति : २०८२/०३/०५ (19th June 2025)

यस कार्यालयबाट मिति २०८२/०३/०४ (18th June 2025) मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित Notice for Shortlisted Consulting Firms सम्बन्धी सुचनामा Name of the Consulting Firms मा DSC-GES-Quest JV, Kathmandu metropolitan city-09 Sinamangal छुट हुन गएकोमा उक्त फर्म थप गरिएको व्यहोरा सुचित गरिन्छ।

Office Chief

सर्टिफिकेट हरायो

मिति २०८१/३/२० गते रत्नपार्क बाट बानेश्वरसम्म जाँदा +2 को NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Rinky Mahato
Reg.No : 732519197
Symbol No. : 22504081
Contact : 9818994928

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय स्याङ्जा

आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२/०३/०५ गते)

यस कार्यालयको मिति २०८२/०१/२५ मा www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहायबमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४, संशोधनसहितको नियम ३१ज को उपनियम ५ बमोजिम निम्न बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताब स्वीकृतिका लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

Contract Number	Description of works	Name of successful bidders	Opening date, time and venue
ACRM/NCB/W/RD/13/081/82	Upgrading of Approach Road (Ward5 and 6)	1. Pathak/Vision J.V 2. Buddha Nirman Sewa 3. I.D/Swarnim J.V 4. Shandar/Hatairaj J.V 5. B.C/S.C/R.N.S J.V 6. Tilak/Anger Bhanger J.V 7. Darshan Construction Pvt.Ltd 8. Pokhara/Manoj/Todays J.V 9. ACPL/KNS/JGNS J.V 10. I.D/Sherpa J.V	२०८२/०३/१२ १२:०० बजे, अर्जुनचौपारी गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा

Manebhanjyang Rural Municipality
Office of The Rural Municipal Executive
Manebhanjyang, Okhaldhunga
Koshi Province, Nepal

Invitation Sealed Bids

Date of Publication : 2082/03/05 B.S. (19 June 2025)

Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive, Okhaldhunga invites only electronic Bids from eligible bidders for the following Works under **SQ Procedures** respectively. For the further information please visit E-GP portal of Public Procurement Monitoring Office (PPMO) i.e. (https://www.bolpatra.gov.np) or contact Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive.

S.N.	Contract ID.	Description of Work	Bid Security Amount NRs.	Bid Fee NRs.	Estimated Amount (With 13% VAT)	Last Date of Bid-Submission
1.	MRM/SQ/SPP/28/081/082	Sanitary Pad Procurement-81/82	20,000.0	1,000.00	7,38,436.92	2082/3/20 BS (04 July 2025) 12:00 PM

Chief Administrative Officer

कम्बोडियामा पक्राउ गरेर काठमाडौं ल्याइए मितेरी सहकारी ठगीका मुख्य आरोपी भण्डारी

भण्डारीलाई बुधबार मध्यराति नेपाल ल्याइएको छ भने अर्का आरोपी ज्योति गुरुङ अमेरिकामा लुकेकी छिन्



ज्योतिकुमार भण्डारीले मितेरीका तत्कालीन महाप्रबन्धक ज्योति गुरुङलाई प्रभावित गरी ०७६ मा सहकारीबाट तीन करोड र त्यसपछि थप १२ करोड ९४ लाख ८९ हजार ३५७ रुपैयाँ लिई 'क्रिप्टो'मा लगानी गरेको सिआइबीको भनाइ

टेकराज थामी/नयाँ पत्रिका

ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ ठगीका मुख्य अभियुक्त ज्योतिबहादुर भण्डारी कम्बोडियामा पक्राउ परेका छन्। डिफ्युजन नोटिस जारी गरिएका उनलाई कम्बोडियन प्रहरीले पक्राउ गरेको हो।

नेपाल प्रहरीको सहयोगमा उनलाई बुधबार मध्यराति नेपाल ल्याइएको छ। नेपाल प्रहरीअन्तर्गत केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रमुख एआइजी चन्द्रकुवेर खापुडले मितेरी सहकारी ठगीमा संलग्नमध्ये ज्योतिबहादुर भण्डारी पक्राउ परेको बताए। 'मितेरी सहकारी ठगीमा संलग्नमध्ये ज्योतिबहादुर भण्डारी पक्राउ परेर नेपाल ल्याइएको छ। उनको बारे डिटेल बुझ्न फाइल नै अध्ययन गर्नुपर्छ,' उनले भने।

घटनाको अनुसन्धान गरिरहेको सिआइबीका अनुसार उनले मितेरीका तत्कालीन महाप्रबन्धक ज्योति गुरुङलाई प्रभावित गरी ०७६ मा सहकारीबाट तीन करोड रुपैयाँ लिएका थिए। त्यसपछि पनि उनले सहकारीबाट थप १२ करोड ९४ लाख ८९ हजार ३५७ रुपैयाँ लिएका थिए। उक्त रकम उनले 'क्रिप्टो'मा लगानी गरेका थिए। ज्योतिबहादुरकै योजनामा ज्योतिले सबै हर्कत गरेको प्रहरीको भनाइ छ। सिआइबीले घटनामा जोडिएका ज्योतिबहादुर र ज्योतिसहित सुजन शाक्य, हितमान थापा र प्रकाश थापाविरुद्ध गत ६ असोज ०८१ मा नै पक्राउ पुर्जी जारी गरेको थियो। तर, उनीहरूमध्ये कसैलाई पनि प्रहरीले पक्राउ गर्न सकेको छैन।



मितेरी सहकारी ठगीमा संलग्नमध्ये ज्योतिबहादुर भण्डारी पक्राउ परेर बुधबार राति नेपाल ल्याइएको छ। उनको बारेमा डिटेल बुझ्न फाइल नै अध्ययन गर्नुपर्छ।

एआइजी **चन्द्रकुवेर खापुड**, प्रमुख, सिआइबी

प्रहरीका अनुसार ठगीमा संलग्न सबै अभियुक्त नेपालमा छैनन्। कांग्रेस उपसभापति तथा सांसद धनराज गुरुङकी पूर्वश्रीमती ज्योतिविरुद्ध रेडकर्नर नोटिस नै जारी भएको छ। प्रहरी स्रोत उनी अहिले अमेरिकामा रहेको बताउँछ। 'मितेरी सहकारी ठगीमा ज्योतिबहादुर र ज्योतिविरुद्ध रेडकर्नर नोटिस जारी छ। त्यसमध्ये ज्योतिबहादुर पक्राउ परेका छन्। ज्योति भने अमेरिकामा रहेको सूचना छ । अन्य अभियुक्तको पनि खोजी कार्य जारी छ,' प्रहरी स्रोतले भन्यो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएलगत्तै ज्योतिबहादुरलाई नेपाल प्रहरीले औपचारिक रूपमा पक्राउ गर्नेछ। घटनाको अनुसन्धानका लागि सिआइबीमा बुझाउनेछ। त्यसलगत्तै मितेरी ठगीको अनुसन्धान फाइल पुनः खुल्ने सिआइबीको भनाइ छ।

सिआइबीका प्रवक्ता एसपी युवराज खड्काले मितेरी सहकारीको अनुसन्धान जारी नै रहेको र ज्योतिबहादुरको पक्राउपछि केस नयाँ ढंगले अघि बढ्ने बताए। 'मितेरी सहकारी ठगीको अनुसन्धान जारी नै छ। समाचारमा आएअनुसार ज्योतिबहादुर पक्राउ परेका छन्। कुनै औपचारिक खबर त छैन। तर, ज्योतिबहादुर आएपछि केस नयाँ ढंगले अघि बढ्नेछ,' उनले भने।

कांग्रेस उपसभापति गुरुङमाथि विस्तृत अनुसन्धान नै भएन



सांसद सूर्य थापाको नेतृत्वमा गठित उच्चस्तरीय छानबिन समितिले कांग्रेस उपसभापति एवं सांसद धनराज गुरुङविरुद्ध पनि छानबिन गरिनुपर्ने सिफारिस गरे पनि सत्ताको आडमा उनले उन्मुक्ति पाएका छन्। मितेरीका तत्कालीन महाप्रबन्धक ज्योति गुरुङका पूर्वपति धनराजलाई सिआइबीले २८ कात्तिक ०८१ मा लाजिम्पाटस्थित कार्यालय उपस्थित गराएर ५ घटना बयान लिएर छाडेको थियो। तर, उनी न पक्राउ परे, न त मुद्दा नै दर्ता भयो। प्रहरीसँगको बयानमा उनले मितेरी सहकारीको रकम हिनामिनामा आफ्नो कुनै संलग्नता नभएको दाबी गरेका छन्। उनले बरु आफू सहकारीबाट उल्टो पीडित बनेको गुनासो प्रहरीसमक्ष बताएका छन्।

बागमती प्रदेशस्थित सहकारी रजिस्ट्रारको कार्यालयले नै धनराजविरुद्ध अनुसन्धान गर्न सिफारिस गऱ्यो। तर, बयानका लागि कार्यालय उपस्थित गराएको सिआइबीले उनलाई ससम्मान बिदाइ गऱ्यो। सहकारीका अध्यक्ष कुम्भराज गुरुङले १४ साउन ०८१ मा बागमती प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी दिएका थिए। उजुरीमा धनराजको नामै किटेर हिनामिनामा संलग्नता रहेको उल्लेख थियो। त्यसअघि कुम्भराज जाहेरी बोकेर सिआइबी पुगेका थिए।

धनराजविरुद्ध अनुसन्धान प्रक्रिया अघि नबढ्ने भएपछि कुम्भराजसहितको टोली सरकारबाट गठित संसदीय छानबिन विशेष समितिमा पुगेर उजुरी दिएको थियो। समितिले सहकारीको कार्यालय अनुगमन गर्नुका साथै कुम्भराजको बयान लिएको थियो। उनले रकम हिनामिनामा धनराजको पनि संलग्नता रहेको बयान दिएका थिए। संसदीय छानबिन समितिले आफ्नो प्रतिवेदनमा धनराजमाथि थप अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो।

ज्योति धनराजकी पूर्वश्रीमती हुन्। उनीहरूबिच २९ फागुन ०७६ मा सम्बन्धविच्छेद भएको थियो। ३ फागुन ०७७ मा धनराजले सहकारीबाट १२ लाख रुपैयाँ ऋण लिएका थिए। ऋणपत्रमा धनराजले हकवाला भनी ज्योतिकै नाम उल्लेख गरेका छन्। अपचलन भएको रकम धनराजले पनि चुक्ता गर्नुपर्ने सहकारीका अध्यक्ष गुरुङको माग छ।

गण्डकी प्रदेश सभा सदस्य मनाङे पदमुक्त

फौजदारी कसुरमा दोषी ठहर

कास्कीमा **रोहितराज पराजुली**



ज्यान मार्ने उद्योग मुद्दामा अदालतले दोषी ठहर गरेको गण्डकी प्रदेशका प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री दीपक मनाङेका नामले परिचित राजीव गुरुङ पदमुक्त भएका छन्। फौजदारी कसुरमा दोषी ठहर भई फैसला अन्तिम भइसकेको भन्दै सर्वोच्च अदालतको बुधबार बसेको संवैधानिक इजलासले उनलाई पदमुक्त गर्ने निर्णय गरेको हो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र कुमार चुडालको इजलासले बुधबारदेखि लागू हुने गरी मनाङेलाई प्रदेश सभा सदस्यबाट पदमुक्त गर्ने निर्णय गरेको हो।

यसअघि सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले २० कार्त्तिक ०८१ मा ज्यान मार्ने उद्योग मुद्दामा दोषी ठहरको फैसला सुनाएको थियो। सर्वोच्चको फैसलापछि मनाङे हाल डिल्लीबजार कारागारमा छन्।

उच्च अदालत पाटनले गरेको फैसलालाई सर्वोच्चको गत २० कात्तिकको इजलासले सदर गरेको थियो। उच्चले उनलाई दोषी ठहर गरी पाँच वर्ष कैद सजाय सुनाएको थियो। उच्चको फैसलाविरुद्ध सर्वोच्च पुगेका मनाङेको मागदाबी नपुग्ने फैसला भएसँगै उनी दोषी ठहर भएका थिए। दोषी ठहरसँगै उनलाई पाँच वर्ष कैद सजाय तोकिएको थियो।

गुन्डागर्दी पृष्ठभूमिका मनाङेको समूहले चक्रे मिलन (मिलन गुरुङ)को हातमा तरबार प्रहार गरेको घटनामा यो फैसला भएको हो। ठेक्कापट्टा र असुली धन्दा गर्दै आएका उनीहरूबिचमा कुरा नमिलेपछि मनाङे र चक्रे मिलन समूहबिच ०६१ मा भएको झडपमा चक्रेको हात छिनाएको थियो। पछि शिक्षण अस्पतालमा उनको हात जोडिएको थियो। त्यसपछि यो मुद्दा जिल्ला अदालत काठमाडौं पुगेको थियो। जिल्ला अदालतले सामान्य कुटपिट भएको भन्दै मनाङेलाई दुई वर्ष कैद सजाय सुनाउँदै घटनामा संलग्न भएका अन्य चारजनालाई निर्दोष साबित गरेको थियो। जिल्लाको फैसलामा चित्त नबुझेको भन्दै सो मुद्दा उच्च अदालत पाटन पुगेको थियो। उच्चले जिल्लाको फैसला उल्टाउँदै ज्यान मार्ने उद्योगअन्तर्गत मनाङेलाई पाँच वर्षको जेलसजाय सुनाएको थियो। उच्चको फैसला चित्त नबुझेको भन्दै उनले ३ फागुन ०७५ मा सर्वोच्च अदालत पुनरावेदन गरेका थिए। उनले गरेको पुनरावेदनलाई सर्वोच्चले दाबी नपुग्ने फैसला सुनाएपछि दोषी ठहर भएका हुन्।

सर्वोच्चले उच्चको फैसला सदरसँगै पाँच वर्षको कैदमध्ये मनाङेले गत २० कात्तिकअघि दुई वर्ष कैद भुक्तान गरिसकेका छन्। फैसलापछि अब उनले तीन वर्ष कैद सजाय भुक्तान गर्नुपर्नेमा अदालतले उनको २० प्रतिशत कैद सजाय घटाउने निर्णयसँगै अब उनी एक वर्ष कारागार बस्नुपर्नेछ। विभिन्न मुद्दा खेपिरहेका मनाङे नयाँ फौजदारी संहिता ऐनको १९४ ले १० वर्षभन्दा कम सजाय हुने मुद्दामा जेल बस्नु नपर्ने र बाहिर बसेर मुद्दा लड्न पाउने भनी गरेको व्यवस्थाअनुसार ६ पुस ०७५ मा सर्वोच्चको आदेशमा कारागार मुक्त भएका थिए।

मनाङे गण्डकी प्रदेश सभाको दुईपटक सदस्यमा निर्वाचित भइसकेका छन्। उनी ६ पटक मन्त्रीसमेत बने। गण्डकीमा धेरैपटक मन्त्री हुने सूचीको एक नम्बरमा उनी छन्। १० मँसिर ०७४ मा भएको पहिलो चरणको निर्वाचनमा मनाङ (२) बाट स्वतन्त्र रूपमा उम्मेदवारी दिएर विजयी भएसँगै गुमनाम रहेका उनले प्रदेश सभा सदस्यको शपथ लिएका थिएनन्। ज्यानसम्बन्धी मुद्दामा उच्च अदालत पाटनबाट दोषी ठहरिएपछि उनी गुमनाम थिए। ०७४ वैशाखमा ज्यान मार्ने उद्योगअन्तर्गत कारागार चलान भएका उनी ६ पुस ०७५ मा सर्वोच्चको आदेशमा धरौटी तारेखमा कैदमुक्त भएका थिए।

संक्षेप

वडाध्यक्ष खनालसँगै आठजनाविरुद्ध किटानी जाहेरी दर्ता



कास्की/ स्याङ्जास्थित आँधीखोला बचाउ अभियान संघर्षको कार्यक्रमबाट फर्किरहेका रास्वपाका दुई नेतामाथि मंगलबार फलामको रड प्रहार गरेर फरार रहेका वालिङका एक वडाध्यक्षसँगै आठजनाविरुद्ध प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता भएको छ। वालिङ नगरपालिका- १० का वडाध्यक्ष सुनील खनालसँगै आठजनाविरुद्ध बुधबार वडा प्रहरी कार्यालय वालिङमा ज्यानसम्बन्धी कसुरमा जाहेरी दर्ता भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक प्रसन्नराज चौधरीले बताए।

मेघ आले र दिनेश तिवारीको नामबाट आएको जाहेरी प्रहरीले दर्ता गरी आवश्यक अनुसन्धानको प्रक्रिया सुरु गरेको उनको भनाइ छ। वडाध्यक्ष खनालले रास्वपाका केन्द्रीय सदस्यसमेत रहेका अभियन्ता आले र केन्द्रीय नेतृत्व क्षमता विकास विभागका सदस्य तिवारीलाई मंगलबार वालिङ नगरपालिका- ९, सुर्कीदीमा रडले हानेर घाइते बनाएको आरोप लागेको छ। घटनापछि वडाध्यक्ष खनाल फरार छन्। आँधीखोला बचाउ अभियान संघर्षको घोषणा गरेर मोटरसाइकलमा फर्किरहेका उनीहरूलाई वडाध्यक्ष खनालले बाटोमा रोकेर एक्कासि फलामको रडले हानेको आरोप लागेको छ।

महानगर प्रहरी प्रमुख पाण्डेलाई काममा फर्कन दिन उच्चको आदेश



काठमाडौं/ काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजु पाण्डेलाई उच्च अदालत पाटनले काममा फर्कन दिन आदेश दिएको छ। अदालतले बुधबार नगर प्रहरी प्रमुख पाण्डेलाई निलम्बन नगर्न काठमाडौं महानगरपालिकाको नाममा आदेश दिएको हो। न्यायाधीश ऋषिराज भण्डारी र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले मुद्दाको किनारा नलाग्दासम्म पाण्डेलाई नगर प्रहरी प्रमुखकै जिम्मेवारीमा काम गर्न दिनसमेत आदेश दिएको छ। कार्यालय प्रवेशमा अवरोध गरेको भन्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले पाण्डेलाई २० जेठमा ६ महिनाका लागि निलम्बन गरेका थिए। तर, आफूलाई प्रतिशोध राखेर निलम्बन गरेको भन्दै पाण्डेले मंगलबार अदालतमा रिट दायर गरेका थिए। पाण्डे मेयर बालेन्द्र शाह बालेननिकट मानिन्छन्। काठमाडौं भ्यु टावर निर्माणमा अनियमितता गरेको भन्दै बालेनले प्रशासकीय अधिकृत गुरागाईंलाई कारबाही गरेका थिए। तर, केन्द्र सरकारले जबर्जस्ती महानगर फिर्ता पठाएको भन्दै बालेन रुष्ट थिए। बालेन र प्रमुख प्रशासकीय अधिकृत गुरागाईंबिच हाल बोलचाल बन्द छ।

तामाकोशी नदीमा करेन्ट लगाएर माछा मार्ने पाँच पक्राउ

रामेछाप/ तामाकोशी नदीमा विद्युतीय करेन्ट लगाएर माछा मार्ने पाँचजना पक्राउ परेका छन्। मन्थली नगरपालिका- ६ भजुवाजोरस्थित तामाकोशी नदीमा मगंलबार राति करेन्ट लगाई स्थानीय युवाले माछा मार्दै गरेको सूचना आएपछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा मन्थली नगरपालिका- ६ का ३९ वर्षीय ललितबहादुर माझी, २० वर्षीय प्रेम माझी, ३६ वर्षीय राजन माझी, २७ वर्षीय भारतबहादुर माझी र ३६ वर्षीय आशिष माझी छन्। प्रहरी टोलीले माछा मार्न प्रयोग गरिएको ब्याट्री, तार, जाल र माछा नियन्त्रणमा लिएको छ। पक्राउ परेकालाई जलचर संरक्षण ऐनअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। करेन्ट लगाएर माछा मार्नु गैरकानुनी कार्य हो।

लागुऔषधविरुद्ध अभियान सञ्चालन गर्दै प्रहरी

धनगढी/ कैलालीमा प्रहरीले लागुऔषधविरुद्धको अभियान सञ्चालन गर्ने भएको छ। अभियान सञ्चालन गर्न जिल्ला प्रहरी कार्यालयले लागुऔषध नियन्त्रण कार्यविधि तयार पारी प्रदेश प्रहरी कार्यालयबाट स्वीकृत गराएर कार्यान्वयनको तयारी गरेको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख बालनरसिंह राणाले लागुऔषध प्रयोगकर्ता र अभिभावक लक्षित गरेर जिल्लाभरि लागुऔषधविरुद्धको अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए। 'लागुऔषधको अवस्था भयावह रहेछ, कारागारमा रहेकामध्ये ७० प्रतिशतभन्दा बढी लागुऔषध मुद्दाका छन्,' उनले भने, 'लागुऔषध नियन्त्रण गर्न पालिकाहरूको सहयोगमा जिल्लाभरि अभियान चलाउन लागेका हौं।' अभियानअन्तर्गत अभिभावक, प्रयोगकर्ता तथा लागुऔषधको जोखिममा रहेका व्यक्ति पहिचान गरी उनीहरूलाई प्रशिक्षण दिइने प्रहरीले जनाएको छ। लागुऔषधको दुर्व्यसनीमा फसेकाको पहिचान गरी अभिभावकको समन्वयमा उनीहरूलाई पुनर्स्थापना केन्द्र पठाउने, विद्यालय, क्याम्पसमा विद्यार्थीलाई लागुऔषधविरुद्ध सचेत गराउने प्रहरीको योजना छ।

सुरक्षासम्बन्धी नेपाल-भारत बैठक पुनेमा

पर्शुराम काफ्ले/नयाँ पत्रिका



सुरक्षासम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूह (बिसिजिएसआई) को १६औं बैठक ९ र १० असारमा भारतको पुनेमा हुने भएको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले बैठकमा सहभागी हुन परराष्ट्र, रक्षा मन्त्रालयका अधिकारी तथा सैन्य अधिकारीलाई स्वीकृति दिएको छ। बैठकमा नेपाली सेना र भारतीय सेनाबिच पारस्परिक सम्बन्ध, तालिम तथा रक्षा सामग्री खरिद, आपूर्तिलगायत विषयमा हुने छलफल हुनेछ।

समूहको १५औं बैठक १८ असोज ०८० मा पोखरामा भएको थियो। 'सन् २००३ मा स्थापित यो संयन्त्रको यसपटक १६औं बैठक हुन लागेको हो। दुई देशबिच पालैपालो हुँदै आएको बैठक नेपालमा आठपटक भइसकेको छ, यसपालि भारतमा आठौंपटक हुन लागेको हो,' नेपाल सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले नयाँ पत्रिकासँग भने। परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखा प्रमुख गेहेन्द्र राजभण्डारीले बैठकमा नेपालको नेतृत्व गर्नेछन्। भारतको नेतृत्व विदेश मन्त्रालयको उत्तरी महाशाखा प्रमुख मनु महावरले गर्नेछन्। बैठकमा दुवैतर्फ सेनाका अधिकारी सहभागी हुनेछन्।

'द्वन्द्वकालमा नेपाली सेनाको क्षमता अभिवृद्धि, तालिम, रक्षा सामग्री सहयोग, राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना आदानप्रदानलगायत विषयमा छलफल गर्न गठन भएको संयन्त्रको यो निरन्तरता हो,' सेनाका एक उपरथीले नयाँ पत्रिकासँग भने।

बैठकमा पारस्परिक सुरक्षा, सैन्य वा रक्षा सामग्री आपूर्ति, प्रशिक्षण तथा क्षमता अभिवृद्धि, संयुक्त सैन्य अभ्यास, पारस्परिक भ्रमण, संयुक्त यात्रा, साहसिक गतिविधि, विपत् व्यवस्थापनमा सहकार्य र सूचनाको आदानप्रदानका विषयमा छलफल हुँदै आएको छ। यही संयन्त्रले गरेको सुरक्षासम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूहको १६औं बैठक हुन लागेको हो। बैठक नेपालमा आठपटक भइसकेको छ, भारतमा हुन लागेको यो आठौंपटक हो

सहायक रथी **राजाराम बस्नेत**, प्रवक्ता, नेपाल सेना

निर्णयअनुसार भारतले नेपाली सेनालाई हातहतियार, गोलीगठ्ठा, गाडीलगायत सामग्री खरिदमा ६० प्रतिशत छुट दिँदै आएको छ। नेपालले ०६३ देखि हालसम्म सैन्य सामग्री खरिद गर्दा तिर्नुपर्ने ४० प्रतिशत रकमअन्तर्गत करिब चार अर्ब रुपैयाँ तिर्न बाँकी छ। रक्षा सामग्री खरिद प्रक्रिया संशोधन र बक्यौता रकमका विषयमा संयन्त्रको बैठकमा छलफल भए पनि निर्णय हुन नसकेको रक्षा मन्त्रालयका एक उच्च अधिकारीले बताए।

'सेनाका लागि किनिएका ट्रक, विस्फोटक पदार्थ, गोलीगठ्ठाबापतको रकम थपिएको थपियै छ, भारतले दिइरहेको पनि छ। तर, किस्ताबन्दीमै भए पनि नेपालले यो ऋण तिर्ने हो भने भारतबाट चाहेको हतियार र रक्षा सामग्री खरिद सजिलो हुन्थ्यो। बक्यौता रकम सरकारले नतिर्दा भन्न पनि समस्या भएको छ,' सेनाका अर्का उपरथीले भने।

जानकार अधिकारीका अनुसार २७-२८ जेठ ०७३ मा बसेको द्विपक्षीय परामर्श समूहको १२औं बैठकमा नेपाल पक्षले ४० प्रतिशत भुक्तानी र ६० प्रतिशत अनुदानमा हतियार किन्ने मोडालिटी फेर्न प्रस्ताव गरेको थियो। नेपाललाई चाहिएअनुसार हतियार नआएको, भारतले राखेको ४० प्रतिशत मूल्य पारदर्शी नभएको त्यसबेला नेपाली अधिकारीको भनाइ थियो। 'नेपालका लागि भारतले ६० प्रतिशत छुट होइन, वार्षिक सैन्य सहायताका नाममा एउटा निश्चित रकम छुट्याइदिनुपऱ्यो, हामी शतप्रतिशत पैसा तिरेर भारतबाटै हामीलाई चाहिने रक्षा सामग्री/हतियार खरिद गर्छौं भन्ने प्रस्ताव थियो,' त्यसबेला वार्तामा सहभागी सैन्य अधिकारीले भने, 'भारतले दिने सैन्य सहायताबापतको रकमबाट नेपालले चाहेको हतियार भारतबाटै खरिद गर्ने, आवश्यक थप हतियार पनि भारतबाट किन्ने र शतप्रतिशत भुक्तानी दिने नेपालको प्रस्ताव थियो। त्यसबेला भारतीय पक्षले माथिल्लो तहमा जानकारी गराएर खबर गर्ने जवाफ दिएको थियो।'

मञ्जुको हत्यापछि रवीन्द्रले गरे आत्महत्या

उदयपुर/ उदयपुरको चौदण्डीगढी नगरपालिका- ४ अमलचौरीमा प्रेमिकाको हत्यापछि प्रेमीले आत्महत्या गरेका छन्। इलाका प्रहरी कार्यालय बेल्टारका प्रमुख इन्स्पेक्टर बबिन राईले २८ वर्षीय रवीन्द्र राईले १४ वर्षीया मञ्जु राईको हत्या गरी आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जानकारी दिए।

बुधबार बिहान मञ्जुको शव अमलचौरीको गाउँकै बाटोमा फेला परेको थियो। रवीन्द्र भने रुखमा झुन्डिएको अवस्थामा फेला परेका थिए। 'घटनाको प्रकृति हेर्दा हत्यापछि आत्महत्या देखिन्छ। केटीको घाँटीमा औंलाका डाम छन्। केटीको शव भएको ठाउँमा केटाको चप्पल भेटिएको छ। त्यसकारण हत्यापछि आत्महत्या भन्न सकिन्छ,' इन्स्पेक्टर राईले भने।

घटनापछि गाउँघरमा सोधपुछ गर्दा दुवैजना प्रेम सम्बन्धमा रहेको बुझिएको उनको भनाइ छ। '१४ वर्षकै उमेरमा मृत बालिका प्रेम सम्बन्धमा रहेको बुझिएको छ। तर, हत्यापछि किन आत्महत्या भन्नेबारे अनुसन्धान गरिरहेका छौं,' उनले भने। मञ्जुका बुबा सीताराम राईले छोरीको हत्या भएको भन्दै जाहेरी दिएका छन्। 'दुवै शवको पोस्टमार्टम गर्न बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएका छौं। रिपोर्टपछि कारण खुल्ला। शवको प्रकृति हेर्दा हत्या भएको देखिन्छ। किनभने केटीको घाँटीमा चोटपटक छ,' इन्स्पेक्टर राईले भने। मञ्जु माडीबास माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत थिइन्। रवीन्द्र राहदानी बनाएर विदेश जाने तयारीमा रहेको खुलेको इन्स्पेक्टर राईले बताए। मञ्जुकी आमा मीना राईले छोरी र रवीन्द्रबिच प्रेम सम्बन्ध रहेको आफूले पनि सुनेको बताइन्।

फास्ट ट्र्याकको प्रस्थान विन्दु डुकुछाप सार्न जनजाति आयोगको प्रस्ताव

खोकनाबाट प्रस्थान विन्दु सार्न सेनासमेत सहमत भएको र स्थानीयले पनि सहमति जनाएको आयोगको दाबी

नयाँ पत्रिका



बहुप्रतीक्षित काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक)को प्रस्थान विन्दु परिवर्तन गर्न आदिवासी जनजाति आयोगले सरकारसमक्ष प्रस्ताव पेस गरेको छ। तीन महिनाको स्थलगत अध्ययनपछि बनेको प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई पेस गर्दै आयोगले यस्तो प्रस्ताव गरेको हो।

आयोगले फास्ट ट्र्याकको नयाँ प्रस्थान विन्दु गोदावरी नगरपालिका- ८ को डुकुछापमा सार्न पनि प्रस्ताव गरेको छ। खोकना क्षेत्र नेवारको आदिभूमि रहेको र डुकुछापमा प्रस्थान विन्दु सार्न सेना पनि तयार भएको तर्क पेस गर्दै आयोगले यस्तो प्रस्ताव गरेको हो। आयोगका अध्यक्ष रामबहादुर थापामगरले प्रधानमन्त्री कार्यालयमा प्रस्थान विन्दु सार्ने प्रस्तावसहितको प्रतिवेदन पेस गरेका हुन्।

फास्ट ट्र्याकको प्रस्थान विन्दु सार्न प्रधानमन्त्री ओलीसमक्ष प्रस्ताव गरिएको आयोगका अध्यक्ष थापामगरले बताए। 'हालको अलाइनमेन्टअनुसार फास्ट ट्र्याकको प्रस्थान विन्दु ललितपुर महानगरपालिका- २१ खोकनाको फुडोलमा पर्छ। त्यो क्षेत्र नेवारी समुदायको आदिभूमि हो। त्यस क्षेत्रमा फास्ट ट्र्याकको प्रस्थान विन्दु बनाउँदा सयौं नेवार समुदाय विस्थापित हुने देखियो। विकल्पमा गोदावरी नगरपालिका- ८ को डुकुछापलाई प्रस्थान विन्दु बनाउन भनियो। किनकि यस क्षेत्रमा स्थानीयले समेत स्वीकृति जनाएका छन्। र, सेना पनि उक्त क्षेत्रमा प्रस्थान विन्दु बनाउन राजी छ,' उनले भने।

फास्ट ट्र्याक निर्माणका लागि हालसम्म ८४ अर्ब ४० करोड रुपैयाँभन्दा धेरै खर्च भइसकेको छ। तर, प्रस्थान विन्दु खोकना-डुकुछापको ६ किमि खण्डमा अझै टेन्डर हुन सकेको छैन। स्थानीयको चर्को विरोधपछि सेनाले उक्त क्षेत्रमा टेन्डर गर्न नसकेको हो। यद्यपि सरकारले हालसम्म उक्त क्षेत्रमा ८५ प्रतिशत जग्गाको मुआब्जा निर्धारण गरेको छ। १५ प्रतिशतमा भने विवाद कायम छ।

सोही विषयलाई लिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता महाशाखाले आयोगलाई सुझाव प्रतिवेदन दिन आग्रह गरेको थियो। सोही आग्रहपछि आयोग स्थलगत अध्ययनमा लागेको थियो। अध्ययनपछि खोकना सांस्कृतिक सम्पदा भएको क्षेत्र रहेको आयोगको दाबी छ। यसका लागि आयोगले नेपाल पर्यटन बोर्डबाट प्रकाशित 'द लिभिङ म्युजियम' नामक बुकलेट, पुरातत्त्व विभागबाट ३१ असार ०७८ मा प्रकाशित बुलेटिनलाई आधार मानेको थियो। सोही आधारलाई टेकेर ललितपुर महानगरपालिका- २१ ले पनि द्रुतमार्गको प्रस्थान विन्दु डुकुछापमै राख्ने सर्वसम्मत निर्णय गरेको थियो। त्यसबाहेक खोकनाका स्थानीयले पनि द्रुतमार्गको प्रस्थान विन्दु डुकुछाप नै राख्नुपर्ने निर्णय गरेको थियो।

आयोगले प्रस्थान विन्दुको सन्दर्भमा २२ वैशाख ०८२ मा नेपाली सेना, रक्षा मन्त्रालय र भौतिक योजना तथा यातायात मन्त्रालयको प्रतिनिधिसँग छलफल गरेको थियो। उनीहरूले पनि प्रस्थान विन्दु डुकुछाप बनाउँदा कठिनाइ नहुने भनेका थिए। फास्ट ट्र्याकको प्रस्थान विन्दुको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयअन्तर्गत कार्य समूह र विशेष च्यापोर्टरले समेत चासोका साथ हेरेको छ।

फास्ट ट्र्याक ११ खण्डमा विभाजन गरी निर्माण कार्य हुँदै आएको छ। जसमध्ये १० खण्डको टेन्डर पूरा भएर पनि निर्माण कार्य हुँदै छ। सबैगरी हालसम्म ४१ प्रतिशत भौतिक र ४० प्रतिशत वित्तीय प्रगति भएको छ। मुआब्जा समस्याका कारण खोकना र बुडमती खण्डमा भने हालसम्म टेन्डरसमेत हुन सकेको छैन। कुल ७०.९७ किलोमिटर दूरीको दुई खर्ब ११ अर्ब ९३ करोड लागतको सडक आयोजना ०७४ मा सुरु भएको हो। आयोजनाको संशोधित अवधि ०८३ चैतमा सम्पन्न गर्ने लक्ष्य छ। सरकारले २१ वैशाख ०७४ मा द्रुतमार्ग आयोजनाको व्यवस्थापन सेनालाई दिएको थियो। दुई वर्षपछि १ भदौ ०७६ मा डिपिआर स्वीकृत गरेको थियो। त्यही मितिबाट साढे चार वर्षमा द्रुतमार्ग निर्माण सक्ने सेनाको लक्ष्य छ।

बजेटमा बैंक तथा वित्तीय क्षेत्रका चुनौती

गरिबी, बेरोजगारी तथा कृषि र उद्योग क्षेत्रको न्यून उत्पादन एवं बढ्दो व्यापार घाटालाई बजेटले ठोस सम्बोधन गर्न सकेको छैन





● प्रेमलकुमार खनाल

अग्रलेख

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संघीय संसद्को संयुक्त बैठकमा पेस गरेको आर्थिक वर्ष ०८२/८३ को बजेटमा पाँच उद्देश्य राखिएका छन् । पहिलो उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने । दोस्रो, उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने । तेस्रो, आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने । चौथो, सामाजिक संरक्षण एवं विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने । पाँचौं, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।

यस्तै बजेटका निम्न पाँच प्राथमिकता उल्लेख गरिएका छन्- पहिलो- उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, दोस्रो- प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार, तेस्रो- सामाजिक क्षेत्रमा गुणात्मक सुधार, चौथो- सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र पाँचौं- नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार गर्ने ।

बजेटमा वित्तीय क्षेत्र सुदृढीकरण : बजेटमा वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता विकास गर्ने, पुँजी प्रवाह र कर्जाको पहुँचमा सहजता ल्याउन आवश्यक प्रबन्ध मिलाइने, वित्तीय क्षेत्र जोखिम व्यवस्थापनलाई सुदृढ बनाउँदै संस्थागत सुशासन कायम गर्ने र वित्तीय क्षेत्रमा विकसित भएका जोखिम न्यूनीकरणसम्बन्धी नयाँ-नयाँ उपकरण परिचालन गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिने उल्लेख छ । यस्तै बजेटमा नेपाल राष्ट्र बैंक र नेपाल बिमा प्राधिकरणसम्बन्धी कानुनमा सामयिक सुधार गर्ने, पुँजीबजारमा नागरिकको लगानी र हित संरक्षण गर्न धितोपत्र बोर्डको संस्थागत क्षमता सुदृढ गर्ने र नेपाल स्टक एक्सचेन्जको पुनर्संरचना गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने उल्लेख गरिएको छ । यस्तै वित्तीय क्षेत्र सुधार रणनीति कार्यान्वयन गर्ने र बैंक तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि एसेट मेनेजमेन्ट कम्पनी स्थापना गर्ने उल्लेख छ । यस्तै बजेटमा समग्र मागमा कमी आई व्यवसाय संकुचन भएका कारण समस्यामा परेका उद्योगी व्यवसायीको कर्जाको पुनर्तालिकीकरण, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियत प्रदान गरी व्यावसायिक पुनरुत्थान गर्न सहजीकरण गर्ने, सम्बन्धित व्यक्तिले वर्षमा एकपटक एक ठाउँमा केवाइसी विवरण भर्ने र सो विवरणलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गर्ने व्यवस्था मिलाइने र केवाइसी विवरण आवश्यक पर्ने निकायले विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था गर्ने उल्लेख गरिएको छ ।

यस्तै अर्थतन्त्रलाई गतिशील तुल्याउन निजी क्षेत्रमा प्रवाह हुने कर्जा विस्तार गर्ने, विद्यमान क्षेत्रगत जोखिम व्यवस्थामा पुनरावलोकन गरी कार्यशील पुँजीका लागि कर्जा प्रवाहमा सहजीकरण गर्ने उल्लेख गरिएको छ ।

बजेटमा आर्थिक वर्ष ०८२/८३ भित्र नियो बैंक स्थापना गर्ने, दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गरिनेछ । डिजिटल, मोबाइल तथा शाखारहित बैंकिङ सेवा विस्तार गर्ने, प्राकृतिक प्रकोप, विपत् र दुर्घटनाबाट हुने क्षतिबाट सुरक्षा गर्न सम्पत्ति बिमाको दायरा विस्तार गर्ने, बिमा कम्पनीलाई ग्रामीण स्तरसम्म पहुँच विस्तार गर्न निर्देशित गर्न, साइबर सुरक्षा बिमा सेवा सञ्चालन गर्ने र निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्भावित जोखिम व्यवस्थापनका लागि पुनर्बिमाको व्यवस्था मिलाइनेसमेत उल्लेख गरिएको छ ।

बजेटमा 'ग्रिन ट्याक्सोनोमी'को अवधारणाअनुरूप हरित तथा दिगो विकास बन्डका माध्यमबाट निजी पुँजी परिचालन गर्न आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था मिलाइने र 'लोकल करेन्सी लिंक्ड बन्ड' जारी गरी अन्तर्राष्ट्रिय बजारबाट पुँजी भित्र्याइने उल्लेख छ । यस्तै धितोपत्र बजारमा सूचीकृत लगानी कम्पनी र अन्य संस्थागत लगानीकर्तालाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको स्वःपुँजी, ऋणपत्र र अन्य धितोपत्रमा लगानी गर्न सहजीकरण गरिनेछ । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानुनी व्यवस्था गर्ने, सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार सुरु गर्ने र गैरआवासीय नेपालीलाई दोस्रो बजारमा कारोबार गर्न अनुमति दिने व्यवस्था मिलाइने उल्लेख छ ।

यस्तै बजेटमा लक्षित क्षेत्रमा उत्पादन, रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्न सहुलियतपूर्ण कर्जामा ब्याज अनुदानसम्बन्धी एकीकृत व्यवस्था कार्यान्वयन गर्ने, लघुवित्त संस्थाहरूको संस्थागत तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने र समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरोत्थानका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिने उल्लेख गरिएको छ । यस्तै विदेशी विनिमय जोखिम व्यवस्थापन गरी वैदेशिक लगानी आकर्षित गर्न हेजिङ सेवा सञ्चालन गर्न अनुमति दिने व्यवस्था मिलाइने, उधारो कारोबारसम्बन्धी कानुन तर्जुमा गर्ने, दामासाही ऐनमा सामयिक संशोधन गर्ने, बैंकिङ प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने, क्रिप्टोजस्ता अभौतिक मुद्रा, अवैध विदेशी मुद्रालगायत कसुरजन्य सम्पत्ति जफत गरी सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाइने र कसुरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफतसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाइने उल्लेख छ ।

बजेटमा बैंक तथा वित्तीय क्षेत्रबारे जेजति कार्यक्रम उल्लेख गरिएका छन्, ती मूलतः नेपाल राष्ट्र बैंकले अवलम्बन गर्ने मौद्रिक नीतिमार्फत लागू गर्ने खालका छन् । तर, बजेटले बैंकिङ क्षेत्रमा विद्यमान चुनौतीबारे ठोस सम्बोधन गर्न सकेको देखिँदैन ।

पहिलो- आज देशको अर्थतन्त्रमा मुख्य समस्या भनेको गरिबी, बेरोजगारी, कृषि र उद्योग क्षेत्रको न्यून उत्पादन, बढ्दो व्यापार घाटा हुन् । बजेटले वित्त नीति र मौद्रिक नीतिका माध्यमबाट यी समस्या समाधान गर्न दिशाबोध गर्नुपर्थ्यो, तर ठोस ढंगबाट कार्यक्रमिक प्रतिबद्धता आउन सकेको छैन ।

दोस्रो- यसैगरी अहिले बैंकिङ क्षेत्रमा झन्डै आठ खर्ब हाराहारी अधिक तरलता रहेको छ । अधिक तरलता भएका कारण नेपाल राष्ट्र बैंकले हरेक साता तरलता व्यवस्थापन गर्दै आएको छ । अर्थात्, बैंकहरूले यति ठुलो रकम उत्पादन र रोजगारी वृद्धिमा लगानी गर्ने सरकारको ठोस नीति भएको भए मुलुकमा व्याप्त गरिबी, बेरोजगारी न्यून गर्न र कामको खोजीमा नेपाली युवा विदेशतिर भौंतारिनुपर्ने अवस्था उत्पन्न हुने थिएन । न्यून राजस्व परिचालन, बढ्दो साधारण खर्चका कारण सरकारसँग स्रोत र साधनको कमीले गर्दा सरकारले उत्पादन वृद्धि र रोजगारी विस्तारको ठोस कार्यक्रम अगाडि सार्न सकेको छैन । अर्कातिर बैंकिङ क्षेत्रमा अधिक तरलता अहिलेको अर्थतन्त्रका चुनौती हुन् । वास्तवमा सरकार र केन्द्रीय बैंकले कार्यक्रमिक प्रतिबद्धताका साथ अगाडि बढ्ने हो भने बैंकिङ क्षेत्रको अधिक तरलता र सरकारी निकायका विभिन्न कोषलाई परिचालन गरी न्यूनतम १० खर्बबराबरको राष्ट्रिय उत्पादन तथा रोजगारी वृद्धि कोष खडा गर्न सकिन्छ । अनि यस्तो कोषबाट गरिब, बेरोजगार, किसान, लघु उद्यम गर्न चाहनेलाई अल्पकालीन सीप विकास तालिम प्रदान गरेर स्थानीय तहका सरकारको समेत सिफारिसमा यस्तो सीप तालिम लिएकालाई सुपथ र सहज तरिकाबाट कर्जा प्रवाह गर्ने नीति अवलम्बन गर्न सक्दा मुलुकभर आर्थिक गतिविधि बढ्न सक्छ ।

> बैंकिङ क्षेत्रमा थुप्रिएको आठ खर्बहाराहारीको अधिक तरलता व्यवस्थापन गरी लगानी वृद्धि गर्न सके मुलुकमा व्याप्त गरिबी र बेरोजगारी न्यूनीकरण गर्न तथा कामकै लागि विदेश जानुपर्ने बाध्यतामा सुधार ल्याउन सकिने थियो

तेस्रो- अहिले बैंकिङ क्षेत्रको समस्या भनेको समावेशी बैंकिङ प्रणाली हुन नसक्नु हो । बैंकिङ सेवा बढी सहरउन्मुख रहेको छ । गाउँपालिकामा एउटा बैंकको शाखा स्थापना भएर मात्रै बैंकिङ सेवा पर्याप्त हुन सक्दैन । बैंकिङ क्षेत्रबाट प्रवाह भएको कर्जा पनि सीमित व्यक्ति र कर्पोरेट हाउसकेन्द्रित भएको छ । बहुसंख्यक जनताले बैंकिङ सेवा पाउन नसक्नु अझ गरिब, बेरोजगार जनताले सरल ढंगबाट कर्जा पाउन नसक्नु नै अहिलेको चुनौती हो । तसर्थ, बैंकिङ सेवालाई समावेशी बनाउन ध्यान दिन आवश्यक छ ।

चौथो- बैंकिङ क्षेत्रको अर्को चुनौतीका रूपमा बैंकिङ क्षेत्रमा बढ्दो खराब कर्जाको अनुपात हो । बैंकबाट परियोजना बनाएर, कमसल धितो राखेर कर्जा लिने तर कर्जा लिएको रकम सदुपयोग नगरी कर्जा रकम अन्य उपभोग्य क्षेत्रमा लगानी गर्ने (डिस्फोनिङ गर्ने) गरिएकै कारण समयमा ऋणीले कर्जाको सावाँब्याज नतिर्ने परिपाटी बढ्दो छ । यसबाट बैंकिङ क्षेत्रमा अनुत्पादक कर्जाको मात्रा बढ्दै गएको देखिन्छ । अहिले बजेटमा त्यही अनुत्पादक कर्जा असुलउपर गर्न अर्थात् व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी (एसेट मेनेजमेन्ट कम्पनी) खडा गर्ने उल्लेख गरिएको छ । यस्तो कम्पनी खडा गर्ने विषय त तीन दशकअगाडिदेखि नै उल्लेख हुँदै आएको थियो । तर, व्यवहारमा कार्यान्वयन भएन । मुख्य कुरा बैंकले नै कर्जा प्रवाह गरिरहँदा ऋणीको योग्यता, क्षमता, परियोजनाको सम्भाव्यता, धितोको सुरक्षा, प्रतिफलको सुनिश्चितता आदि पक्षमा ध्यान दिएर कर्जा प्रवाह गर्नुपर्ने हुन्छ । यस्ता पक्षमा ध्यान नदिई प्रवाहित कर्जा स्वाभाविक रूपमा खराब कर्जामा रूपान्तरण हुने नै भए । यस्तो स्थितिमा सम्बन्धित बैंकका अधिकारी नै जवाफदेही हुनुपर्ने हुन्छ । तर, तेस्रो कम्पनी खडा गरेर कर्जा असुलउपर गर्ने भन्ने विषय कति प्रभावकारी होला ? विचारणीय छ ।

पाँचौं- बजेटमा अर्थतन्त्रलाई गतिशील तुल्याउन निजी क्षेत्रमा कर्जा विस्तार गर्ने भनिएको छ । तर, बजेटमा न्यून स्रोत परिचालन गर्न तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट व्यहोर्ने उल्लेख छ । यो आन्तरिक ऋण प्रायः बैंकिङ क्षेत्रबाटै परिचालन हुने हो । बैंकिङ क्षेत्रको साधन बजेट घाटाको व्यवस्थापनमै परिचालन हुने भएपछि निजी क्षेत्रले कर्जा प्राप्त गर्ने स्थितिमा संकुचन आउने देखिन्छ । यसबाट बजेटमा उल्लिखित उद्देश्यहरू- आर्थिक वृद्धि गर्ने र निजी क्षेत्रबाट लगानी भित्र्याई रोजगारी वृद्धि गर्ने उद्देश्य चुनौतीपूर्ण देखिन्छन् ।

छैटौं- बजेटमा नियो बैंक स्थापना गर्ने उल्लेख छ । नियो बैंक डिजिटल-केन्द्रित वित्तीय कम्पनी हो, जसले बैंकिङ सेवाअन्तर्गतका चल्ती खाता र डेबिट कार्ड प्रदान गर्छ, तर यसको कुनै भौतिक शाखा हुँदैन । 'नियो बैंक' शब्दलाई प्रायः 'फिनटेक बैंक', 'च्यालेन्जर बैंक', वा 'डिजिटल बैंक'कै अर्थमा प्रयोग गरिन्छ । नियो बैंकको मुख्य उद्देश्य ग्राहक-केन्द्रित, पूर्णतया डिजिटल ढाँचामा वित्तीय सेवा प्रदान गरेर बैंकिङ प्रक्रियालाई सरल बनाउनु हो । तर, प्रविधिमा पूर्वाधारको कमी, ग्रामीण क्षेत्रमा इन्टरनेट, मोबाइल कनेक्टिभिटीको कमजोर अवस्था, परम्परागत बैंकिङ प्रणालीमा आबद्धता र समन्वयको कमी, वित्तीय साक्षरताको कमी, आधुनिक प्रविधिप्रति सर्वसाधारणको ज्ञान र प्रयोगमा कमी आदि कारणले यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको छ ।

अन्त्यमा बजेटमा उल्लिखित उद्देश्य हासिल गर्न बैंकिङ क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । बैंकिङ क्षेत्रबाट बजेटमा उल्लिखित उद्देश्य हासिल गर्न मौद्रिक नीतिमार्फत कार्यान्वयन गर्नुपर्छ । खुकुलो खालको मौद्रिक नीतिमार्फत मूल्यवृद्धि न्यून गर्ने, बैंकिङ क्षेत्रबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरेर रोजगारी विस्तार गर्ने र उत्पादन वृद्धि गर्न योगदान पुऱ्याउने दिशामा केन्द्रित हुनुपर्ने देखिन्छ ।

---

३ प्रश्न

शिक्षक महासंघका अध्यक्ष **लक्ष्मीकिशोर सुवेदीलाई**



१५ असारको भाका सकिन लाग्यो, निर्धारित मितिभित्रै शिक्षा विधेयक आउनेमा कति आशावादी हुनुहुन्छ ?

किन आशावादी नहुनु ? निर्धारित भाकाभित्र शिक्षा विधेयक नआउनुपर्ने कारण नै के छ र ? शिक्षा समितिमा विधेयकमाथि बहस, छलफल भइसकेको छ । आजै (बुधबार) पनि यस विषयमा समितिमा छलफल भएको सुनेको छु । हामीसँग सहमति भएको मितिभित्र विधेयक आउँदैन कि भनेर हामी अहिले नै आशंका गर्दैनौं । शिक्षा समितिका सभापति र दुई प्रमुख सत्तारुढ दलका प्रमुख सचेतकले हस्ताक्षर गरेर हामीसित गरेको सहमतिअनुसार विधेयक ल्याउनु उहाँहरूको जिम्मेवारी हो । उहाँहरूले त्यो जिम्मेवारी पूरा गर्नुहुन्न कि भन्ने कल्पना हामी गर्दैनौं ।

भनेपछि आफ्ना माग समेटिएर सहमतिअनुसारकै मितिभित्र विधेयक आउनेमा विश्वस्त हुनुहुन्छ ?

हाम्रा माग नसमेट्ने हो भने त सहमति गर्नुको के अर्थ ? फेरि हामीले राखेका माग नसमेटी विधेयक ल्याउनुको औचित्य नै के रहन्छ र ? हामीले हाम्रा माग पूरा गराउन विगतमा पटकपटक आन्दोलन गर्नुपऱ्यो । राज्यले हामीसित प्रत्येकपटक सहमति पनि गऱ्यो । अहिले आएर विधेयक ल्याउने समयमा हामीसितका सहमति कार्यान्वयन हुँदैनन्, हामीमाथि धोका हुन्छ भनेर हामी विश्वास गर्दैनौं । हाम्रा मागसहितको विधेयक आउँछ भन्नेमा हामी ढुक्क छौं ।

कथम् तपाईंहरूसितको सहमतिअनुसार विधेयक आएन भने के गर्नुहुन्छ ?

विधेयक हामीले जारी गर्ने होइन । हामीले गर्ने त आन्दोलन नै हो । त्यसैले, हामीसितको सहमति लत्याएर विधेयकमा धोकाधडी गरियो भने पाँच दिनको तयारीमा हामी पहिलेको भन्दा थप सशक्त आन्दोलन गर्न सक्छौं । तर, हामी त्यस्तो बाटो हिँड्नु नपरोस्, कुनै अप्रिय कदम चाल्नु नपरोस् भन्ने चाहन्छौं ।

प्रेरक प्रसंग

आफ्नाले दिने पीडा

एकपटक सुन र फलामको अचानक भेट भयो । भेटपछि दुवैले एक-अर्काको सन्चो-बिसन्चोबारे चासो राखे । दुवै फुर्सदमै भएकाले एकछिन गफिए । कुराकानीका क्रममा फलामले सुनसित भन्यो- तिमीलाई त क्या मस्ती छ है ? मान्छेले तिमीलाई शृंगारका साधन बनाएर शिरदेखि पाउसम्म लगाउँछन् । तिम्रो त सान नै छुट्टै छ, हगि ? सुनले जबाफ दियो- तिमी भन्छौ भने त्यही सही ! तर के गर्नु र मित्र, हाम्रो शिरमा जहिल्यै तिमी बर्सिरहन्छौ । हामीलाई ठोकीठोकी तह लगाउँछौ । तिमीलाई हामीले केही नगरे पनि तिमीचाहिँ हामीलाई कम्ता चोट दिन्छौ र ?



फलामले भन्यो- तिम्रो भनाइ पनि ठिकै हो । तर, तिमीलाई जसले चोट दिन्छन् नि तिनीहरूले हामीलाई पनि कहाँ छोड्छन र ? बरु तिमीलाई त मायाले बिस्तारबिस्तारै ठोक्छन् । तिमीलाई त चोट पनि सानै लाग्दो हो । तर, हामीलाई त कम्ता निर्दयी पाराले ठोक्छन् र ! सुनले जबाफ दियो- हो, त्यो त म पनि बुझ्छु । तर, तिमीले ठोक्दा पीडा त हामीलाई पनि हुन्छ नि ! तर, हामी चुपचाप सहन्छौं, चिच्याउँदैनौं । तर, तिमी भने यसो एक चोट पर्न पाएको हुँदैन, मर्नै लागेजसरी चिच्याउँछौ । आखिर किन ? फलामले भावुक हुँदै जबाफ दियो- तिमीले भनेको सही हो । तिमी हाम्रो चोट सहन्छौ । तर, हामी आफ्नैले दिएको चोट सहन नसकेर जोडले चिच्याउँछौं । तिमीले यसको कारणबारे सायद कहिल्यै सोचेका छैनौ । वास्तवमा जुन पीडा अरूले दिन्छन्, त्यसलाई सहन सजिलो हुन्छ । तर, जुन पीडा आफ्नाले दिन्छन्, त्यो असह्य हुन्छ । त्यसैले, हामी आफ्नैले चोट दिँदा सहन नसकेर चिच्याउँछौं, मित्र !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महँगी सबैले व्यहोर्छन्

लोकतान्त्रिक गणतन्त्रको सरकारले आव ०८२/८३ को बजेटमा राष्ट्रसेवकको बेसिक तलब नबढ्ने तर भत्ता बढ्ने गरी हाल खाईपाई आएको भत्तामा तीन हजार थप गर्ने भनिएको छ । तलब नबढिरहेको अवस्थामा यही भत्ता पनि राष्ट्रसेवकका लागि सन्तोषको विषय बनेको हुनुपर्छ । बजेटले राष्ट्रसेवकमा धेरथोर खुसी नै दिएको हुनुपर्छ । यसका साथै निजी क्षेत्रमा कामरत श्रमिकले पनि तलबभत्ता बढ्ने आशा गरेका छन् । सरकारले ती श्रमिकलाई पनि भत्ता तथा तलबको व्यवस्था गर्नमा पहल गर्नेछ भनी सम्बन्धित निकायको ध्यानाकर्षण गराइदिने अपेक्षा सम्पूर्ण श्रमिकले गरेका छन् । के महँगी सरकारी कर्मचारी मात्रलाई आउने हो र ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

पिन्टुका पिताले ठिक प्रश्न गरे

'नमारेको भए मेरो छोरो खोई ?' शीर्षकमा प्रकाशित समाचार पढ्दा एक शोकाकुल पिताको पीडा महसुस हुन्छ । हो, पिन्टुका पिता श्रीनारायणले गरेको प्रश्नको जवाफ सरकारले नै दिनुपर्छ । साँच्चै पिन्टुको हत्या भएको छैन भने उनी कहाँ छन्, उनको खोजी गर्न सरकारले नै सघाउनुपर्छ । आजको प्रविधिको जमानामा एकजना नागरिक खोज्नु राज्यका लागि त्यति मुस्किलको काम होइन । त्यसैले, पिन्टुको खोजी गर्न सरकारले सघाओस् ।

● **भूमिका पासवान**
विराटनगर- ८, मोरङ

सांसदको मर्यादा जोगाऊ

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले रास्वपाका सांसदले संसद्मा गरिरहेको विरोधको उपहास गर्दै उनीहरूलाई संसद् प्रवेशमै रोक लगाउनुपर्ने, प्रवेश गरेका सांसदलाई संसद्बाट निकाल्नुपर्ने माग संसद्मै गरेको समाचार पढियो । एउटा दलका प्रमुखले सचेतकले यसरी अर्को दलका सांसदलाई निष्कासन गर्ने, प्रवेश गर्नै दिन नहुनेजस्ता माग कसरी गर्न मिल्छ ? के कांग्रेस प्रमुख सचेतकले संसद्मा जे बोल्न पनि पाउने हो ? होइन भने घिमिरेलाई सचेत गराउनुपर्दैन ?

● **सुमेश भट्ट**
कीर्तिपुर, काठमाडौं

केसीलाई केही प्रश्न

२ असारको नयाँ पत्रिकामा सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीको लेख 'राजतन्त्रबारे जनमत संग्रहमा जान किन सकस ?' पढेपछि दुइटा निष्कर्षमा पुगियो । या त लेखक राजावादीसँग मिलेका छन् वा राजावादीबाट वाहवाही बटुल्न चाहन्छन् । यस देशमा एकपल्ट हामीले जनमतसंग्रह हेरिसकेका छौं । त्यो बिपी कोइरालाको देशभित्र आउने र कम्युनिस्टलाई धोका दिने कार्यका लागि भएको थियो । हिन्दीमा एउटा उखान छ- 'आ बैल मुझे मार ।' रुसको जनमतसंग्रह त्यसैको उदाहरण थियो ।

इंग्ल्यान्डबाट छुट्टिने वा नछुट्टिने जनमतसंग्रह प्रजातन्त्रको जननी देशले गऱ्यो । म लेखकसँग विनम्रतापूर्वक सोध्न चाहन्छु, सिके राउतलाई थुनेर किन दुःख दिइयो ? जनमतसंग्रह गराएरै टुंगो लगाएको भए भइहाल्थ्यो नि ? पटेलले कस्मिर समस्यामा जनमतसंग्रहलाई ठाडै अस्वीकार गरिदिए । जब समस्या दुई देशबिच युद्ध सुरु भयो, तब केका लागि जनमतसंग्रह ? भारतका सबै राजवाडा या त स्वेच्छा वा अनिच्छाले भारतमा गाभिएका थिए । के सबै ठाउँमा जनमतसंग्रह गर्दै जाने त त्यहाँ पनि ? ०४६ मा पहिल्यै भइसकेको जनमतसंग्रहलाई कांग्रेसले किन मानेन ? उसले किन आन्दोलन गऱ्यो त ? सयौंको बलिदानी दिएर मात्र लोकतन्त्र आयो । आज राणाका सन्तानले आन्दोलन गर्न थाले भने जनमतसंग्रह गर्ने ? म डंकाको चोटमा भन्छु कि म राणाशासनको पक्षमा भोट हाल्नेछु, किनभने राणाहरूले मधेशलाई त्यसरी तहसनहस गरेका थिएनन्, जसरी महेन्द्र एन्ड सन्स कम्पनीको पालामा गरे ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सत्तापलट भए पनि इरानमा लोकतन्त्रको सम्भावना न्यून

इरानमा धर्मगुरुको नेतृत्व पतन भयो भने सत्ता सम्हाल्न सबैभन्दा सक्षम संस्था आइआरजिसी नै हुने सम्भावना बलियो देखिन्छ



देश/विदेश

● एन्ड्र्यु थोमस

इजरायलले इरानमा गरेको आक्रमणको समय र लक्षित क्षेत्रले प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको अल्पकालीन लक्ष्य इरानको आणविक अड्डा नष्ट गरी त्यसको आणविक हतियार कार्यक्रमलाई गम्भीर रूपमा कमजोर पार्नु देखिन्छ । तर, नेतन्याहुले 'इरानसँगको युद्ध 'निश्चित रूपमा' इरानको सत्ता परिवर्तनतर्फ जान सक्छ' भन्दै अर्को लक्ष्य पनि प्रस्ट पारेका छन् । यी टिप्पणी इजरायलले इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीको हत्या गर्ने योजना बनाएको तर त्यसलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रोकेको समाचारपछि आएका हुन् । इजरायल र अमेरिकी सरकारका धेरै अधिकारीले इरानको वर्तमान सत्ता पतन होस् भन्ने चाहेको कसैबाट लुकेको छैन । तर, प्रश्न उठ्छ, खामेनी सत्ता साँच्चै ढल्यो भने परिस्थिति के होला ?

सन् १९७९ मा इरानी क्रान्तिपछि स्थापित इस्लामिक गणतन्त्र इरानको सत्ता संरचनामा लोकतान्त्रिक, धर्मशासित र अधिनायकवादी तत्त्व मिसिएका छन् । इस्लामिक गणतन्त्रका संस्थापक नेता आयातुल्ला रुहोल्ला खामेनीले यस्तो राज्यको परिकल्पना गरेका थिए, जुन इस्लामिक धर्मगुरु तथा न्यायाधीशबाट सञ्चालन हुनेछ । र, यिनले राष्ट्रका सबै नीति इस्लामिक कानुनसँग मेल खाने सुनिश्चित गर्नेछन् । क्रान्तिअघि इरान एक संवैधानिक राजतन्त्र थियो । क्रान्तिपछि धर्मशासित संरचनालाई गणराज्य प्रणालीभन्दा पनि माथि राखियो, अर्थात् संसद्, कार्यपालिका र न्यायपालिकाभन्दा पनि माथि ।

इरानमा एक सदनात्मक संसद् र एक राष्ट्रपति (हाल मसुद पेजेस्कियन) छन् । यी दुवैका लागि नियमित चुनाव हुने गर्छन् । उसो त यो प्रणालीमा लोकतान्त्रिक तत्त्व देखिन्छन्, व्यवहारमा भने यो एक 'बन्द घेरो' जस्तो छ, जसले धर्मगुरुको सत्तालाई कायम राख्छ र सर्वोच्च नेताविरुद्धको चुनौतीलाई निषेध गर्छ । यहाँ स्पष्ट श्रेणीक्रम जसको सर्वोच्च तहमा सर्वोच्च नेता रहेका छन् । खामेनी सन् १९८९ मा खोमैनीको मृत्युपश्चात् पदभार ग्रहण गरेदेखि अहिलेसम्म ३५ वर्षभन्दा बढी समयदेखि सर्वोच्च सत्तामा रहेका छन् । उनी पूर्वराष्ट्रपति थिए र ८८ सदस्यीय इस्लामिक धर्मशास्त्रीको संस्था 'एसेम्ब्ली अफ एक्सपर्ट्स'बाट सर्वोच्च नेतामा चुनिएका थिए । उसो त एसेम्ब्लीका सदस्य जनताबाट निर्वाचित हुन्छन्, तर यी सदस्य उम्मेदवार बन्नुअघि शक्तिशाली १२ सदस्यीय गार्डियन काउन्सिल (संवैधानिक परिषद्) को छानबिनबाट गुज्रिनुपर्छ । यो परिषद्का आधा सदस्य सर्वोच्च नेताबाट चयन हुन्छन् भने बाँकी आधा सदस्यलाई संसद्ले अनुमोदन गर्छ । यो परिषद्लाई राष्ट्रपति र सांसदको उम्मेदवारी अनुमोदन गर्ने अधिकार पनि छ ।

गत वर्षको निर्वाचनमा गार्डियन काउन्सिलले पूर्वराष्ट्रपति तथा मध्यमार्गी नेतासमेत रहेका हसन रोहानीलगायत धेरै उम्मेदवारलाई राष्ट्रपतिका साथै संसद् र एसेम्ब्ली अफ एक्सपर्ट्सको निर्वाचनमा भाग लिन अयोग्य ठहर गरेको थियो । नतिजा सर्वोच्च नेताले आमजनताबिच दिन-प्रतिदिन वैधानिकता संकटको सामना गरिरहेका छन् । निर्वाचनमा सहभागिता प्रायः न्यून नै रहने गर्छ ।

गत वर्षको राष्ट्रपतीय निर्वाचनमा सुधारवादी उम्मेदवार (अन्ततः निर्वाचित भएका मसुद पेजेस्कियन) प्रतिस्पर्धी भए पनि पहिलो चरणको मतदानमा मतदाताको सहभागिता ४० प्रतिशतभन्दा कम मात्र रह्यो । 'फ्रिडम हाउस' संस्थाले इरानलाई विश्व स्वतन्त्रता सूचकांकमा सयमा जम्मा ११ अंक दिएको छ ।

आइआरजिसीको अत्यधिक प्रभावकै कारण इरान पूर्ण लोकतन्त्रभन्दा निकै टाढा छ । विचारधारागत गुट, अर्थात् सुधारवादी, मध्यमार्गी र पुरातनपन्थी नीति-



तस्बिर : एपी

निर्माण र धर्मगुरुले सत्तामा प्रभाव जमाउन प्रतिस्पर्धा गर्छन् । तर, तीमध्ये कुनै पनि गुट अमेरिका वा इजरायलमैत्री छैनन् । धर्मगुरुपछि आइआरजिसी देशको दोस्रो शक्तिशाली संस्था हो, जुन सुरुमा सर्वोच्च नेताको निजी सुरक्षा बलका रूपमा गठन गरिएको थियो । अहिले यो सैन्य रूपमा नियमित सेनासँग प्रतिस्पर्धी छ र राजनीतिक रूपमा अत्यन्त कट्टर छ । यसले केवल आइआरजिसीको कट्टर विचारधारासँग मेल खाने राष्ट्रपतिलाई समर्थन गर्छ ।

आइआरजिसी इरानी अर्थतन्त्रसँग समेत गहिरो रूपमा जोडिएको छ । ठेक्का वितरणदेखि 'कालो अर्थतन्त्र' सञ्चालनसम्म आइआरजिसी संलग्न देखिन्छ । यसलाई प्रायः 'क्लेप्टोक्रेटिक (लुटतन्त्रात्मक) संस्था' भनेर पनि आलोचना गरिन्छ । यदि धर्मगुरु नेतृत्व पतन भयो भने सत्ता सम्हाल्न सबैभन्दा सक्षम संस्था आइआरजिसी नै हुने सम्भावना बलियो देखिन्छ । विशेषतः युद्धका वेला यस्तो सम्भावना बढ्छ ।


इजरायलले सर्वोच्च नेताको हत्या गऱ्यो भने सम्भावित प्रतिक्रियामा आइआरजिसीको नेतृत्वमा अल्पकालीन सैन्य शासन हुन सक्छ । सम्पूर्ण धर्मगुरु नेतृत्व समाप्त भएमा, आइआरजिसीले एसेम्ब्ली अफ एक्सपर्ट्सलाई नियन्त्रण गरी नयाँ सर्वोच्च नेता छान्न सक्छ, सम्भवतः खामेनीका छोरालाई समर्थन गर्दै । यस्तो अवस्थाले इजरायल वा अमेरिकामैत्री सरकार ल्याउने सम्भावना भने अत्यन्त न्यून हुन्छ ।

अर्को सम्भावना जनआन्दोलनको हो । यही सम्भावना देखेर नेतन्याहुले हालैको अन्तर्वार्तामा 'उठ्ने र प्रतिवाद गर्ने निर्णय इरानी जनताकै हो' भनेका छन् । धेरै इरानी सरकारप्रति लामो समयदेखि निराश छन् । पछिल्ला दशकमा बारम्बार व्यापक प्रदर्शन भएका छन्, जसलाई प्रहरीले कडाइसाथ दमन गरेको छ । पछिल्लो ठुलो आन्दोलन सन् २०२२ मा भएको थियो । इतिहासले क्रान्ति सम्भव छ भन्ने देखाइसकेको छ र यसको जल्दोबल्दो उदाहरण आधुनिक इरान नै हो । यसरी इरानमा सत्तापलट हुन्छ भने पनि नयाँ नेतृत्व इजरायल वा पश्चिममैत्री हुनेछ भन्ने निश्चित छैन । इरानी जनताले आफ्ना नेताप्रति मात्रै नभई आफ्नो जीवनलाई अस्तव्यस्त बनाउने विदेशी शक्तिप्रति पनि रोष व्यक्त गर्ने सम्भावना छ ।

(थोमस डेइकिन विश्वविद्यालयका मध्यपूर्व मामिलाका लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

■ इजरायल-इरान युद्ध

विश्व अर्थतन्त्र नै प्रभावित हुने जोखिम



इजरायल र इरानबिच लगातार एक-अर्काविरुद्ध घातक आक्रमण हुँदा कतै यो द्वन्द्व विश्वको प्रमुख तेल तथा ग्यास उत्पादन हुने मध्यपूर्वभरि फैलिने त होइन भन्ने चिन्ता बढ्दै गएको छ। शुक्रबार इजरायलले अचानक इरानमाथि आक्रमण गरेपछि शेयर बजारमा उतारचढाव आएको थियो। पछि यो स्थिर बन्यो। इजरायलले शुक्रबार गरेको सुरुवाती आक्रमणमा इरानका धेरै शीर्ष सैन्य कमान्डर र आणविक वैज्ञानिकलाई मारेको थियो। त्यसै दिन उसले केही इरानी आणविक अनुसन्धान केन्द्रलाई निसाना बनायो। शनिबार पुनः इजरायलले इरानी खनिज इन्धन उत्पादन क्षेत्रमा आक्रमण गर्‍यो। इरानी राज्य मिडियाले दक्षिण देशको सबैभन्दा ठुलो ग्यास उत्पादन क्षेत्र पार्स ग्यासफिल्डमा आगलागी भएको बताएको थियो।

इजरायली आक्रमणमा इरानमा पाँच सयभन्दा बढीको मृत्यु भइसकेको विभिन्न स्रोतले बताएका छन्। इरानले ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोनमार्फत जवाफ दिइरहेको छ। इरानले हानेकामध्ये केही क्षेप्यास्त्र इजरायली प्रतिरक्षा प्रणालीको प्रयासका बाबजुद लक्ष्यमा पुगिरहेका छन्, जसले कम्तीमा २४ जनाको ज्यान लिएको अधिकारीले बताएका छन्। 'ट्रुथ सोसल' नामक आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानलाई 'तत्काल आणविक कार्यक्रमको विषयमा सम्झौता गर्न' अन्यथा 'थप कठोर आक्रमणका लागि तयार रहन' चेतावनी दिएका छन्। पछिल्ला घटनाक्रमले मध्यपूर्वका दुई सबैभन्दा शक्तिशाली शक्ति इरान र इजरायलबिचको द्वन्द्व पूर्ण युद्धतिर अघि बढेको देखाउँछन्।

यस्तोमा वित्तीय बजार र उड्डयन क्षेत्र प्रभावित हुनेछन्। विश्लेषकले तेलको मूल्यमा नजर लगाइरहेका छन्। सुनजस्ता सुरक्षित आश्रयस्थलमा फर्किने लगानीकर्ताको संख्या बढेको देखिन्छ। पूर्णस्तरको युद्धले परिस्थिति निकै खराब बन्न सक्ने विज्ञले चेतावनी दिएका छन्।

तेलको मूल्यमा सामान्य वृद्धि

सोमबार बिहानै तेलको वैश्विक बेन्चमार्क 'ब्रेन्ट क्रुड'को मूल्य प्रतिब्यारेल ७४.६० डलरमा उक्लियो। यो इजरायलले अचानक आक्रमण गर्नुभन्दा अघिल्लो दिन बिहीबारको तुलनामा लगभग सात प्रतिशतले बढी हो। मध्यपूर्व विश्वको प्रमुख तेल र प्राकृतिक ग्यास उत्पादन हुने क्षेत्र हो। त्यहाँ उत्पादन भएका तेल र ग्यास त्यस भेगको व्यस्त समुद्री लेनबाट जहाजमा विश्वभर पुग्छन्। त्यहीँ स्ट्रेट अफ हर्मुजको जलमार्ग पनि पर्छ। इरानलाई खाडी राज्यबाट अलग गर्ने साँघुरो जलमार्ग 'स्ट्रेट अफ हर्मुज'ले अरब सागरलाई हिन्द महासागरसँग जोड्छ।

यो मार्गबाट विश्वको तेल आपूर्तिको एकतिहाइ हिस्सा अर्थात् प्रत्येक दिन लगभग दुई करोड १० लाख ब्यारेल बाहिरिन्छ। यसको सबैभन्दा साँघुरो बिन्दु जम्मा ३३ किलोमिटर चौडा छ। त्यसमध्ये पनि जहाज हिँड्नलायकको क्षेत्र अझ साँघुरो छ। यसले यस भेगबाट हिँड्ने जहाजमाथि आक्रमणको उच्च जोखिम छ। इजरायल र इरानबिचको द्वन्द्वले तेहरानले हरमुज क्षेत्रको समुद्री चोकपोइन्ट बन्द गर्छ कि गर्दैन भन्ने दशकौँ पुरानो प्रश्नलाई पुनर्जीवित गरेको छ। त्यही आशंकामा तेलको मूल्यवृद्धि भएको छ। रुढिवादी सांसद इस्माइल कोसारीलाई उद्धृत गर्दै इरानी समाचार एजेन्सी आइआरआइएनएनले इजरायलसँगको द्वन्द्व तीव्र हुँदै जाँदा तेहरानले जलमार्ग बन्द गर्ने विचार गरिरहेको लेखेको छ। गोल्डम्यान स्याक्सका अनुसार स्ट्रेट अफ हर्मुज बन्द गरियो भने सबैभन्दा खराब अवस्थामा तेलको मूल्य प्रतिब्यारेल १०० डलरभन्दा माथि पुग्न सक्छ। तथापि, सन् १९८० देखि १९८८ बिच चलेको इरान-इराक युद्धको समयमा हर्मुज कहिल्यै पूर्ण रूपमा बन्द भएको थिएन। जब तेलको मूल्य बढ्छ, उत्पादन लागत पनि बढ्छ। बढेको लागतको भार अन्ततः उपभोक्तामाथि पर्छ। विशेषगरी खाना, कपडा र रसायनजस्ता ऊर्जामाथि निर्भर उत्पादनको मूल्य बढ्ने सम्भावना उच्च हुन्छ। यदि द्वन्द्व जारी रह्यो भने विश्वभरका तेल आयात गर्ने देशले उच्च मुद्रास्फीति र सुस्त आर्थिक वृद्धि अनुभव गर्न सक्छन्।

वाल स्ट्रिटमा असर परेको छ। शुक्रबार एस एन्ड पी ५०० र न्यासड्याक कम्पोजिट सूचकांक क्रमशः १.१ र १.३ प्रतिशतले घट्यो। मध्यपूर्वमा इजिप्टको इजिएक्स ३० सूचकांक आइतबार ७.७ प्रतिशतले घट्यो। इजरायलको तेल अभिभ स्टक एक्सचेन्ज ३५ को सूचकांक १.५ प्रतिशतले घट्यो। इजरायलले इरानमाथि आक्रमणपछि युरोपेली इक्विटी पनि तल झरेका थिए। गत हप्ताको अन्त्यमा जर्मनीको डिएएक्स र फ्रान्सको सिएसी ४० नामक बजार १.१ प्रतिशतभन्दा अलि बढीले घटेको थियो भने बेलायतको एफटिएसई १०० बजार शुक्रबार ०.५ प्रतिशतले घटेको थियो। तर, सोही दिन केही बेलायती रक्षा कम्पनीमा भने उछाल देखियो। शुक्रबार रक्षा ठेकेदार बिएई सिस्टम्सको मूल्य लगभग तीन प्रतिशतले बढेको थियो। यस वृद्धिले पनि खासमा तनाव बढ्न सक्ने सम्भावनालाई नै प्रतिबिम्बित गर्छ। सोमबारसम्ममा तेल र सुनको मूल्य घटेको र स्टकको मूल्य बढेको देखियो। 'सेयरबजारले पछिल्लो द्वन्द्व अपेक्षाकृत रूपमा सीमित हुने अपेक्षा गरिरहेजस्तो देखिन्छन्। महत्त्वपूर्ण रूपमा इरानले अहिलेसम्म यस भेगमा कुनै पनि अमेरिकी सैन्य अखडामा आक्रमण गरेको छैन,' अल गाओदले भने।

हवाई सेवा बन्द हुँदा उड्डयन क्षेत्र प्रभावित

मध्यपूर्वमा धेरै वायुसेवाले उडान निलम्बन वा रद्द गरेका छन्। केही देशले आफ्नो हवाई क्षेत्र नै बन्द गरेका छन्। जस्तो, मध्यपूर्वको सबैभन्दा ठुलो वायुसेवा एमिरेट्सले जुन ३० सम्म इराक, जोर्डन, लेबनान र इरान जाने र आउने उडान स्थगित गरेको बताएको छ। आइतबारसम्म लेबनानका उडान रोकिएका छन्। त्यस्तै अर्को महत्त्वपूर्ण इतिहाद एयरवेज, कतार एयरवेजले तेल अभिभ, इरान, इराक र सिरियाको उडान रद्द गरेको छ। तिनले अन्य धेरै सेवाको रुट पनि फेरबदल गरेको छ। ग्राहकलाई उनीहरूको उडान स्थितिबारे अद्यावधिक पर्खन सल्लाह दिएको छ।

शुक्रबार इराकले पनि आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो। जोर्डनको नागरिक उड्डयन प्राधिकरणले यस क्षेत्रमा जारी तनावका कारण हुने कुनै पनि खतराको पूर्वानुमान गर्दै 'अस्थायी रूपमा' जोर्डनको हवाई क्षेत्र बन्द गरेको बताएको छ। अल गाओदको प्रक्षेपणमा मध्यपूर्वमा देखिएको हवाई अवरोध छोटो हुनेछ। यो धेरैमा एक महिना हुने, त्यसपछि पर्यटन फेरि उकालो लाग्ने उनले बताए। उनले विश्वव्यापी वित्तीय बजारबारे पनि यस्तै भविष्यवाणी गर्दै भने, 'जबसम्म हवाई आक्रमण अहिलेजस्तै दुई देशबिच मात्र सीमित रहन्छ सेयरमूल्यमा खासै परिवर्तन हुँदैन।'

अल जजिराबाट

इतिहासमा आज
जुन १९



सन् १८६५ : अमेरिकी जनरल गोर्डन ग्रेन्गरले टेक्ससको ग्यालभेस्टनमा दासदासी स्वतन्त्र भएको जानकारी गराए। यस दिन अमेरिकामा 'जुनटिन्थ' मनाइन्छ।

सन् १७९० : तत्कालीन फ्रेन्च संसद् 'नेसनल एसेम्ब्ली'ले कुलीन परिवारले प्रयोग गर्ने मान, पद, पदवी सबै खारेज गर्‍यो।

सन् १९१३ : दक्षिण अफ्रिकाको रंगभेदी सरकारले त्यहाँका मूलवासीलाई देशका सात प्रतिशत जमिन छुट्याएको 'नेटिभ्स ल्यान्ड एक्ट' पारित गर्‍यो।

सन् १९१९ : पहिलो विश्वयुद्धमा टर्कीको हारपछि मित्रशक्तिले मुलुकलाई विभाजित गर्ने योजनामा छलफल सुरु भएपछि मुस्तफा केमलको नेतृत्वमा अंकरामा राष्ट्रवादी भेला बस्यो।

सन् १९६१ : कुवेतले बेलायती शासनबाट स्वतन्त्रता हासिल गर्‍यो।

सन् १९७६ : पृथ्वीबाहिर जीवनको अध्ययन गर्ने उद्देश्य अमेरिकाले प्रक्षेपण गरेको दश महिनापछि 'भाइकिङ प्रथम' नामक अन्तरिक्षयान मंगल ग्रहको कक्षमा प्रवेश गर्‍यो।

मोदीले ट्रम्पलाई भने- 'पाकिस्तानसँगको युद्धविराममा अमेरिकाको मध्यस्थता थिएन'

नयाँदिल्ली / भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको फोन संवादमा मे महिनामा चार दिनको द्वन्द्वपछि भारत र पाकिस्तानबिच भएको युद्धविराम दुई देशका सेनाबिचको वार्तापछि कार्यान्वयन भएको बताएको भारतीय विदेश सचिव विक्रम मिश्रीले जानकारी दिएका छन्। मोदीले फोनवार्तामा ट्रम्पले बारम्बार दाबी गर्दै आएजस्तो युद्धविराममा अमेरिकी मध्यस्थता नरहेको जोड दिएको मिश्रीले खुलाए।

'प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पलाई स्पष्ट रूपमा बताए कि यस अवधिमा कुनै पनि तहमा भारत-अमेरिका व्यापार सम्झौता वा भारत र पाकिस्तानबिच मध्यस्थता गर्नेजस्ता विषयमा अमेरिकासँग कुराकानी भएको छैन,' भारतीय विदेश सचिव विक्रम मिश्रीले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै भने, 'पाकिस्तानमाथिको सैन्य कारबाही रोक्न भएको वार्ता भारत र पाकिस्तानी सेनाबिच विद्यमान सैन्य च्यानलबिच प्रत्यक्ष वार्ता र पाकिस्तानको आग्रहमा भएको थियो।'

मिश्रीका अनुसार क्यानडामा भएको जी-७ शिखर सम्मेलनको साइडलाइनमा दुई नेतापबिच भेट हुन नसकेपछि ट्रम्पको आग्रहमा दुई नेताबिच मंगलबार अबेर फोनवार्ता भएको थियो। मोदी-ट्रम्प कलबारे ह्वाइट हाउसले तत्काल कुनै टिप्पणी दिएको छैन।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८२/०३/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

कुरिनटार शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, नीलकण्ठ नगर कार्यपालिका, उद्योग विकास शाखा, धादिङबेसी, धादिङ, ३ नं. प्रदेशमा प्रा.फ.द.प्र.प.नं. ५४२७/०७४/०७५ अन्तर्गत मिति २०७४/०८/१४ मा दर्ता कायम भएको **एस.एम.एस कृषि तथा पशुपंक्षी फार्म** फर्म दर्ता ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ स्थायी लेखा नं. ६०१६९०५०१, मिति २०७४/०८/१४ **प्रोप्राइटरः राजकुमार सिलवाल** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**राजकुमार सिलवाल** ना.प्र.नं. ०१/१६०२५ जारी मिति २०६०/१०/१३, जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ	पुन्न राजको नाति, हरिप्रसाद सिलवालको छोरा, राम प्रसाद सिलवालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला बेनिघाट गा.वि.स/न.पा. वडा नं. ६ ग (ओर्बाङ्ग नजिक) स्थित कि.नं. २१९ को क्षेत्रफल ४-२-२-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

रामप्रसाद सिलवाल ना.प्र.नं. २६३/२५२६-०४५/४६ जारी मितिः २०४६/०३/०१ जि.प्र.का. धादिङ बाबुको नामः हरिप्रसाद सिलवाल बाजेको नामः पुन्न राज स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३,धादिङ	**तिल कुमारी सिलवाल** ना.प्र.नं. २५४६, जारी मितिः २०४६/०३/०१ जि.प्र.का. धादिङ बाबुको नामः टिकाराम त्रिपाठी पतिको नामः रामप्रसाद सिलवाल ससुराको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट-९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा.-३, धादिङ	**रामहरी सिलवाल** ना.प्र.नं. २६३०३८-७०/११७ जारी मितिः २०७०/२/२५ जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा.-३, धादिङ	**दिपक सिलवाल** ना.प्र.नं. २६३०३८-७०/११४ जारी मितिः २०७०/२/२५ जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा.-३, धादिङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. **राजकुमार सिलवाल** ना.प्र.नं. ०१/१६०२५, जारी मितिः २०६०/१०/१३, जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा.-३, धादिङ **कर्जा शिर्षकः ओभरड्राफ्ट, घर तथा आवधिक कर्जा**	**रामप्रसाद सिलवाल** ना.प्र.नं. २६३/२५२६-०४५/४६ जारी मितिः २०४६/०३/०१, जि.प्र.का. धादिङ बाबुको नामः हरिप्रसाद सिलवाल बाजेको नामः पुन्न राज स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ	**सोनिया भट्टराई सिलवाल** ना.प्र.नं. २६-०१-७८-०५१३६ जारी मितिः २०७८/०७/१५, जि.प्र.का. धादिङ बाबुको नामः डण्डपाणी भट्टराई पतिको नामः राजकुमार सिलवाल ससुराको नामः रामप्रसाद सिलवाल स्थायी ठेगानाः बेनीघाट रोराङ्ग गा.पा.-३, धादिङ

धितोको विवरण (जग्गाको विवरण)

पुन्न राजको नाति, हरिप्रसाद सिलवालको छोरा, राम प्रसाद सिलवालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला बेनिघाट गा.वि.स/न.पा. वडा नं. ६ ङ (शितलबजार नजिक) स्थित कि.नं. ४६४ र २६२ को क्षेत्रफल क्रमश : ०-१-२-२ र ०-२-०-३ रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
३. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३२५११३/०८०/०८१ अन्तर्गत मिति २०८०/०८/२७ मा दर्ता कायम भएको **सुपर फाष्ट ई.भि. चार्जिङ्ग स्टेशन प्रा.लि.** कम्पनी दर्ता ठेगानाः बेनीघाट रोराङ्ग गा.पा. - ३, धादिङ स्थायी लेखा नं. ६१९८२६०५१ मिति २०८०/०८/२८ **संचालकहरुः पार्वती सिलवाल, सोनिया भट्टराई र बुध बहादुर घले** **कर्जा शिर्षकः आवधिक कर्जा**	**मनोज न्यौपाने** ना.प्र.नं. २६१/६३९३३, जारी मितिः २०६९/१२/२२, जि.प्र.का. धादिङ बाबुको नामः राम प्रसाद न्यौपाने बाजेको नामः ईश्वरी प्रसाद न्यौपाने स्थायी ठेगानाः पिंडा - ६, धादिङ हालको ठेगानाः गजुरी गा.पा.-६, धादिङ	राम प्रसाद सिलवालको छोरी, राम प्रसाद न्यौपानेको बुहारी, मनोज न्यौपानेको पत्नी, पार्वती सिलवालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला बेनिघाट गा.वि.स/न.पा. वडा नं. ६ ङ (सलाङ्गघाट नजिक) स्थित कि.नं. ८९० र ८६८ को क्षेत्रफल क्रमशः ०-६-१-२ र ०-५-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

बुध बहादुर घले ना.प्र.नं. २०३०३४/३८१, जारी मिति २०६३/१०/२३ जि.प्र.का. धादिङ बाबुको नामः चेत बहादुर घले बाजेको नामः मान बहादुर घले स्थायी ठेगानाः सिद्धलेक गा.पा. - ५, धादिङ	**पार्वती सिलवाल** ना.प्र.नं. २६३०३८-७०/११४ जारी मितिः २०७०/०२/२५, जि.प्र.का. धादिङ बाबुको नामः राम प्र. सिलवाल पतिको नामः मनोज न्यौपाने ससुराको नामः राम प्रसाद न्यौपाने स्थायी ठेगानाः वेनिघाट - ९, धादिङ हालको ठेगानाः गजुरी गा.पा.-६, धादिङ	**सोनिया भट्टराई सिलवाल** ना.प्र.नं. २६-०१-७८-०५१३६ जारी मितिः २०७८/०७/१५, जि.प्र.का. धादिङ बाबुको नामः डण्डपाणी भट्टराई पतिको नामः राजकुमार सिलवाल ससुराको नामः रामप्रसाद सिलवाल स्थायी ठेगानाः बेनीघाट रोराङ्ग गा.पा. -३, धादिङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
४. **रामहरी सिलवाल** ना.प्र.नं. २६३०३८-७०/११७, जारी मितिः २०७०/२/२५, जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ **कर्जा शिर्षकः घर कर्जा**	**रामप्रसाद सिलवाल** ना.प्र.नं. २६३/२५२६-०४५/४६ जारी मितिः २०४६/०३/०१, जि.प्र.का. धादिङ बाबुको नामः हरिप्रसाद सिलवाल बाजेको नामः पुन्न राज स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ	राजकुमार सिलवाल ना.प्र.नं. ०१/१६०२५, जारी मितिः २०६०/१०/१३ जि.प्र.का. धादिङ बाबुको नामः रामप्रसाद सिलवाल बाजेको नामः हरिप्रसाद सिलवाल स्थायी ठेगानाः बेनिघाट -९, धादिङ हालको ठेगानाः बेनिघाट रोराङ गा.पा. -३, धादिङ

धितोको विवरण (जग्गाको विवरण)

पुन्न राजको नाति, हरिप्रसाद सिलवालको छोरा, राम प्रसाद सिलवालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला बेनिघाट गा.वि.स/न.पा. वडा नं. ६ ङ (शितलबजार नजिक) स्थित कि.नं. ४२८ र ३१९ को क्षेत्रफल क्रमश : ०-२-०-० र ०-२-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

इनरुवा शाखा, सुनसरी

ऋणीको विवरण		धितोको विवरण (घर/जग्गाको विवरण)
१.इटहरीउप-महानगरपालिका,उप-महानगरकार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ५७६२/०७४/०७५ अन्तर्गत मिति २०७४/०५/१५ मा दर्ता कायम भएको **एके सप्लायर्स एण्ड ट्रेडर्स** फर्म दर्ता ठेगाना : इनरुवा न.पा.-१, सुनसरी स्थायी लेखा नं. ३०५५३८४५९ मिति २०६९/०५/२६ **प्रोप्राइटर तथा जमानकर्ता : अशोक कुमार साह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	२. **अशोक कुमार साह** ना.प्र.नं. ८२९२७/८३९२७, जारी मिति २०६०/०८/२१ जि.प्र.का. सुनसरी बाबुको नाम : लछुमन साहु बाजेको नाम : वालकिसुन साहु स्थायी ठेगाना : हरिनगर -६, सुनसरी हालको ठेगाना : इनरुवा न.पा. -१, सुनसरी **कर्जा शिर्षक : आवधिक कर्जा**	छोटक साहुको नाति, वालकिसुन साहुको छोरा, लछुमन साहुको नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला ईनरुवा न.पा. वडा नं. ९ ख स्थित कि.नं. १२९१ को क्षेत्रफल ०-०-१८.७५-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। **ऋणी एके सप्लायर्स एण्ड ट्रेडर्सका लागि मात्र धितो सुरक्षण रहेको** जागेश्वर प्रसाद साहुको छोरी, लछुमन साहुको बुहारी, अशोक कुमार साहुको पत्नी, नितु कुमारी शाहको नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला ईनरुवा न.पा. वडा नं. ३ ग स्थित कि.नं. १९१४ को क्षेत्रफल ०-१-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

लछुमन साहु ना.प्र.नं. २९८ जारी मिति २०३८/१०/०६ जि.प्र.का. सुनसरी बाबुको नाम : वालकिसुन साहु बाजेको नाम : छोटक साहु स्थायी ठेगाना : हरिनगर -६, सुनसरी हालको ठेगाना : इनरुवा न.पा. -१, सुनसरी	**नितु कुमारी शाह** ना.प्र.नं. ०६-०१-७३-०४०४२ जारी मिति २०७३/०३/२२, जि.प्र.का. सुनसरी बाबुको नाम : जागेश्वर प्रसाद साहु पतिको नाम : अशोक कुमार साहु ससुराको नाम : लछुमन साहु स्थायी ठेगाना : इनरुवा न.पा.-२, सुनसरी हालको ठेगाना : इनरुवा न.पा.-१, सुनसरी	**श्रीमती सुजाम देवी साह** ना.प्र.नं. १२९२/२०१७ जारी मिति २०४४/१२/१६, जि.प्र.का. सुनसरी बाबुको नाम : अनुप लाल शाह पतिको नाम : लक्षुमार शाह ससुराको नाम : वालकिसुन साहु स्थायी ठेगाना : हरिनगर -६, सुनसरी हालको ठेगाना : इनरुवा न.पा.-१, सुनसरी

ऋणी अशोक कुमार साहुका लागि एके सप्लायर्स एण्ड ट्रेडर्सको संस्थागत जमानत रहेको।

त्रिभुवनचोक नेपालगंज शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
भोज कुमारी गिरी ना.प्र.नं. २३५८, जारी मिति २०५४/०२/३०, जि.प्र.का. बाँके बाबुको नाम : रामसिंङ गिरी पतिको नाम : जय राज भण्डारी ससुराको नाम : चाउरे भण्डारी स्थायी ठेगाना : वनकटवा - ४, बाँके हालको ठेगाना : कोहलपुर - २, बाँके **कर्जा शिर्षक : आवधिक तथा सवारी साधन कर्जा**	**जय राज भण्डारी** ना.प्र.नं. ५१४५ जारी मिति २०५७/०१/२२ जि.प्र.का. वाजुरा बाबुको नाम : चाउरे भण्डारी बाजेको नाम : लाल सिंह भण्डारी स्थायी ठेगाना : वाँधु - ८, वाजुरा हालको ठेगाना : कोहलपुर - २, बाँके

धितोको विवरण (घरजग्गाको विवरण)

पदम गिरीको नातिनी, रामसिंह गिरीको छोरी, भोज कुमारी गिरिको नाममा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ४ ख स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-१-२-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Ashok Leyland 2516 HCV TRUCK	ना ७ ख ३६८८	२०१६	GYEZ415746	MB1DTDYD6GEYV7548

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरिक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२ असार ११ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८२ असार १२ गते
समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

■ विद्युतीय प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशकाको मस्यौदा तयार

जलविद्युत् परियोजनालाई घरेलु र अन्तर्राष्ट्रिय बजारमा व्यापार खुला गर्न प्रस्ताव

प्राधिकरणको एकाधिकार तोड्दै विद्युत् बजार प्रतिस्पर्धी बनाउने उद्देश्य

निर्देशिका कार्यान्वयनमा आए ठुल्ठुला विद्युत् उपभोक्ताले प्राधिकरणबाहेक निजी विद्युत् उत्पादक कम्पनीसँग सिधै विद्युत् खरिद-बिक्री सम्झौता गर्न पाउने

प्राधिकरणको प्रसारणलाइन प्रयोग गरेर जलविद्युत् उद्यमीले सोझै बिजुली बेच्न सक्ने, निर्यातसमेत गर्न पाउने पनि निर्देशिकामा प्रस्तावित व्यवस्था



अन्तर्राष्ट्रिय अभ्यासअनुसार विद्युतीय प्रणालीमा पहुँच खुला गर्दै छौं

रामप्रसाद धिताल, अध्यक्ष, विद्युत् नियमन आयोग



विद्युतीय प्रणालीमा पहुँच खुला गर्न निर्देशिका तयार गरेका छौं । अब सरोकारवालाको राय-सुझाव लिएर त्यसलाई अन्तिम रूप दिनेछौं । यो लागू भएको अवस्थामा प्रसारण प्रणालीमा पहुँच खुला त हुने नै भयो । साथै, विद्युत् प्राधिरकणको स्वीकृति लिएर परियोजना र उद्योगबिच सिधै पिपिए हुन सक्नेछ । साथै, बाँकी भएको विद्युत् निर्यातसम्म गर्न सक्नेछन् । अन्तर्राष्ट्रिय अभ्यासअनुसार नै यो नीति ल्याउन लागेका हौं ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् व्यापारमा सरकार स्वामित्वको विद्युत् प्राधिकरणसँगको मात्र निर्भरतालाई हटाउने प्रस्तावसहितको नयाँ निर्देशिका जारी गर्न लागिएको छ । विद्युत् नियमन आयोगले तयार गरेको 'विद्युतीय प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशका, २०२५' को मस्यौदामा विद्युतीय प्रणालीमा जलविद्युत् उद्यमीको पहुँच खुला गर्ने प्रावधान समेटिएको छ ।

निर्देशिकाको कार्यान्वयनबाट जुनसुकै ऊर्जा परियोजनाले प्राधिकरणको प्रसारणलाइन प्रयोग गरेर उद्योग-कलकारखाना वा अन्य ग्राहकलाई बिजुली बेच्न पाउने स्थिति बन्नेछ । प्रसारणलाइन प्रयोग गरेबापत ऊर्जा परियोजनाले प्राधिकरणलाई भाडाबापतको रकम भुक्तानी गर्नुपर्ने हुन्छ, तर कुनै मनासिब कारणविना प्राधिकरणले निजी क्षेत्रको बिजुली प्रवाह गर्ने प्रसारणलाइन उपलब्ध गराउन आनाकानी पनि गर्न नपाउने व्यवस्था पनि प्रस्तावित मस्यौदामा राखिएको छ ।

हालसम्म नेपालको विद्युतीय प्रणाली विद्युत् प्राधिकरणले नै सञ्चालन तथा प्रयोग गर्दै आएको छ । तर, नयाँ निर्देशिकामा विद्युत् उत्पादक, विद्युत् व्यापारमा संलग्न कम्पनी तथा ठुला उपभोक्ताले त्यो प्रणाली प्रयोग गरेर बिजुली खरिद वा बिक्री गर्न पाउने व्यवस्था राख्न खोजिएको हो ।

बुधबार आयोगको बैठकले उक्त निर्देशिकाको प्रारम्भिक मस्यौदा पारित गर्दै सरोकारवालाको राय-सुझाव लिने निर्णय गरेको छ । त्यसपछि प्राप्त राय-सुझावका आधारमा निर्देशिकालाई अन्तिम रूप दिने आयोगको तयारी छ । दुई महिनामा निर्देशिकालाई अन्तिम रूप दिने र त्यसपछिको दुई महिनामा कार्यान्वयनमा लैजाने आयोगको तयारी छ ।

विद्युत् उत्पादक, विद्युत् व्यापारमा संलग्न कम्पनी तथा ठुला विद्युत् उपभोक्ताले विभेदरहित रूपमा प्रणाली प्रयोग गरेर बिजुली खरिद वा बिक्री गर्न पाउने व्यवस्थाका लागि नयाँ निर्देशिका जारी गर्न लागिएको आयोगको भनाइ छ । भविष्यमा अन्य निकायले बनाउने विद्युतीय प्रणालीलाई पनि यहीअनुरूप भाडामा लगाउन सकिने मस्यौदामा उल्लेख छ ।

विद्युत् प्रणालीमा पहुँच खुलालाई आयोगले 'विद्युत् प्रसारण तथा वितरण पूर्वाधारमा स्वामित्व राख्ने निकाय/संस्थाबाहेक अन्य संस्था (विद्युत् उत्पादक, विद्युत् व्यापारमा संलग्न कम्पनी तथा ठुला विद्युत् उपभोक्तासमेत)ले विभेदरहित रूपमा प्रणाली प्रयोग गरेर बिजुली खरिद वा बिक्री गर्न पाउने व्यवस्था' भन्दै परिभाषित गरेको छ ।

विद्युत् प्रणालीमा पहुँच खुला गरिएको अवस्थामा ठुल्ठुला विद्युत् उपभोक्ताहरूले प्राधिकरणबाहेक निजी विद्युत् उत्पादक कम्पनीहरूसँग सीधै विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गरेर बिजुली खरिद गर्न सक्ने आयोगका अध्यक्ष रामप्रसाद धितालले बताए । यसरी खरिद गरिएको विद्युत् प्राधिकरण वा अन्य कम्पनीका प्रसारण तथा वितरण लाइनमार्फत आपूर्ति गरिनेछ । त्यसबापत प्रसारण, ह्विलिङ, डेभिएसनलगायतका शुल्क भने तिर्नुपर्नेछ ।

हाल विद्युत् परियोजनालाई प्राधिकरणबाहेक अन्य निकायलाई विद्युत् बिक्री गर्ने अधिकार छैन । तर, निर्देशिका कार्यान्वयनमा आएपछि विद्युत् परियोजनाले प्राधिकरणको स्वीकृति लिएर उद्योग तथा ठुला ग्राहकसँग पिपिए गर्न सक्नेछ । यद्यपि, यसअघि प्राधिकरणसँग पिपिए गरिसकेका परियोजनाले भने यो सुविधा पाउनेछैनन् । नयाँ परियोजनाका लागि यो सुविधा उपलब्ध हुनेछ ।

सरकारले बजेटमार्फत टेक एन्ड पे (लेउ र तिर) मोडेलमा पिपिए गर्ने नीति ल्याएको वेलामा सरकारले विद्युतीय प्रणालीमा खुला पहुँचको नीति ल्याउन लागेको हो । यसलाई सकारात्मक रूपमा लिइएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले बताए । 'यदि, यो सत्य हो भने राम्रो भयो । यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ,' उनले भने, 'मस्यौदा अध्ययन गरेपछि थप टिप्पणी गर्नेछौं ।'



कति लाग्छ प्राधिकरणको प्रसारणलाइन शुल्क ?

आयोगले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन मोडेलमा विद्युतीय प्रणालीमा पहुँच खुला गर्ने प्रस्ताव गरेको छ । आयोगको प्रारम्भिक अध्ययनले दीर्घकालीन र मध्यकालीनअन्तर्गत एक मेगावाट विद्युत् प्रसारण गर्न मासिक दुई लाख ८३ हजार आठ सय ४२ रुपैयाँ खर्च लाग्ने देखिएको छ । अल्पकालीनअन्तर्गत प्रतियुनिट ३९ पैसा लाग्ने देखिएको छ । प्रसारणलाइनको क्षमता, लम्बाइलगायतका आधारमा भाडादर निर्धारण गर्ने काम भइरहेको आयोगका अध्यक्ष धितालले बताए ।

मस्यौदाअनुसार ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेजस्तरमा जोडिएका पाँच मेगावाटभन्दा ठुला परियोजना र न्यूनतम एक मेगावाटका क्याप्टिभ आयोजनाले यो सुविधा पाउनेछन् । ग्राहकतर्फ ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेजस्तरमा जोडिएका औद्योगिक तथा व्यापारिक उपभोक्ताले खुला रूपमा प्रसारण प्रणाली प्रयोग गर्न पाउने प्रस्ताव गरिएको छ । उनीहरूको कन्ट्र्याक्ट इनर्जी पाँच मेगावाटभन्दा बढी भएको हुनुपर्ने सर्त तोकिएको छ ।

परियोजनालाई विद्युत् निर्यात गर्न बाटो खुला

निजी क्षेत्रलाई अन्तरदेशीय विद्युत् व्यापार गर्न पनि बाटो खुला गरिएको छ । न्यूनतम १० मेगावाटको सीमा तोकेर निजी क्षेत्रलाई खुला पहुँचअन्तर्गत विद्युत् निर्यात गर्न दिने प्रस्ताव गरिएको हो । अर्थात्, परियोजनाले प्राधिकरणको पूर्वस्वीकृति लिएर भारतका कम्पनीलाई न्यूनतम १० मेगावाट विद्युत् बिक्री गर्न पाउनेछन् ।

यद्यपि, यसमा सर्त भने तोकिएको छ । 'राष्ट्रिय हित, नेपाल विद्युत् प्राधिकरणद्वारा गरिने विद्युत् निर्यात वा नेपाल सरकारद्वारा निर्यातको अनुमति प्रदान गरिएका आयोजनाबाहेक विद्युत्को उत्पादन आन्तरिक खपत तथा मागभन्दा बढी भएको अवस्थामा मात्र विद्युत् निर्यात गर्न पाइनेछ,' आयोगको मस्यौदामा भनिएको छ । मस्यौदामा उल्लेख भएअनुसार ऊर्जा परियोजनाले भारत र चीनमा विद्युत् बिक्री गर्न सक्नेछन् ।

एमसिसी सहायता निरन्तरता अझै अन्योलमा

अमेरिकी दूतावास भन्छ- सकारात्मक परिणामका लागि प्रयत्नरत छौं

नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)अन्तर्गत अमेरिकी सरकारले वैदेशिक सहायतासम्बन्धी समीक्षा जारी राखेको तथा यसको सकारात्मक परिणामका लागि प्रयत्नरत रहेको अमेरिकी दूतावासले जनाएको छ । बुधबार विज्ञप्ति जारी गरी दूतावासले अमेरिकी विदेशमन्त्रीले एमसिसीअन्तर्गत वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेकै वेला लागू गरिएको ९० दिने रोकमा एमसिसी नेपाल कम्प्याक्टका लागि विशेष अपवाद प्रदान गरेको र यो अवस्था कायम रहेको पनि जनाएको छ ।

सोहीअनुसार अहिले अमेरिकी सरकारको समीक्षा अवधि चलिरहे पनि एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन अघि बढाउन स्वीकृति दिएअनुसार काम भइरहेको दूतावासले जनाएको छ । 'एमसिसी र नेपालस्थित अमेरिकी दूतावास सरोकारवालासँग सहकार्य र संवाद गर्दै समीक्षाको सकारात्मक परिणामका लागि प्रयत्नरत छन्,' दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

एमसिसीले अर्थ मन्त्रालय र एमसिए नेपालसँग निकट सहकार्य गर्दै कम्प्याक्टअन्तर्गत गरिएका वा सुरु गर्न लागिएका परियोजनालाई 'अमेरिका र नेपाल सरकारका प्राथमिकतासँग मेल खाने, पारदर्शिता, सुशासन, प्रभावकारी कार्यान्वयन र जोखिम व्यवस्थापन सुनिश्चित गर्ने गरी अगाडि बढाइरहेको' पनि दूतावासले जनाएको छ । 'अमेरिका नेपालसँगको द्विपक्षीय सम्बन्ध र नेपाली जनताको समृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि प्रवर्द्धन गर्ने प्रयासप्रति प्रतिबद्ध छ,' दूतावासले भनेको छ । समीक्षा अवधि कहिलेसम्म टुंगिन्छ भन्ने विज्ञप्तिमा उल्लेख छैन । नेपाल सरकारले भने अमेरिकाले एमसिसी निरन्तरता नदिए पनि आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा स्रोत अभाव हुन नदिने गरी 'इयरमार्क' (बजेट सुनिश्चित) गरिसकेको छ ।

नेपालले एमसिसीका लागि आगामी वर्षलाई बजेटमा स्रोत सुनिश्चित गरिसकेको छ

एमसिसी परियोजनाअन्तर्गत विद्युत् प्रसारणलाइन र सडक पूर्वाधार निर्माणका केही काम सुरु भइसकेका छन् । एमसिसीको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड सात लाख डलर गरी यो परियोजनाको कुल रकम ७४.७ करोड डलर अर्थात् करिब एक खर्ब रुपैयाँ हो । चालू आर्थिक वर्षमा मात्रै नेपाल सरकारको तीन अर्ब ४५ करोड लगानी भइसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

चार सय केभी क्षमताको कुल ३१५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन तथा पूर्व-पश्चिम राजमार्गको ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकको विशेष मर्मत एमसिसी परियोजनाअन्तर्गत छन् । २० जनवरी (७ माघ)मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एमसिसीलगायत विभिन्न फन्डमार्फतका आर्थिक सहायता ९० दिनका लागि स्थगन गरेका थिए । स्थगनको अवस्था कायमै छ । एमसिसी अनुदान स्थागित गरिएको जानकारी २ फागुन (१४ फेब्रुअरी)मा एमसिसीले इमेलमार्फत नेपाललाई जानकारी गराएको थियो । एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १३ करोड डलर लगानीमा विद्युतीय प्रसारणलाइन, सबस्टेसन र सडक पूर्वाधार बनाउने गरी २९ भदौ ०७४ (२०१७ सेप्टेम्बर) मा द्विपक्षीय सम्झौता भएको थियो । पछि एमसिसीले पाँच करोड डलर र नेपालले ६.७ करोड डलर थप गर्ने निर्णय गरेर कुल लगानी ७४.७ करोड डलर पुऱ्याइएको थियो । उक्त सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो । त्यसपछि १३ भदौ ०८० (३० अगस्ट २०२३) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल् अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म : साहु गाल्ला एण्ड कमिशन ऐजेन्ट**, प्रोप्राईटर तथा जमानीकर्ता: धर्मेन्द्र कुमार साह दर्ता नं. : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ३३४४/४६२, दर्ता मिति: २०७०/०१/१७, ठेगाना: जिल्ला रौतहट, गौर न.पा. वडा नं. १
	धितोको विवरण
	१) किसुन साहको नाती, पारस नाथ साहको छोरा, रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बस्ने धर्मेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २३१५, २३१६ र २३१४ को क्षेत्रफल क्रमश: ०-१-०, ०-१-५ र ०-०-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) साहु गाल्ला एण्ड कमिशन ऐजेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरु: १) धर्मेन्द्र कुमार साह, २) महालक्ष्मी गुप्ता

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

■ किसानलाई बाछी वितरण



ताप्लेजुङको मेरिङ्देन गाउँपालिका- ४ लिङ्तेपका किसानलाई आठवटा उन्नत जातको गाईको बाछी वितरण गरिएको छ । गाउँपालिकाले होलिस्नी क्रस र जर्सी क्रस गाईको बाछी वितरण गरेको हो । तस्बिर : **केशवप्रसाद भट्टराई**/नयाँ पत्रिका

जापानबाट फर्किएर अंगुर खेती

जर्मनीबाट पाँच हजार बिरुवा ल्याएर सुरु गरेको तनहुँस्थित फार्ममा डिभिको, चार्डोनी, अर्काडिया, सोन्जा, सोफिया, अन्टेरियालगायत २१ प्रजातिका अंगुर

तनहुँमा **उपेन्द्र खनाल**

घिरिङ गाउँपालिका- ४, बाह्रबिसेको एउटा फार्ममा यतिवेला कालो र हरियो अंगुर लटरम्मै फलेको छ । बोटैभरि अंगुर फलेको देखेपछि हेर्न र खान जाने मानिसको भिड पनि उसैगरी बढेको छ । त्यहाँ पुगेर उनीहरू फोटो खिच्छन्, टिकटक बनाउँछन् । दैनिक ४० देखि ५० जना त्यहाँ अवलोकनका लागि पुग्ने गरेका छन् । यसरी बोटैभरि अंगुर फलाउने कृषक हुन्, कुमार कार्की ।

काठमाडौंको चन्द्रागिरि नगरपालिका-३ निवासी कार्कीले घिरिङ, बाह्रबिसेमा व्यावसायिक अंगुर खेती गरेका हुन् । ०७७ मा घिरिङमा जग्गा खरिद गरेका कार्कीले घिरिङ भिनेयर्ड एग्रो रिसर्च सेन्टर दर्ता गरी व्यवसाय सुरु गरेका हुन् ।

सोही व्यवसायबाट पछिल्लो समय उनले राम्रो आम्दानी गर्दै आएका छन् । कार्कीले ७० रोपनी जग्गामा डिभिको, चार्डोनी, अर्काडिया, सोन्जा, सोफिया, अन्टेरियालगायत २१ प्रजातिका अंगुर लगाएका छन् । पाँच वर्षअघि सुरु गरिएको अंगुर खेतीले राम्रै प्रतिफल दिन थालेपछि कार्की पनि



अंगुर फर्ममा काम गर्दै एक महिला कामदार

उत्साहित छन् । सात वर्षअगाडि जापान गएर पर्यटन क्षेत्रमा काम गरेका कार्कीले फर्किएपछि स्वदेशमै बसेर केही गर्ौं भन्ने लागेर अंगुर खेती गरेको सुनाए ।

सुरुमा औद्योगिक क्षेत्र बनाएपछि पर्यटनसँग जोड्ने उनको लक्ष्य छ । 'कृषि सम्भावना भएकाले पहिला परीक्षण गर्ौं । परीक्षण सफल भएपछि अंगुर खेती गरिएको हो,' उनले भने ।

सुरुमा खेती गर्दा २५ लाखको बिरुवा जर्मनीबाट ल्याएको उनको भनाइ छ ।

यहाँ उत्पादित अंगुरबाट वाइन बनाउने गरिएको फार्म सञ्चालक कार्की बताउँछन् । रेड, ह्वाइट र रोज वाइन उत्पादन गरी बजारमा बिक्री गर्न थालिएको उनले जानकारी दिए । 'वाइन प्रतिबोतल एक हजार दुई सयमा बिक्री गर्दै आएका छौं,' उनले भने, 'अहिले नेपालमा मात्रै बिक्री गरिएको छ । बिस्तारै बाहिर निर्यात गर्ने तयारीसमेत छ ।'

कार्कीका अनुसार वार्षिक ५० हजार बोतल वाइन उत्पादन हुँदै आएको छ । यो परिमाणलाई बढाउँदै लैजाने र अन्यत्र पनि निर्यात गर्ने योजना उनले सुनाए । जर्मनीबाट त्यतिवेला प्रतिबिरुवाको पाँच सय रुपैयाँमा पाँच हजार बिरुवा ल्याएर व्यवसाय सुरु गर्नुको मुख्य उद्देश्य भने वाइन बनाउने रहेको उनले बताए । 'नेपालमा व्यावसायिक खेती गरेर नाफा कमाउनेभन्दा पनि वाइन बनाउने उद्देश्यले फार्म सञ्चालन गरिएको हो,' उनी भन्छन्, 'फार्ममा अहिले चारजनाले स्थायी र २० जनाले ज्यालादारीमा काम गर्दै आएका छन् ।'

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी: रुरु भ्यालि पस्मिना एण्ड ह्याण्डीक्राफ्ट प्रा.लि.,** संचालक तथा जमानीकर्ताहरुः शर्मिला कुंवर (खड्का), र इन्दीरा श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २५०६०६/०७७/०७८, दर्ता मिति २०७७/१२/०८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३
	धितोको विवरण
	१) बुद्धिमानकी बुहारी, वृजमानकी पत्नी, चितवन जिल्ला, गितानगर गा.वि.स./न.पा. वडा नं. ६ बस्ने मिठु मायाँ श्रेष्ठको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, गितानगर गा.वि.स. वडा नं. ६क (हाल भरतपुर म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-१३-४-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भिम बहादुर खड्काकी छोरी, कृष्ण बहादुर कुँवरकी बुहारी, गोविन्द कुंवरकी पत्नी, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने शर्मिला कुंवर (खड्का)को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स. वडा नं. १ क (हाल भरतपुर म.न.पा. वडा नं. १८) स्थित कित्ता नं. १९२४, ९७८ र १९२३ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-५-०-० र ०-१-०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) रुरु भ्यालि पस्मिना एण्ड ह्याण्डीक्राफ्ट प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी: शर्मिला कुंवर (खड्का) स्थायी ठेगाना: काठमाडौं जिल्ला, काठमाडौं उ.म.न.पा. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु: भिम बहादुर खड्का, ससुरा: कृष्ण बहादुर कुँवर, पति : गोविन्द कुंवर
	धितोको विवरण
	भिम बहादुर खड्काकी छोरी, कृष्ण बहादुर कुँवरकी बुहारी, गोविन्द कुंवरकी पत्नी, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने शर्मिला कुंवर (खड्का)को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स. वडा नं. १ क (हाल भरतपुर म.न.पा. वडा नं. १८) स्थित कित्ता नं. १९२४, ९७८ र १९२३ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-५-०-० र ०-१-०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२)	**ऋणी कम्पनी: पद्मिनी ज्वेलर्स प्रा.लि.,** संचालक तथा जमानीकर्ता: योगेन्द्र दर्शनधारी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं मा कम्पनी दर्ता नं. १३०५३९/०७२/०७३, दर्ता मिति: २०७२/०५/१७, ठेगाना: जिल्ला काठमाडौं, कीर्तिपुर न.पा वडा. १७
	धितोको विवरण
	१) श्री सिध्दि नाथ दर्शनधारीकी छोरी, कृष्ण बहादुर दर्शनधारीकी बुहारी, गणेश दर्शनधारीकी पत्नी, काठमाडौं जिल्ला, पालिफल गा.वि.स. वडा. ३ बस्ने श्रीमती बसला दर्शनधारीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, कीर्तिपुर न.पा वडा. ५ (हाल काठमाडौं जिल्ला, कीर्तिपुर न.पा वडा. ३) स्थित कित्ता नं. १६० को क्षेत्रफल २७४.१७ (ब.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पद्मिनी ज्वेलर्स प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणी: जगत बहादुर सुनार** ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३, बाबु: पदम बहादुर सुनार, बाजे: सेते सुनार
	धितोको विवरण
	१) सेते सुनारको नाती, पदम बहादुर सुनारको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ बस्ने जगत बहादुर सुनारको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ८१२३ को क्षेत्रफल ७५२.३७(ब.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शमशेर बहादुर वि.क.की छोरी, पदम बहादुर सुनारकी बुहारी, जगत बहादुर सुनारकी पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ बस्ने भु कुमारी सुनारको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६२५४ को क्षेत्रफल ६७७.२८ (ब.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
४)	**ऋणी: अविनाश कर्ण** ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ९, बाबु: प्रफुल्ल चन्द्र लाल कर्ण, बाजे: बल गोविन्द लाल कर्ण
	धितोको विवरण
	बिन्दु लाल दासकी छोरी, प्रफुल्ल चन्द्र लाल कर्णकी बुहारी, अविनाश कर्णकी पत्नी, मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. १ बस्ने सुजना कर्णको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, चुनिखेल गा.वि.स./न.पा वडा नं. १ क स्थित कित्ता नं. १००५ को क्षेत्रफल ०-३-१-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
५)	**ऋणी फर्म: सुर्य हार्डवेयर एण्ड सप्लायर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: सुर्य बहादुर खुलाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.र.नं. ३६११/२७६०/२०७९/०८०, दर्ता मिति: २०७९/११/०३, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. २
	धितोको विवरण
	१) भिम बहादुर खुलालको नाती, मान बहादुर खुलालको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० बस्ने सुर्य बहादुर खुलालको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. २५६६, २५८३ र ४००७ को क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-०-१२-० र ०-०-१७.५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सुर्य हार्डवेयर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी फर्म: गोल्ड स्काई एकिकृत कृषि तथा पशुपन्क्षी फर्म,** प्रोप्राइटर तथा जमानीकर्ता: अनिल कुमार घलान दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर, नेपालमा, प्राइभेट फर्म दर्ता नं. ३६४८/२५०४/०७९/०८०, दर्ता मिति: २०८०/०२/०३, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १२
	धितोको विवरण
	१) भिम बहादुरको नाती, राज कुमार घलानको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६ बस्ने अनिल कुमार घलानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६१३८ को क्षेत्रफल १५५३.४५ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भिम बहादुरको नाती, राज कुमार घलानको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६ बस्ने अनिल कुमार घलानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. ९०९४ को क्षेत्रफल ०-३-१५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) भिम बहादुरको नाती, राज कुमार घलानको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६ बस्ने अनिल कुमार घलानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४७३९ को क्षेत्रफल ०-३-१२.५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) गोल्ड स्काई एकिकृत कृषि तथा पशुपन्क्षी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी: अनिल कुमार घलान ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३,, बाबु: राज कुमार घलान, बाजे: भिम बहादुर घलान
	धितोको विवरण
	१) भिम बहादुरको नाती, राज कुमार घलानको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६ बस्ने अनिल कुमार घलानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६१३८ को क्षेत्रफल १५५३.४५ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भिम बहादुरको नाती, राज कुमार घलानको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६ बस्ने अनिल कुमार घलानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४७३९ को क्षेत्रफल ०-३-१२.५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
७)	**ऋणी: सत्य थापा** स्थायी ठेगाना: बझाङ जिल्ला, लुयाँटा गा.वि.स. वडा नं.२, हाल ठेगाना: काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १४, बाबु: कर्ण बहादुर थापा, बाजे: वीर वहादुर थापा
	धितोको विवरण
	सिध्दिमान थापाको नाती, वीर बहादुर थापाको छोरा, कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ३ बस्ने कर्ण बहादुर थापाको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ३ (हाल धनगढी उ.म.न.पा. वडा नं. १९) स्थित कित्ता नं. १४४ को क्षेत्रफल ३१४१.९९ (ब.मी.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**ऋणी: अनिलकुमार बर्तौला** स्थायी ठेगाना: मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ३ बाबु: धर्मराज बर्तौला, बाजे: एक प्रसाद बर्तौला
	धितोको विवरण
	गोपाल प्रसाद हट्वालकी छोरी, एक प्रसाद बर्तौलाकी बुहारी, धर्मराज बर्तौलाकी पत्नि, मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ बस्ने शान्ती बर्तौलाको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १८६३ को क्षेत्रफल ०-४-६१/२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एभरेष्ट बैंकले चिनो हाइड्रोमा एक अर्ब ३६ करोड ऋण लगानी गर्ने



काठमाडौं/ एभरेष्ट बैंक र चिनो हाइड्रोपावरबिच चिनो खोलामा ७.८३ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गर्न एक अर्ब ३६ करोड ऋण लगानी गर्ने सहमति भएको छ। सहमतिपत्रमा एभरेष्ट बैंकका कार्यकारी प्रमुख सुदेश खालिङ र चिनो हाइड्रोपावरका अध्यक्ष विजयबहादुर श्रेष्ठद्वारा हस्ताक्षर गरेका छन्।

नासोङ गाउँपालिका, मनाङस्थित उक्त परियोजना बुटवल पावर कम्पनीद्वारा प्रवर्द्धित परियोजना हो। यस परियोजना दुई वर्षमा सम्पन्न गर्न चाइनिज ठेकेदारलाई इपिसी मोडेलमा ठेक्का लगाइएको छ। साथै, यसबाट उत्पादित विद्युत् मनाङ जिल्लाको धारापानीस्थित सबस्टेसनबाट राष्ट्रिय ग्रिडमा जोडिने बताइएको छ।

परियोजनाका लागि नेपाल विद्युत् प्राधिकरण र चिनो हाइड्रोपावर लिमिटेडबिच विद्युत् खरिद बिक्री सम्झौता ०८२ वैशाखमा सम्पन्न भइसकेको छ। यस परियोजनाबाट वार्षिक ४४.४६५ गिगावाट प्रतिआवर विद्युत् उत्पादन हुने बताइएको छ।

सिटिजन्सका ग्राहकले टीका रिसोर्टमा २० प्रतिशत छुट पाउने

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र लेकसाइड, पोखरास्थित टीका रिसोर्टबिच छुट प्रदान गर्ने समझदारी भएको छ। समझदारीपत्रमा उल्लेख भएअनुसार बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले टीका रिसोर्टमा २० प्रतिशतसम्म आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले



लिएको छ। डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

बैंकले देशभरका दुई सय शाखा, एक सय ६८ एटिएम, तीन विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

आइएमई लिमिटेड
पानीपोखरी, काठमाडौं

यस कम्पनीलाई आवश्यक पर्ने बस्तु तथा सेवा आपूर्ति फर्म / कम्पनीहरुको सूचि दर्ता गर्ने बारे सूचना

प्रकाशित मिति : २०८२/०३/०५

यस कम्पनीलाई आ.व. २०८२/०८३ मा आवश्यक हुने तपसिलमा उल्लेखित सामानहरु तथा विविध प्रकारका सेवाहरु आपूर्ति तथा मर्मत गर्नका लागि सम्बन्धित सेवाको कारोवार गर्न स्वीकृती प्राप्त गरेका इच्छुक रजिष्टार्ड फर्म तथा कम्पनीहरुको सूचि दर्ता गराउनुपर्ने भएकाले आफूले प्रवाह गर्ने बस्तु एवम् सेवाहरुको विवरण, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी स्थाई लेखा नंम्वर (PAN) दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर (VAT), बिभागको प्रमाणपत्र (नविकरण समेत), आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी मिति २०८२/०३/१५ गते कार्यालय समयमा भित्र दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीलाई आवश्यक पर्ने बस्तु तथा सेवाहरु

समूह 'क' अफिस उपकरणहरु, छपाई प्रिन्टिङ्ग तथा स्टेश्नरी लगाएत अन्य सेवाहरु
- IT सम्बन्धी (Computer, laptop, Security System and Devices, Server/Network Switch/ Firewall Devices/Routers etc.)
- बीमा सम्बन्धी सेवा (Life and Non-Life)
- प्रिन्टर, स्क्यानर, फोटोकपी मेसिन।
- अनलाइन यूपिएस, ब्याट्री तथा सोलार सम्बन्धी सेवाहरु।
- एयर कन्डिसनर्स, सिसि टिभि/सेक्यूरीटि अर्लाम सिस्टम।
- टेलिफोन सेट, इलेक्ट्रीकल्स /Attendance Device
- मेटल तथा काठका फर्निचर
- Generator
- जनरल स्टेश्नरी तथा अन्य छपाई सम्बन्धी कार्यहरु
- Merchandise Printing
- छाप आपूर्ती तथा आई.डि. कार्ड, भिजिटिङ कार्ड
- ग्लो साइन वोर्ड, फ्लेक्स बोर्ड, पोस्टर, पम्प्लेट, फ्लायर,
- खाद्यान्न आपूर्ति
- सरसफाई, Electrical Service तथा अन्य Manpower outsource agencies
- कुरियर सर्भिस (आन्तरिक तथा वाह्य)

समूह 'ख' मर्मत तथा सम्भार
- अफिस उपकरण (Generator, Server/AC, प्रिन्टर, टोनर रिफिलिङ्ग) सम्बन्धी तथा अन्य सेवाहरु।
- फर्निचर, फिक्सीङ तथा फर्निसिङ्ग सम्बन्धी कार्यहरु।
- अनलाइन यूपिएस, ब्याट्रि तथा सोलार सम्बन्धि उपकरणहरु।
- भवन मर्मत, सिकर्मी सेवा, रङ्ग रोगन तथा प्लम्बीङ सम्बन्धी कार्यहरु।
- Interior Consultancy, बगैंचा मर्मत लगायत सेवा।

अन्य जानकारीहरु
१) सूचिकृत हुन निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएको विक्रेता, फर्म, कम्पनीहरुलाई मात्र सूचिकृत गरिनेछ। त्यसरी सूचिकृत गर्दा पेश हुन आएको विवरण क्षमता, अनुभव तथा दक्षतालाई आधारमानी गरिनेछ।
२) सूचि दर्ताको समयमा आवश्यक सम्पूर्ण कागजात, अनुभवको प्राणपत्रको अनुभव प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातहरु पेश गर्नुपर्नेछ।
३) सूचिकृतमा पर्ने फर्महरुलाई सूचिकृत भएको जानकारी इमेल मार्फत गराईनेछ।
४) सूचि दर्ताको निवेदन पेश गर्ने अन्तिम मितिमा बैंकको विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन पेश गर्न सकिनेछ। साथै, म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको निवेदन उपर कुनै कारवाही गरिने छैन।
५) सूचिकृत भएका फर्म वा कम्पनीले सन्तोषजनक सेवा नदिएमा, समयमा गुणस्तरीय सामानको आपूर्ति नगरेमा, ढिलासुस्ती वा अटेरी गरेमा त्यस्ता फर्म, कम्पनीको नाम बिना पूर्वसूचना सूचिबाट हटाउने वा रद्ध गर्ने सम्पूर्ण अधिकार आइएमई लिमिटेडमा रहेको छ। यस उपर कुनै हकदाबी विरोध गर्न पाइनेछैन। सूचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा नै निहित रहनेछ।
६) सुचि दर्ता वापतको फारम भरी रू. १,०००/- (अक्षरूपी एक हजार रुपैंया; फिर्ता नहुने गरी) आइएमई लिमिटेडको नाममा ग्लोबल आइएमई बैंकमा रहेको खाता नं.००१०१०१०००५१४६ जम्मा गरी त्यस्को सक्कल भौचर प्रति पानीपोखरी काठमाडौंस्थित यस कम्पनीको सामान्य सेवा विभागमा पेश गर्नुहुन अनुरोध गर्दछौं।
७) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा आइएमई कम्प्लेक्स, पानीपोखरी स्थित कार्यालयको सामान्य सेवा विभागबाट जानकारी प्राप्त गर्न सकिनेछ।

नोट : यदि सूची दर्ता गर्न आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र सूची दर्ताका लागि आवेदन पेश गर्न सकिनेछ।

IME group pioneering spirit | IME | IME pay

आइएमई कम्प्लेक्स, पानीपोखरी, काठमाडौं
फोन नं. : ०१-५९७०१०७
इमेल : gsd@imeremit.com.np

गार्डियनको सेयर रजिस्ट्रार हिमालयन

काठमाडौं/ गार्डियन माइक्रो लाइफ इस्योरेन्सको सेयर रजिस्ट्रारमा हिमालयन इन्भेस्टमेन्ट बैंकर नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा हिमालयन इन्भेस्टमेन्टका सिइओ सुमेरशमशेर जबरा र गार्डियनका सिइओ चिरायु भण्डारीले सेयर रजिस्ट्रार परिवर्तनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे। गार्डियनको सञ्चालक समितिको निर्णयअनुसार यस इन्स्योरेन्सको धितोपत्र कारोबारसम्बन्धी अभिलेख राख्ने, दाखिल खारेज, नामसारी, रोक्का राख्नेलगायतका सम्पूर्ण कार्य गर्न हिमालयन इन्भेस्टमेन्ट बैंकरलाई सेयर रजिस्ट्रार नियुक्त भएको हो। जसअनुसार सेयर रजिस्ट्रारसम्बन्धी सम्पूर्ण कार्य यही संस्थाले गर्नेछ।

मौलाकाली केबलकारमा युपिआई कार्डवाहकलाई छुट

काठमाडौं/ स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी)ले जारी गर्दै आएको एससिटी-युपिआई कार्डका ग्राहकलाई मौलाकाली केबलकारमा १० प्रतिशत छुट हुने भएको छ। गैंडाकोट, नवलपुरमा रहेको मौलाकालिका मन्दिरमा दर्शन गर्न आउने आगन्तुकको यात्रा अझ सहज र सुलभ हुने अपेक्षा गर्दै एससिटी र मौलाकाली केबलकारले यो अफर ल्याएका हुन्।

अफरअन्तर्गत एससिटी-युपिआई कार्डबाट पिओएस मेसिनमार्फत टिकट खरिद गर्दा १० प्रतिशत छुट हुनेछ। एससिटीले हाल २१ वटा बैंक तथा वित्तीय संस्था र सयभन्दा बढी सहकारी संस्थामार्फत एससिटी-युपिआई कार्ड जारी गर्दै आएको छ।

ग्रिन डेभलपमेन्ट बैंक एनसिएचएलमा आबद्ध

काठमाडौं/ ग्रिन डेभलपमेन्ट बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेको प्रिसिन्पल मेम्बरसिपका लागि सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) हरिबहादुर बुढाथोकी र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्। एनसिएचएलले बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो। त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन्। पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् यस बैंकका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन्।

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७७
बिहीबार ५ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टेस्ट राष्ट्र बन्न 'एभरेस्ट चढिरहेको' नेपाल



त्रिवि क्रिकेट मैदानमा दुई वर्षअघि नेपाल र युएईबिचको खेल हेर्दै घरेलु दर्शक । फाइल तस्बिर

एजेन्सी

एक क्रिकेटरको चाहना पाँच दिनसम्म चल्ने टेस्ट खेल्नु हो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को पूर्णकालीन सदस्य बन्दा हरेक अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा खेलाडीले निरन्तर अवसर पाउँछन् । यही सपनाका साथ नेपाली क्रिकेटर र र नेपाल क्रिकेट संघ (क्यान)ले अगाडि बढिरहेका छन् । नेपालले टेस्ट मान्यता पाउन अझै धेरै कार्य गर्नु बाँकी नै छ । तर, नेपालले स्वदेशी वा विदेशी भूमिमा टेस्ट खेलिरहेको सपना देख्नु नराम्रो होइन ।

त्यसलाई पूरा गर्न त्यहीअनुसार तयारी गर्नुपर्छ । नेपालले संगठित रूपमा घरेलु प्रतियोगिता तथा मुलुकभरि विभिन्न कार्यक्रममार्फत टेस्ट मान्यता पाउन मिहिनेत गरिरहेको छ । क्यानले सिंगापुरमा हुने आइसिसीको वार्षिक साधारण सभामा टेस्ट मान्यता प्राप्तिसहितको विभिन्न योजना राख्ने तयारी गरेको क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले बिबिसीलाई बताएका छन् । नेपालले १७ देखि २० जुलाईसम्म सिंगापुरमा हुने आइसिसीको वार्षिक साधारणसभामा अनौपचारिक रूपमा आफ्ना कुरा राख्ने तयारी गरेको उनले खुलासा गरेका छन् ।

> १७ देखि २० जुलाईसम्म सिंगापुरमा हुने आइसिसीको साधारणसभामा टेस्ट राष्ट्रको मान्यताका लागि प्रस्ताव राख्ने क्यानका सचिव पारस खड्काले बताए

पारसले यस कार्यलाई 'एभरेष्ट चढ्ने' भनेका छन् । 'हामी टेस्ट राष्ट्र बन्ने अभियानमा छौं, यसका लागि मिहिनेत पनि गरिरहेका छौं, हामीले 'सगरमाथा चढ्ने' अभियान भनेका छौं,' खड्काले बिबिसीका पत्रकार टिमोन्थ अब्राहमसँगको अन्तर्वार्तामा भनेका छन्, 'संघले एक दिन लर्ड्स मैदानमा इंग्ल्यान्डसँग टेस्ट खेल्न पाउने सपना बोकेको छ ।' आइसिसीले अहिलेसम्म केवल १२ राष्ट्रलाई मात्र टेस्ट मान्यता प्रदान गरेको छ । आइसिसीले पछिल्लोपटक आयरल्यान्ड र अफगानिस्तानलाई मात्र यो मान्यता दिएको थियो ।

सन् २०१७ को आइसिसीको कार्यसमितिको बैठकले आयरल्यान्ड र अफगानिस्तानलाई टेस्ट हैसियत प्रदान गरेको थियो । आइसिसीले नौ वर्षयता अन्य एसोसिएट एकदिवसीय हैसियत बनाएका राष्ट्रलाई टेस्ट मान्यता दिएको छैन । क्यानको लक्ष्य नै १३औं टेस्ट राष्ट्र बन्ने हो । नेपालले टेस्ट हैसियत प्राप्तिका लागि लगातार लामो समय तयारी गरिरहेको र अन्तर्राष्ट्रिय लेभलमा पनि उत्कृष्ट नतिजा निकालेको दाबी क्यानका सचिव खड्काले गरेका छन् । 'नेपालले टेस्ट हैसियत पाउन धेरै अगाडिदेखि मिहिनेत गरिरहेको छ,' उनले बिबिसिसँग भने, 'अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नेपालको प्रदर्शन राम्रो हुँदै गइरहेको छ ।'

अन्तर्राष्ट्रिय क्रिकेटमा उत्कृष्ट नतिजा

आइसिसीले भविष्यमा आइसिसी विश्वकप लिग २ मा सहभागी राष्ट्रमध्येलाई टेस्ट मान्यता दिन सक्छ । विश्वकप लिग २ मा नेपालसँगै नेदरल्यान्ड, स्कटल्यान्ड, अमेरिका, युएई, नामिबिया, ओमान र क्यानडाले प्रतिस्पर्धा गरिरहेका छन् । शीर्ष तीन स्थानमा रहने टोली सीधै एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा पुग्नेछन् । अहिले अंक तालिकामा नेपाल सातौं स्थानमा छ । विश्वकप लिग २ को पाँचौं स्थानमा रहने राष्ट्रले चार वर्षको एकदिवसीय मान्यता रक्षा गर्नेछ । नेपालको योजना एकदिवसीय मान्यता रक्षा गर्नुका साथै पुनः एकपटक शीर्ष तीनमा रहेर एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा प्रवेश गर्नु हो । क्यानका सचिव खड्काले नेपालको बारेमा जानकारहरूले टेस्ट राष्ट्र बन्नका लागि मिहिनेत गरेको थाहा भएको बताएका छन् ।

'यदि तपाईंले नेपाली क्रिकेटबारेमा जानकार हुनुहुन्छ, पक्कै थाहा होला, नेपालले बिस्तारै एभरेस्ट चुचुरोमा पुग्न पाइला अगाडि बढाइरहेको छ,' खड्काले भने, 'टेस्ट खेल्नु हामी सबैका सपना हो, तर यो सफलता चुम्न समय लाग्छ, लामो संघर्षपछि एक आरोहीले कुनै न कुनै दिन सगरमाथाको चुचुरोमा पुग्छन्, नेपालले पनि आफ्नो लक्ष्य यसरी नै प्राप्त गर्नेछ ।' उनले संघर्षविना कुनै सफलता हात पार्न नसकिने बताए । 'एभरेस्ट (सगरमाथा)को शिखरमा पुग्न त्यति सहज छैन, यसमा धेरै जोखिम छ, विभिन्न किसिमको समस्या पार गरेर शिखरमा आरोही पुग्छन्, नेपालले पनि यस्तै अवधारणा अपनाएर टेस्ट मान्यता पाउन बाटो पछ्याउँदै गइरहेको छ,' खड्काले भने, 'जब यो सफलता प्राप्त हुन्छ, त्यसवेला नेपाल आइसिसीको पूर्णकालीन सदस्य हुनेछ ।' नेपालमा लामो फर्म्याटको अन्तर्राष्ट्रिय क्रिकेटप्रति गहिरो रुचि रहेको उनले बताए ।

सन् १९८८ मा आइसिसीमा प्रवेश

राणाकालीन समयमै नेपालमा क्रिकेट खेल सुरु भएको थियो । तर, नेपालले आइसिसी र एसिसीको मान्यता पाउन धेरै समय लगायो । नेपाल सन् १९८८ मा आइसिसीको सदस्यका रूपमा प्रवेश गरेको थियो ।

यसको ११ वर्षपछि १९९९ मा नेपाल आइसिसीको एसोसिएट सदस्यता बन्यो । सन् २०१४ मा नेपालले पहिलोपटक टी-२० विश्वकप खेल्यो । सन् २०२४ मा दोस्रोपटक नेपालले टी-२० विश्वकपमा सहभागिता जनायो । सन् २०१७ मा नेपालले एकदिवसीयको हैसियत प्राप्त गरेको हो । नेपालले सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय फर्म्याटमा डेब्यु गरेको थियो । त्यसयता नेपालले ७७ एकदिवसीय खेलमा ३८ जित र ३६ हारको सामना गरेको छ । नेपालले सन् २०१४ मा हङकङसँग पहिलो टी-२० आई खेलेको थियो । नेपालले हालै मात्र १०१ अन्तर्राष्ट्रिय टी-२० आई पूरा गरेको छ । नेपालले टी-२० आईमा ५६ जित र ३९ हारको सामना गरेको छ ।

एकदिवसीय र टी-२० फर्म्याटमा नेपालको नतिजा उत्कृष्ट रहे पनि टेस्ट मान्यता हात पार्न आइसिसीको मापदण्ड पूरा गर्नुपर्छ । शासन प्रणाली, खेल प्रदर्शन, सहभागिता, घरेलु ढाँचा, पूर्वाधार र विकास कार्यक्रमआदि कार्य नियमित रूपमा पूरा गर्नुपर्ने आइसिसीले जनाएको छ । क्यानले गत वर्ष नेपाली प्रिमियर लिग (एनपिएल) फ्रेन्चाइज टी-२० लिग सुरु गरेको थियो । टेस्ट तयारीस्वरूप बहुदिने घरेलु रेड बल प्रतियोगितासमेत सुरु गरिएको छ । यसैगरी, क्यानले पुरुषमा जस्तै महिलाका लागि पनि केन्द्रीय सम्झौता दिँदै आएको छ । सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा केही रंगशाला निर्माण तथा स्तरोन्नतिका लागि बजेटसमेत प्रदान गरेको छ ।

अन्तिम क्षणसम्म लड्ने नेपाली क्रिकेटर

आइसिसीले नेपाली क्रिकेटरलाई अन्तिम समयसम्म लड्ने बहादुर क्रिकेटका रूपमा लिने गर्छ । अमेरिका र वेस्ट इन्डिजले गत वर्ष संयुक्त रूपमा आयोजना गरेको टी-२० विश्वकपको नतिजापछि आइसिसीले नेपाललाई यस्तो ट्याग दिएको हो । गत वर्ष टी-२० विश्वकपअन्तर्गत टेस्ट मान्यताप्राप्त गरेको राष्ट्र दक्षिण अफ्रिकाविरुद्ध लगभग जितनजिक पुगेको थियो । तर, नेपाल दक्षिण अफ्रिकासँग झिनो एक रनले पराजित भयो । दक्षिण अफ्रिका प्रतियोगिताको उपविजेता बन्यो ।

अहिले नयाँ प्रशिक्षक स्टुवार्ट लको प्रशिक्षणमा रहेको नेपाल २०२६ को टी-२० विश्वकप र २०२७ को एकदिवसीय विश्वकपका लागि छनोटको तयारीमा छ । त्रिकोणात्मक टी-२० सिरिजमा नेपालले अन्तिम बलसम्म पनि हार मानेन । यसै प्रदर्शनका आधारमा नेपाललाई 'कार्डियाक किड्स'को नाम दिइएको छ । जसको अर्थ अन्तिम बलसम्मको लडाइँ र अप्रत्याशित जित नेपाली क्रिकेटको चिनारी बनेको छ ।

- बिबिसी स्पोर्ट्सका खेल पत्रकार टिमोन्थ अब्राहमले तयार गरेको रिपोर्ट

■ सूर्य नेपाल प्रिमियर गल्फ

एमेच्योर राहुलको एकल अग्रता

दोस्रो स्थानमा रहेका साबिक विजेता सुवास तामाङमाथि राहुल विश्वकर्माले एक स्ट्रोकको अग्रता लिए

नयाँ पत्रिका

एमेच्योर गल्फर राहुल विश्वकर्माले सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको तेस्रो दिन एकल अग्रता बनाएका छन् ।



राहुलले समग्रमा १६ अन्डर दुई सयको स्कोर गर्दै साबिक विजेता सुवास तामाङलाई एक स्ट्रोकले पछि पारेका छन् । राहुलले बुधबार ६ अन्डर ६६ स्कोर गरेका थिए । पहिलो दिनका संयुक्त रूपमा शीर्ष स्थानमा रहेका सुवासले बोगीरहित पाँच अन्डर ६७ को स्कोर गरेका थिए । उनले समग्रमा १५ अन्डर दुई सय एक स्कोर गरे । एमेच्योर सदभाव आचार्यले पाँच अन्डर ६७ को नतिजा निकाले । समग्रमा १३ अन्डर दुई सय तीन स्कोरका साथ उनी तेस्रो स्थानमा छन् ।

समग्रमा ११ अन्डर दुई सय पाँचको स्कोरमा नीरज तामाङ र भुवन नगरकोटी संयुक्त रूपमा चौथो स्थानमा रहेका छन् । भुवनले दिनकै उत्कृष्ट आठ अन्डर ६४ को स्कोर गरेका थिए । भुटानका निम दोर्जी तामाङ समग्रमा आठ अन्डर दुई सय आठ स्कोरका साथ छैटौं स्थानमा छन् । उनी एमेच्योरतर्फ तेस्रो स्थानमा छन् ।

फ्रन्ट नाइनमा राहुलको उत्कृष्ट प्रदर्शन

शीर्ष स्थानमा रहेका राहुलले फ्रन्ट नाइनमा बोगीरहित पाँच अन्डर ३१ को उत्कृष्ट प्रदर्शन गर्न सफल भए । उनले पहिलो, दोस्रो तेस्रो, छैटौं र सातौं होलमा गरी कुल पाँच बर्डी प्रहार गरे । यसपछि ११औं होलमा एक सट खेर फालेका उनले १५औं र १८औं होलको बर्डीको सहायतामा ब्याक नाइन एक अन्डर ३५ स्कोर गरे । सुवासले फ्रन्ट नाइनमा तीन अन्डर ३३ र ब्याक नाइनमा दुई अन्डर ३४ स्कोर गरे । उनले तेस्रो, चौथो, नवौं, १२औं र १३औं होलमा बर्डी निकाले ।

सदभावले दोस्रो, तेस्रो, सातौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन चार अन्डर ३२ मा सकाए । यसपछि ११औं होलमा उनले डबल बोगी खेपे । तर, १२औं होलमा इगल निकालेका उनले १८औं होलको बर्डीको मद्दतमा ब्याक नाइन एक अन्डर ३५ स्कोर गरेका थिए । विजेताले तीन लाख र उपविजेताले एक लाख ८५ हजार रुपैयाँ हात पार्नेछन् ।

खेल संक्षेप

एकल कातामा एलिनालाई स्वर्ण



काठमाडौं/ कीर्तिपुर नगरपालिकाकी एलिना थिङले काठमाडौं जिल्लाव्यापी बृहत् खेलकुदअन्तर्गत करँतेको महिला एकल कातामा स्वर्ण जितेकी छिन् । प्रतियोगिताको बुधबार भएको फाइनलमा एलिनाले तार्केश्वर नगरपालिकाकी प्रसन्न फुँयाललाई हराउँदै उपाधि जितेकी हुन् । एलिनाले ३० हजार र प्रसन्नले १५ हजार रुपैयाँ पाएका छन् । महिला टिम कुमुतेमा सोनाम शेर्पा, समीक्षा ढुंगाना, मोनिका लामा, आयुषा प्रधान र मनीषा लामाको नागर्जुन टोली पहिलो भएको छ । महिला एकलमा पहिलो हुने टोलीले ५० हजार र दोस्रोले २५ हजार रुपैयाँ पाएका छन् । यसैगरी, पुरुष फुटसलमा वडा २६ र वडा १३ सेमिफाइनलमा प्रवेश गरेका छन् । लैनचौर खेल मैदानमा वडा २६ ले वडा १२ लाई ९-१ को फराकिलो गोलअन्तरले पराजित गऱ्यो । वडा १३ ले वडा १४ लाई ४-३ गोलले हरायो ।

नेपालको लगातार दोस्रो जित

काठमाडौं/ नेपालले बिली जिन किङ कपमा बुधबार लगातार दोस्रो जित हात पारेको छ । समूह 'बी'को खेलमा नेपालले कतारलाई ३-० ले पराजित गऱ्यो । पहिलो खेलमा नेपालले म्यान्मारलाई २-१ ले हराएको थियो । श्रीलंकाको कोलम्बोमा भइरहेको प्रतियोगिताको पहिलो एकलमा नेपालकी सिभाली गुरुङले दाना खलिफालाई ६-० र ६-२ को सोझो सेटमा पराजित गरिन् । दोस्रो एकलमा नेपालकी अभिलाषा विष्टले मुबारका अल नाइमीलाई ७-६ र ६-४ ले हराइन् । डबल्समा नेपालका सुनिरा थापा र स्वस्तिका विष्टको जोडीले हिन्द अल मुदाहका र मुबारकाको जोडीलाई ४-६, ७-५ र ११-९ ले पाखा लगाए ।

मञ्चलाई कर्मचारी संघको स्वागत

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप) कर्मचारी संघले बिहीबार नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)को नवनिर्वाचित पदाधिकारी र सदस्यलाई बधाई दिएको छ । राखेप कर्मचारी संघकी अध्यक्ष सरस्वती केसी भण्डारीले राखेप कर्मचारी र खेल पत्रकारको कार्यक्षेत्र फरक भए पनि दुवै श्रमजीवी भएको बताइन् । एनएसजेएफका अध्यक्ष निरञ्जन अधिकारीले राखेपसँग अलग भएर खेल पत्रकार रहन नसक्ने भएकाले राखेपसँग स्वतः सम्बन्ध बन्ने बताएका छन् । राखेप कर्मचारी संघका पूर्वअध्यक्ष रञ्जन थापाले विश्लेषणात्मक लेखका कारण नेपाली खेलकुदको विकासमा खेल पत्रकारबाट राम्रो योगदान हुने बताए ।

कास्कीले गोरखालाई हरायो

कास्की/ कास्कीले गण्डकी प्रदेशस्तरीय पुरुष टी-२० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित हात पारेको छ । प्रतियोगिताअर्न्तगत समूह 'बी'मा कास्कीले बुधबार आफ्नो दोस्रो खेलमा गोरखालाई १० विकेटले पराजित गरेको हो । कास्कीले पहिलो खेलमा पर्वतलाई २० रनले पराजित गरेको थियो । गोरखाले १९.५ ओभरमा १० विकेट गुमाएर ९० रन बनाएको थियो । कास्कीले ८.४ ओभरमा विनाविकेटको क्षतिमा ९४ रन जोडेको थियो । गोरखाका स्वरुपराज श्रेष्ठले १४ बलमा २१ रन र मेहुल श्रेष्ठले ४५ बलमा १८ रन बनाएका थिए । कास्कीका लागि म्यान अफ दी म्याच अनिल गुरुङ नटआउट ५१ रन बनाए । उनले २७ बलमा ६ चौका र तीन छक्का प्रहार गरे । अर्जुन कुमालले २५ बलमा ३९ रन बनाएका थिए ।

कास्कीका सुवास भण्डारीले ३.५ ओभरमा ११ रन खर्चेर तीन विकेट लिए । अर्को खेलमा पर्वतले नवलपुरलाई १५ रनले पराजित गऱ्यो । पर्वतले २० ओभरमा नौ विकेट गुमाएर एक सय ३१ रनको योगफल तयार गऱ्यो । नवलपुरले १८.५ ओभरमा सबै विकेट गुमाएर एक सय १६ रन मात्र बनायो । पर्वतका अभिषेक थापाले ४० बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ५२ रन बनाए ।

फलुमिन्ससँग डर्टमन्डको गोलरहित बराबरी



एजेन्सी/ फिफा क्लब विश्वकप २०२५ को समूह चरणअन्तर्गत जर्मन क्लब बोरुसिया डर्टमन्डले गोलरहित बराबरी नतिजा निकालेको छ । लिग चरणअन्तर्गत बोरुसियाले ब्राजिलियन क्लब फलुमिन्ससँग प्रतिस्पर्धा गरेको थियो । जर्मन क्लबले प्राप्त अवसरमा गोल गर्न नसक्दा अंक बाँड्यो । अमेरिकाको मेटलाइफ रंगशालामा भएको खेलमा दुवै टोलीले रक्षात्मक रणनीति अपनाएको थियो । अर्कोको खेलमा अर्जेन्टिनाको रिभर प्लेटले जापानको उरावा रेड डाइमन्ड्सलाई ३-१ ले हरायो । समूह 'ई' मा जित हात पारेको रिभर प्लेटले तीन अंक जोड्यो । समूह 'एफ'अन्तर्गत दक्षिण अफ्रिकाको मामेलोदी सन्डाउन्सले दक्षिण कोरियाको उल्सान हुन्डाईलाई १-० ले हरायो । इटलीको इन्टर मिलानले मेक्सिकोको मोन्टेरेसँग १-१ को बराबरी खेल्यो ।

महिला एसिया कप छनोटको तयारीमा जुट्दै नेपाल

नयाँ पत्रिका

नेपाली महिला फुटबल टोली एसियन कपको छनोट प्रतियोगिताको तयारीमा जुटेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले बेल्जियन प्याट्रिक डी वाइल्डलाई टोलीको जिम्मेवारी दिएपछि महिला खेलाडीले प्रशिक्षण थालेका हुन् । प्रो लाइसेन्स प्रशिक्षक प्याट्रिकले नेपाललाई समूह 'एफ'बाट एसिया कपमा पुऱ्याउने लक्ष्य राखेका छन् । एसिया कपको छनोट २९ जुनदेखि उज्वेकिस्तानमा हुनेछ ।

नेपालको समूहमा आयोजक उज्वेकिस्तान, लाओस र श्रीलंका छन् । नेपालले २९ जुनमा लाओससँग प्रतिस्पर्धा गर्नेछ । छनोट चरणमा सहभागी राष्ट्र आफ्नो समूहमा विजेता हुँदा अर्को वर्ष अस्ट्रेलियामा हुने एसिया कपमा प्रतिस्पर्धा गर्न अवसर पाउनेछ । प्रशिक्षक प्याट्रिकले दशरथ रंगशालामा खेलाडीलाई प्रशिक्षण दिएको एन्फाले जनाएको छ । 'नेपाली महिला टोलीले फुल स्पिरिटमा प्रशिक्षण गरिरहेको छ,' एन्फाले भनेको छ ।

प्याट्रिकलाई राजेन्द्र तामाङ, भगवती थापा र सुरज लामाले सहयोग गरिरहेका छन् । यसअघि तामाङले नेपाली टोलीको मुख्य प्रशिक्षकका रूपमा काम गरेका थिए । फिफा र एएफसीले राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षक बन्न प्रो-लाइसेन्स अनिवार्य गरेको छ । एन्फामा उपलब्ध प्रशिक्षकहरूसँग प्रो-लाइसेन्स छैनन् । यसकारण, एन्फाले प्रो-लाइसेन्स भएका विदेशी प्रशिक्षकलाई नियुक्त गरेको हो ।

> उज्वेकिस्तानमा २९ जुनदेखि सुरु हुने एसिया कप छनोटमा नेपाल समूह 'एफ'मा छ । समूह विजेताले अर्को वर्ष एसिया कप खेल्नेछ ।

एसिया कपको तयारीका लागि विभिन्न राष्ट्रमा लिग खेलिरहेका नेपालका चर्चित खेलाडी पनि प्रशिक्षणमा सहभागी भएका छन् । अबुधाबी काउन्टी क्लबमा आबद्ध स्ट्राइकर रेखा पौडेल, फ्रान्सको लिग वानमा आबद्ध सावित्री भण्डारी र ग्रिसको लिग खेलिरहेकी गोलरक्षक अन्जिला तुम्बापो पनि प्रशिक्षणमा संलग्न रहेको एन्फाले जनाएको छ । यसैगरी, भुटानमा लिग खेल्न पुगेकी पूजा राना पनि नेपाल फर्किसकेकी छिन् । पौडेल आबद्ध क्लबले गत साता लिग उपाधि हात पारेको थियो ।

नेपालले एसिया कपको तयारीस्वरूपमा थाइल्यान्डसँग मैत्रीपूर्ण खेल खेल्यो । दुईपटक फिफा महिला विश्वकप फुटबल प्रतियोगिता खेलेको थाइल्यान्डसँग नेपाल २-० ले पराजित भएको थियो । नेपाली खेलाडी आफूभन्दा माथिल्लोस्तरको टोलीसँग प्रतिस्पर्धा गर्दै अनुभवप्राप्त गरेका थिए ।

बिग बास लिगको ड्राफ्टमा नेपालका ६ खेलाडी

नयाँ पत्रिका

अस्ट्रेलियामा आयोजना हुने बिग बास लिगको विदेशी खेलाडी ड्राफ्टमा नेपालका ६ खेलाडी परेका छन् । १५औं संस्करणको बिग बासमा विदेशी खेलाडीको ड्राफ्ट बुधबार सार्वजनिक भएको हो । जसमा नेपालका सन्दीप लामिछाने, देव खनाल, शेर मल्ल, विपिन शर्मा, आरिफ शेख र अर्जुन साउद ड्राफ्टमा परेको बिग बासले जनाएको छ ।

नेपालका पूर्वकप्तान तथा लेग स्पिनर लामिछानेले यसअघि बिग बास लिग खेलिसकेका छन् । पछिल्ला सिजन भने उनी लिगमा आबद्ध थिएनन् । उनले बिग बासमा मेलबर्न स्टार र होर्बट हरिकेन्सबाट खेलिसकेका छन् । लिगमा उनले ४३ खेलमा ४८ विकेट लिएका छन् । ड्राफ्टका लागि खेलाडी स्वयंले आफ्नो न्यूनतम तलब राख्दै मनोनयन गरेका छन् ।

यद्यपि, सहभागी फ्रेन्चाइज टोलीले माथिल्लो श्रेणीमा छनोट गर्न सक्छन् । खेलाडीले श्रेणीअनुसार न्यूनतम एक लाख ३० हजार अस्ट्रेलियन डलरदेखि अधिकतम चार लाख २० हजार अस्ट्रेलियन डलर तलब पाउनेछन् । प्रत्येक टोलीले कम्तीमा दुई र बढीमा तीन विदेशी खेलाडी छनोट गर्न सक्छन् । ड्राफ्टको अन्त्यसम्ममा टोलीमा तीन विदेशी खेलाडी हुनेछन् । बिग बासमा एडिलेड स्ट्राइकर्स, ब्रिसबेन हिट, होबार्ट हरिकन्स, मेलबर्न रेनेगेड्स, मेलबर्न स्टार्स, पर्थ स्कर्चर्स, सिड्नी सिक्सर्स र सिड्नी थन्डर गरी आठ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com